सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ वैशाख २०८०, मंगलबार (9 May 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने नाममा ठगी

खाणलाई नपोल्न बिचौलियाहरूलाई प्रहरी कार्यालयमै भेटेका थिए पूर्वसांसद शेर्पाले

गत १८ चैतमा टेकुस्थित प्रहरी परिसर काठमाडौं पुगेका पूर्वसभासद् आङटावा शेर्पाले 'पैसा फिर्ता गर्ने' भन्दै बयानमा बालकृष्ण खाणलाई नपोल्न बिचौलियाहरूलाई आग्रह गरेका थिए।

सुरुमा तीन बिचौलियाले इन्कारी बयान दिए पनि सानु भण्डारीले भने 'पैसा पनि खाने, काम पनि नगर्ने, उल्टै हामीलाई नै थुनाउने' भन्दै खाणलाई एक करोड २४ लाख बुझाएको बताएका थिए।



● पूर्वगृहमन्त्री बालकृष्ण खाण भन्छन्-

केही दिनमा सबै प्रस्ट पार्छु



पक्राउ परेकाहरूलाई भेट्न मैले कसैलाई पठाएको छैन, न मेरो त्यो प्रकरणमा कुनै संलग्नता छ। म अहिले बुटवलमा छु। फर्केर केही दिनमा सबै कुरा प्रस्ट पार्छु।

नवराज मैनाली/नयाँ पत्रिका

भुटानी शरणार्थीको नाममा अमेरिका पठाइदिने भन्दै ठगी गर्ने गिरोहबाट रकम लिएका उच्चपदस्थहरू मुद्दाबाट जोगिन पक्राउ गरिएका बिचौलियाहरूलाई प्रभावित पार्ने प्रयासमा छन्। अभियुक्तहरूलाई भेटेरै उनीहरूले 'पैसा फिर्ता गर्ने' आश्वासन दिएका छन्।

काग्रेसका पूर्वसांसद आङटावा शेर्पाले पक्राउ परेका अभियुक्तलाई भेटेर पैसा फिर्तासम्बन्धी 'डिल' गरेको स्रोत बताउँछ। बयानका क्रममा पूर्वगृहमन्त्री बालकृष्ण खाणको नाम नलिन भन्दै उनले पैसा फिर्ता गरिदिने आश्वासन दिएका थिए। गत १८ चैतमा टेकुस्थित जिल्ला प्रहरी परिसर काठमाडौं पुगेका शेर्पाले अभियुक्तहरूलाई भेटेर त्यससम्बन्धी कुरा गरेको स्रोत बताउँछ।

> भ्रष्टाचार काण्डमा पूर्वाग्रह र 'हिरोइजम' एमालेलाई सह्य छैन : ओली

सुरुमा बिचौलियाहरू केशव दुलाल, टंक गुरुङ र सागर राईले इन्कारी बयान पनि दिएका थिए। तर, सानु भण्डारीले खाणलाई पनि पैसा बुझाएको बयान दिए। आफूहरूको पैसा पनि खाएको, काम पनि नगरी उल्टै थुनाएको भन्दै उनले ठगीमा सघाउने सबैको नाम पोलेका थिए। उनले खाणलाई एक करोड २४ लाख बुझाएको दाबी गरेका छन्। शेर्पाले हिरासतमा बिचौलियाहरूलाई भेटेको दुई-चार दिनमै केही रकम फिर्ता पनि गरिएको स्रोतको भनाइ छ। 'केही पैसा फिर्ता पनि गरेको भन्ने सूचना आएको छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका एक अधिकृतले भने, 'तर, प्रमाण भेटियो भने पैसा फिर्ता हुँदैमा मुद्दाबाट उन्मुक्ति मिल्दैन।'

रामेछापका कांग्रेस नेता शेर्पा ०७० मा संविधानसभा सदस्य थिए। उनी ठेकेदार पनि हुन्। केही दिनयता उनी मोबाइल 'स्विचअफ' गरेर बसेका छन्। प्रहरीले यो विषयलाई पनि अनुसन्धानकै दायरामा राखेको छ। त्यसैले औपचारिक रूपमा प्रहरी यसबारे केही बोलेको छैन।

बिचौलिया भण्डारीलाई प्रहरीले गत वर्षको जेठमा पनि पक्राउ गरेको थियो। तर, पैसा खाने उच्चपदस्थहरूको समेत पोल खोलिदिने

» पृष्ठ ११ मा क्रमशः

■ टोपबहादुरलाई पक्रन देशभर परिपत्र, आइजिपीको अमेरिका भ्रमण रद्द



ठगीमा आफ्नो संलग्नता नरहेको र प्रहरीलाई अनुसन्धानमा सघाउने बताएका एमाले सचिव तथा पूर्वमन्त्री टोपबहादुर रायमाझी अझै फरार छन्। पाँच दिनसम्म पनि सम्पर्कमा नआएपछि प्रहरीले उनलाई पक्रन देशभर परिपत्र गरेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंले यससम्बन्धी परिपत्र गरेको हो। साथै पक्राउका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लगायतका निकायबाट पनि प्रहरी परिचालन गरिएको छ। पक्राउ पुर्जी जारी भएको समाचार सार्वजनिक हुँदा गत बुधबार रायमाझी गृहजिल्ला अर्घाखाँचीको एक कार्यक्रममा सभामुख देवराज घिमिरेसँगै थिए। त्यही दिन उनी 'काठमाडौं गएर प्रहरीलाई सघाउने' भन्दै काठमाडौंका लागि हिँडेका थिए। तर, त्यही साँझ छोरा सन्दीप पक्राउ परेपछि उनी बिहीबार बिहानदेखि फरार भएका थिए।

उता, सोही मुद्दाका कारण नेपाल प्रहरीका आइजिपी वसन्तबहादुर कुँवरले अमेरिका भ्रमण रद्द गरेका छन्। अमेरिकी सरकारले गर्ने 'लिडरसिप एक्सचेन्ज'सम्बन्धी कार्यक्रमको निमन्त्रणमा उनी सोमबार त्यसतर्फ जाने कार्यक्रम तय भएको थियो। भुटानी शरणार्थीसम्बन्धी ठगी मुद्दामा उच्चपदस्थमाथि अनुसन्धान अघि बढेपछि आइजिपी कुँवरले भ्रमण रद्द गरेको स्रोत बताउँछ। प्रहरी सहप्रवक्ता एसएसपी दीपेन्द्र जिसीले आइजिपी कुँवरको भ्रमण रद्द भएको पुष्टि गरे, तर कारणबारे जानकारी नभएको बताए। मन्त्रिपरिषद्ले भ्रमण स्वीकृत गरे पनि सरकारकै सल्लाहमा उनले नजाने निर्णय गरेका हुन्। सो कार्यक्रममा सहभागी हुन एआइजीद्वय किरण बज्राचार्य र सुदीप गिरी तथा डिआइजी रामदत्त जोशीलगायत गएका छन्।

प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की सिफारिस

संसदीय सुनुवाइ समिति गठनको तयारी



सिंहदरबारमा सोमबार बसेको संवैधानिक परिषद्को बैठकमा सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपसभामुख इन्दिरा राना, कानुनमन्त्री धनराज गुरुङ र प्रमुख प्रतिपक्षी दलका नेता केपी ओली। तस्बिरः **प्रदीपराज वन्त**/रासस

> संवैधानिक परिषद्ले १३ जनामध्ये वरिष्ठता र योग्यताका आधारमा कार्कीलाई प्रधानन्यायाधीश नियुक्त गर्न सर्वसम्मत रूपमा सिफारिस गरेको कानुनमन्त्री धनराज गुरुङले बताए



कमलराज भट्ट/नयाँ पत्रिका

१४ महिनादेखि कायममुकायम प्रधानन्यायाधीशको भरमा चलिरहेको सर्वोच्च अदालतले प्रधानन्यायाधीश पाउने बाटो खुलेको छ। सोमबार संवैधानिक परिषद्ले सर्वोच्चका वरिष्ठतम न्यायाधीश (कायममुकायम प्रधानन्यायाधीश) हरिकृष्ण कार्कीलाई वरिष्ठता र योग्यताका आधारमा प्रधानन्यायाधीश सिफारिस गरेको हो।

२७ मंसिरमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले महाभियोगको निलम्बनकै अवस्थामा अवकाश पाएपछि सो पद रिक्त थियो। संवैधानिक परिषद्मा प्रधानमन्त्रीसहित विपक्षी दलको नेता, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र प्रतिनिधिसभाको उपसभामुख सदस्य हुन्छन्। प्रधानन्यायाधीश नियुक्त गर्ने बैठकमा भने प्रधानन्यायाधीशको सट्टा कानुनमन्त्री सदस्य हुन्छन्।

> न्यायपरिषद् बैठकमा ओलीको गुनासो- **चोलेन्द्रशमशेर जबरालाई अन्याय भयो**

संवैधानिक परिषद्को बैठकसम्बन्धी कार्यविधि निष्क्रिय भएर कानुनी रिक्तता भएकै अवस्थामा सहमतिका आधारमा प्रधानन्यायाधीशमा नाम सिफारिस गरिएको हो।

महाभियोग लागेर चोलेन्द्रशमशेर निलम्बनमा पर्दा वरिष्ठताका आधारमा कायममुकायम बनेका दीपककुमार कार्कीले १६ असोजमा अवकाश पाएका थिए। महाभियोगको छिनोफानो नभएकाले त्यसपछि हरिकृष्ण कार्की वरिष्ठताका आधारमा कायममुकायम प्रधानन्यायाधीश बनेका थिए। महाभियोग निष्कर्षमा नपुगी निलम्बनकै अवस्थामा २७ मंसिरमा जबराले अवकाश पाउँदा कायममुकायम जिम्मेवारी सम्हालेका हरिकृष्ण कार्कीसहित १३ न्यायाधीशको नाम न्यायपरिषद्ले प्रधानन्यायाधीशका लागि संवैधानिक परिषद्मा पठाएको थियो।

संवैधानिक परिषद्ले १३ जनामध्ये

» पृष्ठ ११ मा क्रमशः

आफैंले बनाएको कानुन मिचेर दलहरूले संसदीय समितिमा पठाए स्वार्थ बाझिने सांसद

● **एकराम गिरी**
प्रवक्ता, संसद् सचिवालय



दलहरूले नै स्वार्थ बाझिने गरी समितिमा सदस्य नराख्ने भनेर नियमावली बनाउनुभएको हो। नियमावलीको व्यवस्थाअनुसार नै नाम आएको सचिवालयले अपेक्षा गरेको छ।

नयाँ पत्रिका

संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले दुई महिना लगाएर बनाएको प्रतिनिधिसभा नियमावलीमा 'समितिको कार्यक्षेत्रसँग स्वार्थ बाझिने सदस्यलाई सम्बन्धित समितिमा मनोनयन नगरिने' व्यवस्था गरिएको छ। तर, आफैंले बनाएको कानुन मिचेर दलहरूले संसदीय समितिमा स्वार्थ बाझिने गरी सांसदलाई पठाएका छन्।

दफा १७५ (२) मा स्वार्थ बाझिने समितिमा सदस्य हुन नपाउने व्यवस्था गरिए पनि स्वार्थको परिभाषा भने उल्लेख छैन। स्वार्थ बाझिने विषयवस्तु प्रचलित कानुनबमोजिम हुने भनिए पनि स्वार्थसम्बन्धी छुट्टै कानुन छैन। संसद् सचिवालय कानुन महाशाखा प्रमुख सहसचिव लक्ष्मी शर्मा गौतमका अनुसार स्वार्थसम्बन्धी छुट्टै ऐन छैन।

यद्यपि, नियमावली बनाउँदा स्वार्थ बाझिने सांसदलाई समितिमा नपठाउनेमा एकमत भएका दलहरूले व्यवहारमा भने स्वार्थ बाझिने गरी समितिमा सांसदलाई सदस्य बनाएर पठाएका हुन्। प्रतिनिधिसभाले गत शुक्रबार १० वटा विषयगत समिति गठन गर्दै सदस्य मनोनयन गरेको थियो। जसमध्ये स्वार्थ बाझिने गरी आफ्नो पेसा व्यवसायसँग सम्बन्धित कार्यक्षेत्र भएको समितिमा केही सांसदहरू सदस्य मनोनीत भएका छन्।

अर्थ समितिमा अस्पताल र होटेल व्यवसायी रहेकी एमालेकी जुलीकुमारी महतो महासेठ, जलविद्युत् व्यवसायमा संलग्न काग्रेसका दीपक खड्का, काग्रेसकै निर्माण व्यवसायी पूर्णबहादुर तामाङ, फरवार्ड लघुवित्तकी पूर्वअध्यक्ष तथा हाल लगानीकर्ता एमालेकी

» पृष्ठ ११ मा क्रमशः

● **रामहरि खतिवडा**
काग्रेस सांसद



अहिले संसदीय समितिमा स्वार्थ बाझिने गरी साथीहरू जानुभएको छ। व्यक्तिगत स्वार्थभन्दा देशको स्वार्थमा काम गर्ने गरी स्वघोषणा गरेर अलग हुन अनुरोध गर्दछु।

● **महेश बर्तौला**
एमाले सचेतक



स्वार्थ बाझिने गरी हामीले कसैलाई पनि पठाएका छैनौं। तर, छनोट गर्ने क्रममा त्यस्तो परेको रहेछ भने पनि हामी अध्ययन गर्छौं, पार्टीले व्यवस्थित गर्छ। यद्यपि, सम्बन्धित व्यक्तिको स्वार्थ बाझिने हो वा विज्ञता भन्ने परीक्षणचाहिँ गर्नुपर्छ।

● **हितराज पाण्डे**
माओवादी प्रमुख सचेतक



सदनको गरिमा बढाउन स्वार्थ बाझिने विषयलाई दलहरूले ख्याल गर्नुपर्छ। हामीले नियमावलीमा प्रस्ट उल्लेख गरिसकेका छौं। यसलाई सबै दलहरूले पूर्ण रूपमा कार्यान्वयनमा लानुपर्छ।

● **सन्तोष परियार**
रास्वपा प्रमुख सचेतक



डोलप्रसाद अर्यालको व्यवसाय हो, उद्योग होइन भन्ने भएपछि उद्योग समितिमा राखेका हौं। स्वार्थ बाझिने गरी पठाउने कुरै भएन, नियमावलीले पनि दिँदैन। तर, सचिवालय वा सभामुख नियमावलीअनुसार भएन भन्नुभएको खण्डमा त्यसमा वर्कआउट गर्छौं।

■ संसदीय मामिलामा स्वार्थको द्वन्द्वको विषयका अनुसन्धानकर्ता किरण चापागाईं भन्छन्- **अहिलेको व्यवस्थाले स्वार्थको द्वन्द्व व्यवस्थापन हुन सक्दैन**

■ देउवाको निरन्तर 'बाइपास'पछि पार्टीभित्रै निर्णायक संघर्षको तयारीमा महामन्त्रीद्वय थापा र शर्मा



सभापति देउवाबाट अब काग्रेसमा सुधार र रूपान्तरण सम्भव नहुने निष्कर्ष, कार्यकर्ता र जनस्तरबाट दबाब सिर्जना गराउने तयारी

(विस्तृत पृष्ठ ३)

■ साढे नौ महिनामा दुई सय ३५ उद्योग दर्ता

झन्डै दुई खर्बको लगानी प्रतिबद्धता



होटेल, टायल, एयरलाइन्स, केबलकार, चिनी उद्योगदेखि अटो एसेम्बल प्लान्टसम्म भए दर्ता

(विस्तृत पृष्ठ ९)



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बन्चरेडाँडावासी भन्छन्- महानगर र मन्त्रालयले प्रतिबद्धता भुले

फोहोर ढुवानी फेरि रोक्ने चेतावनी

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिका र सहरी विकास मन्त्रालयले एक वर्षअघि फोहोर व्यवस्थापन सम्बन्धमा गरेको प्रतिबद्धता पूरा नगरेको भन्दै बन्चरेडाँडावासीले पुनः आन्दोलनको चेतावनी दिएका छन्। प्रतिबद्धताअनुसार महानगरले सामान्य माग मात्रै पूरा गरेर झारा टार्ने काम गरिरहेको उनीहरूको भनाइ छ। गत जेठमा भएको सहमति अक्षरशः पूरा नभए एक सातापछि फोहोर ढुवानी रोक्ने उनीहरूको चेतावनी छ।

काठमाडौं उपत्यकाको फोहोर सिस्डोल र बन्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ। फोहोर ढुवानी र व्यवस्थापनमा महानगरले लापरबाही गरेको भन्दै सिस्डोल र बन्चरेडाँडावासीले पटक-पटक आन्दोलन गर्दै आएका छन्। यही क्रममा गत वर्ष जेठमा स्थानीयको मागअनुसार प्रभावित क्षेत्रका बासिन्दाको स्वास्थ्य, शिक्षा, रोजगारलगायत अधिकारको ग्यारेन्टी गर्ने सहमति भएको थियो। स्थानीय राममणि घिमिरेका अनुसार सहमति पूरा गर्न महानगर र केन्द्र सरकार जिम्मेवार बनिरहेका छैनन्। 'महानगरले सजिला माग मात्रै पूरा गरेको छ, यहाँका स्थानीयको जीवनसँग जोडिएका मुख्य र महत्त्वपूर्ण माग पूरा गरेको छैन,' उनले भने, 'केन्द्र सरकार र महानगरले यसअघि गरेका प्रतिबद्धता पूरा गर्नैपर्छ।'

बन्चरेडाँडावासीले गत १ भदौमा पनि काठमाडौं उपत्यकाको फोहोर ढुवानी गर्न नदिने चेतावनी दिएका थिए। त्यसपछि बन्चरेडाँडा संघर्ष समिति, स्थानीयवासी, काठमाडौं महानगरपालिका र सहरी विकास मन्त्रालयबीच माग पूरा गर्नेबारे सहमति भएको थियो। तर, हालसम्म पनि मुख्य माग पूरा नभएको स्थानीयवासी र त्यस क्षेत्रका जनप्रतिनिधिको भनाइ छ। ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङले मुख्य मागप्रति बेवास्ता भइरहेको आरोप लगाए। 'उपत्यकाको फोहोरका कारण स्थानीयवासीको जीवन दयनीय र जोखिमपूर्ण बनिरहेको छ,' उनले भने, 'महानगरले सामान्य माग मात्रै पूरा गरेको छ, त्यसकारण फोहोर ढुवानी अवरोधलगायतका कार्यक्रम सुरु हुँदै छन्।' गत शनिबार स्थानीयवासी, ककनी गाउँपालिका र धुनिबेंसी नगरपालिकाबीच केन्द्र सरकारले माग पूरा नगरेकोबारे छलफल भएको थियो। काठमाडौं महानगर र सहरी विकास मन्त्रालयले प्रतिबद्धता पूरा नगरे अब फेरि फोहोर ढुवानी रोक्ने र थप आन्दोलनका कार्यक्रम अघि बढाइने निर्णय भएको थियो। यसका लागि २६ जेठ ०७९ मा भएको सहमति कार्यान्वयन गर्न एक साता कुर्ने निर्णय पनि भएको छ।



उपत्यकाको फोहोरका कारण स्थानीयवासीको जीवन दयनीय र जोखिमपूर्ण बनिरहेको छ। महानगर र मन्त्रालयले सामान्य माग मात्रै पूरा गरे, मुख्य मागप्रति बेवास्ता गरिरहेका छन्। माग तत्काल पूरा नभए फोहोर ढुवानीमा अवरोध हुन्छ।

● **सुमन तामाङ**, अध्यक्ष, ककनी गाउँपालिका



सहमति पूरा गर्न महानगर र केन्द्र सरकार जिम्मेवार बनिरहेका छैनन्। स्थानीयको जीवनसँग जोडिएका मुख्य र महत्त्वपूर्ण माग पूरा भएको छैन। केन्द्र सरकार र महानगरले यसअघि गरेका प्रतिबद्धता पूरा गर्नैपर्छ।

● **राममणि घिमिरे**, स्थानीय, बन्चरेडाँडा



स्थानीयसँग गरेको सहमतिमध्ये अधिकांश पूरा भइसके। धेरै माग पूरा गरिसक्दा पनि सर्तमाथि सर्त थपिरहेका छन्। बाँकी माग पनि पूरा हुन्छन्।

● **रविनमान शाक्य**, वातावरण विभाग प्रमुख, काठमाडौं महानगरपालिका

के-के माग पूरा भए, के-के भएनन् ?

स्थानीयवासीको मागअनुसार काठमाडौं महानगरले फोहोर प्रभावित क्षेत्र सिसडोल र बन्चरेडाँडाको वातावरणीय अध्ययन, लिच्चड चुहिन नदिने, स्थानीयलाई कृषि तथा बाली क्षतिपूर्ति, फोहोर क्यापिङ गर्न नयाँ डोजर खरिद, विषादी छर्कन पम्प वितरणलगायत तयारी गरेको छ।

यसबाहेक ढुवानीमा टाइमकार्ड, स्थानीयवासीको स्वास्थ्य बिमा, बिजुली बत्तीको व्यवस्था, सडक कालोपत्रेलगायत काम गरिसकेको छ। तर, अन्य मुख्य माग पूरा नगरेको भन्दै स्थानीयवासीले फेरि फोहोर ढुवानीमा अवरोध गर्ने बताएका छन्। यसबाहेक फोहोर क्यापिङ, प्रभावित क्षेत्रको पहिचान भएपछि जग्गा अधिग्रहण, मुआब्जा वितरण, अति जटिल रोग लागेकालाई महानगरवासीसरह सुविधा दिनुपर्ने, प्रभावित क्षेत्रको विकास निर्माणका लागि महानगरले हरेक वर्ष बजेट विनियोजन गर्नुपर्ने, फोहोरलाई स्रोतबाट वर्गीकरण गर्नुपर्ने, प्रभावित क्षेत्रमा शिक्षाको गुणस्तरका लागि महानगरले पहल गर्नुपर्ने, प्रभावित क्षेत्रलाई हरियाली पार्नुपर्ने, प्रभावित क्षेत्रमा कृषि प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने र बन्चरेडाँडावरपरका घरको क्षतिपूर्ति दिनुपर्नेलगायत माग महानगर र सहरी विकासले पूरा गर्न सकेका छैनन्। सोही काम पूरा हुनुपर्ने भन्दै स्थानीयले फेरि फोहोर रोक्ने चेतावनी दिएका हुन्।

यस्ता थिए सहमति

- रातिको समयमा फोहोर फाल्ने र त्यसका लागि आवश्यक सडकबत्ती जडान गर्नुपर्ने।
- सिसडोल तथा बन्चरेडाँडामा फोहोरको दुर्गन्ध नआउने गरी महानगरपालिकाले एक महिनाभित्र व्यवस्थापन गर्ने।
- फोहोरबाट निस्कने लिच्चड खोलामा नमिसाउने, दुई महिनाभित्र वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने।
- फोहोरका गाडीबाट लिच्चड नचुहिने व्यवस्था गर्ने।
- फोहोरमैला प्रभावित क्षेत्रको अध्ययन गर्ने र अति प्रभावित क्षेत्र छुट्याउने।
- सिसडोलको फोहोर पाँच महिनाभित्र क्यापिङ गर्नुपर्ने।
- प्रभावित क्षेत्रको पहिचान भएपछि जग्गा अधिग्रहण, मुआब्जा वितरणलगायतका काम गर्ने।
- फोहोरमैला व्यवस्थापनमा संलग्न चालक तथा सहचालक र कर्मचारीहरूको महानगरले स्वास्थ्य बिमा गर्नुपर्ने र अति जटिल रोग लागेकाहरूलाई महानगरवासीसरह सुविधा दिनुपर्ने।
- प्रभावित क्षेत्रको विकास निर्माणका लागि महानगरले हरेक वर्ष बजेट विनियोजन गर्नुपर्ने।
- फोहोरलाई स्रोतबाट वर्गीकरण गर्नुपर्ने।
- प्रभावित क्षेत्रमा शिक्षाको गुणस्तरका लागि महानगरले पहल गर्नुपर्ने।
- प्रभावित क्षेत्रलाई हरियाली पार्नुपर्ने।
- प्रभावित क्षेत्रमा कृषि प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने र बन्चरेडाँडावरपरका घरको तीन महिनाभित्र क्षतिपूर्ति दिनुपर्ने।
- फोहोर बिसर्जन क्षेत्रको बाटो सहज बनाउनुपर्ने।
- प्रभावित क्षेत्रमा ओहोरदोहोर गर्न वैकल्पिक सडक निर्माणका लागि पहल गर्नुपर्ने।

टुकुचा खोलाको लगत कट्टा गर्न भूमि मन्त्रालयलाई पत्र

काठमाडौं/ उच्च अदालत पटनको आदेशसँगै टुकुचा खोलाआसपासमा रहेका जग्गाको लगत कट्टा गर्न काठमाडौं महानगरले भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्र पठाएको छ। टुकुचा क्षेत्रमा रहेका व्यक्तिका जग्गाको लगत कट्टा गरेपछि मात्रै खुला गर्न सकिने भन्दै महानगरले सोमबार मन्त्रालयलाई पत्र पठाएको हो।

महानगरका अनुसार जग्गाको लगत कट्टा गरिदिने कार्य मन्त्रालयको हो। त्यसपछि खोला क्षेत्रमा बनेका संरचना हटाउने र खोला खुला महानगरले गर्नेछ। हात्तीसार क्षेत्रमा टुकुचा खोला र खोलाको बहाब क्षेत्रभित्रको जग्गा ब्रुटिवश व्यक्तिविशेषको नाममा दर्ता रहन गएको देखिएको हुँदा यथाशीघ्र व्यक्तिविशेषको नाममा दर्ता रहेको उक्त लगत कट्टा गर्नुपर्ने महानगरको पत्रमा उल्लेख छ। 'सार्वजनिक प्रयोजनमा रहने गरी प्रबन्ध गर्ने सम्बन्धमा आवश्यक कारबाहीका लागि मालपोत ऐन, ०३४ को दफा २४ को प्रयोजनार्थ अनुरोध गरिन्छ,' महानगरले भनेको छ, 'मालपोत ऐन, ०३४ को दफा २ ले नदी, खोलानाला तथा सोको क्षेत्राधिकारको जग्गालाई सरकारी र सार्वजनिक जग्गा मानेको छ।'

सोही ऐनको दफा २४ (२) ले सरकारी सार्वजनिक जग्गा व्यक्तिविशेषका नाममा दर्ता हुन गएमा त्यस्तो दर्ता स्वतः बदर हुने र सम्बन्धित मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले सोको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। सो कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी काठमाडौं महानगरपालिका वडा नम्बर १ हात्तीसार क्षेत्रमा टुकुचा खोलाको जग्गा व्यक्तिविशेषका नाममा दर्ता कायम रहन गएको अवस्था पत्रमार्फत जानकारी गराएको हो। मन्त्रिपरिषद्को १ मंसिर ०६५ को निर्णयले कुनै पनि खोला, खोल्सी र राजकुलो छोप्न बन्देज लगाएको छ।

सडक अस्तव्यस्त भएकोमा भैंसेपाटीवासीको प्रदर्शन

ललितपुर/ मेलम्चीको पाइप फुटेर भैंसेपाटी सडक लामो समयदेखि अस्तव्यस्त बनेको भन्दै स्थानीयले प्रदर्शन गरेका छन्। तत्काल पाइप र सडक मर्मत गर्नुपर्ने भन्दै नक्खु र भैंसेपाटी क्षेत्रका बासिन्दाले सोमबार प्रदर्शन गरेका हुन्।

उनीहरूले सडकमा ह्युमपाइप तेर्स्याएर सवारी आवागमनसमेत रोकेका छन्। उक्त सडकखण्डको नख्खु पुलदेखि भैंसेपाटी उकालोसम्म सडक अस्तव्यस्त छ। काठमाडौं उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत विस्तार हुँदै गरेको भैंसेपाटी सडक जीर्ण बनेकाले तत्काल व्यवस्थित गर्नुपर्ने उनीहरूको माग छ। 'यो सडक वर्षौंदेखि अस्तव्यस्त छ, यसबारे केन्द्र सरकारको ध्यान जानुपर्छ,' भैंसेपाटीका अशोक महर्जनले भने, 'पटक-पटक दबाब दिँदा पनि सडक बनेको छैन, त्यसैमाथि मेलम्ची पाइप पनि फुटेको छ।' आयोजनाले केही क्षेत्रमा कालोपत्रे र मर्मत-सम्भार गरे पनि सहरी क्षेत्रका सडक अझै बन्न सकेका छैनन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं., २१३५९/०६३ अन्तर्गत मिति २०६३/०९/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ३ स्थित **प्रसाई धान कॉंठा खरिद विक्री केन्द्र** **प्रोप्राईटर तथा जमानतकर्ता: राम प्रसाद प्रसाई**	१) नन्दलाल प्रसाईको नाति, कृष्ण प्रसाद प्रसाईको छोरा, मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, रतुवामाई न.पा. वडा नं. ७ बस्ने राम प्रसाद प्रसाई को नाममा मालपोत कार्यालय रङ्केली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ५ छ (हाल रतुवामाई न.पा. वडा नं. ८), स्थित कित्ता नं. ५८४ र ५८६ को क्षेत्रफल क्रमशः ०-२-१८.५० र ७-३-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) प्रसाई धान कॉंठा खरिद विक्री केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) सीता देवी पाठक स्थायी ठेगाना : मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : मोरङ जिल्ला, रतुवामाई न.पा. वडा नं. ७ बाबु : शिव कुमार पाठक ससुरा: कृष्ण प्रसाद प्रसाई पति : राम प्रसाद प्रसाई	**२) राम प्रसाद प्रसाई** स्थायी ठेगाना : मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : मोरङ जिल्ला, रतुवामाई न.पा. वडा नं. ७ बाबु : कृष्ण प्रसाद प्रसाई बाजे : नन्दलाल प्रसाई
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५२५५३/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२१ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बौद्ध स्थित **डि. के. अभियान इन्टरप्राइजेज प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: घुरेन्द्र प्रसाद कुश्वाहा** स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ६, कपन बाबु : मोहन महतो कोइरी बाजे : अर्जुन महतो कोइरी	**२) घुरेन्द्र प्रसाद कुश्वाहा** स्थायी ठेगाना: पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ६, कपन बाबु : मोहन महतो कोइरी बाजे : अर्जुन महतो कोइरी
	जमानीकर्ताको विवरण	**धितोको विवरण**
	आँचल कुमारी मेहता स्थायी ठेगाना: पर्सा जिल्ला, घोरे गा.वि.स. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ६, कपन बाबु : वीरेन्द्र प्रसाद मेहता ससुरा : मोहन महतो कोइरी पति : घुरेन्द्र प्रसाद कुश्वाहा	१) वीरेन्द्र प्रसाद मेहताकी छोरी, मोहन महतो कोइरीकी बुहारी, घुरेन्द्र प्रसाद कुश्वाहाकी पत्नी, पर्सा जिल्ला, घोरे गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ६, कपन बस्ने आँचल कुमारी मेहताको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं. ३५१ को क्षेत्रफल १४८.३६ (व.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) डि. के. इन्टरप्राइजेज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिँर प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय शंखमुल, काठमाण्डौ, फोन: ०१ ५२०७४८८

को

शाखा कार्यालय शंखमुल, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०१/२६ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय शंखमुल, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना र ७ (सात) दिने अत्यन्त जरुरी सूचना राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०८/३० मा दर्ता नं. २३०३५६/०७६/०७० कायम भई दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ महाराजगंज स्थित **प्रतिफल फर्मा प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१ गणेश बहादुर अधिकारीको नातीनी, दिप बहादुर अधिकारीको छोरी, चितवन जिल्ला, साबिक पार्वतीपुर गा.बि.स वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **गोमा अधिकारी (ना.प्र.प.नं. १२५/०३५, चितवन)**

२ पृथ्वी बहादुर बानियाँको नाती, राजु बानियाँको छोरो, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १८, स्थित स्थायी ठेगाना भएको **श्याम कुमार बानियाँ (ना.प्र.प.नं. ३६९३३, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

श्याम कुमार बानिया र गोमा अधिकारीको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं १८ स्थित कि.नं. १५२३ को क्षेत्रफल ०-११-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०१/२६ गते मंगलवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय शंखमुल, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्यारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८०/०२/०१ गते सोमवार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०२/०२ गते मंगलवार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय शंखमुल, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।
</antocr

देउवाको निरन्तर 'बाइपास'पछि पार्टीभित्रै निर्णायक संघर्षको तयारीमा महामन्त्रीद्वय थापा र शर्मा

सभापतिबाट अब कांग्रेसमा सुधार र रूपान्तरण सम्भव नहुने निष्कर्ष, कार्यकर्ता र जनस्तरबाट दबाब सिर्जना गराउने तयारी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

पार्टी सभापति शेरबहादुर देउवाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टीभित्रै संघर्षको संकेत गरेका छन् । पछिल्लो समय मन्त्री चयनमा देउवाले आफूहरूलाई बाइपास गरेपछि असन्तुष्ट महामन्त्रीद्वय थापा र शर्मा देउवाविरुद्ध दबाबका आन्तरिक तयारीमा लागेका हुन् । महामन्त्री थापाले आइतबार यसबारे सार्वजनिक रूपमै घोषणा गरिसकेका छन् ।

सभापति देउवाले आइतबार कपिलवस्तुका सुरेन्द्रराज आचार्यलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बनाएसँगै महामन्त्री थापाको असन्तुष्टि बाहिरिएको थियो । सभापतिको कार्यशैलीसँग जोडिएर आएको प्रतिक्रियालाई लिएर थापाले उठाउन सक्ने सम्भावित कदमलाई लिएर कांग्रेसमा तरंग सिर्जना भएको छ । 'कहिले प्रक्रिया चित्त बुझेन, कहिले पद्धति, कति निर्णय मन परेनन्, कति आफूले राखेका विषयले प्रवेश नै पाएनन्, धेरैपटक लाग्यो प्रतिरोध गरूँ, तर हरेकपटक सोचेँ, म जिम्मेवारी लिएर बसेको छु, एउटा सीमा छ । त्यसैले कहिले मौन रहेँ त कहिले भित्रै आफ्ना मत र अडान राखेँ, लडेँ, साथीहरूलाई सम्झाएँ, तर अब त अति भयो,' थापाले सामाजिक सञ्जालमा लेखेका थिए ।

महामन्त्री थापानिकट स्रोतका अनुसार उनी अर्का महामन्त्री शर्मासँग मिलेर कांग्रेसभित्र निर्णायक संघर्षको तयारीमा छन् । एक पदाधिकारीका अनुसार महामन्त्रीद्वय सभापति देउवाबाट अब सुधार र रूपान्तरण सम्भव छैन भन्ने निष्कर्षमा पुगेका छन् । यससँगै उनीहरू कार्यकर्ता र जनस्तरबाट दबाब सिर्जना गराउने तयारीमा छन् । तर, हालसम्म के-कस्ता योजना अगाडि बढाउने भन्ने ठोस योजना भने बनिसकेको छैन । 'जनतामा जाने मुद्दामा मात्रै हामीलाई प्रयोग गरियो । पार्टीको निर्णय प्रक्रियामा निरीह बनाइयो । परिस्थिति बदलियो कांग्रेस जहाँको त्यहीँ छ । सभापतिले नचाहँदा महामन्त्रीले मात्रै अबजस लिने अवस्था आउनुहुँदैन,' थापा र शर्माको भनाइ उद्धृत गर्दै ती पदाधिकारीले भने, 'छिट्टै कार्यकर्ता र जनस्तरमा जाने तयारी छ । आन्तरिक गृहकार्यमा हुनुहुन्छ ।'

२१ वैशाखमा सभापति देउवाले तीनजना मन्त्रीको नाम प्रधानमन्त्री प्रचण्डलाई पठाएका थिए । जसमा इतरबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीमा धनराज गुरुङ र युवा तथा खेलकुदमन्त्रीमा डिगबहादुर लिम्बूको नाम पठाइयो । देउवाले आफूनिकट मोहनबहादुर बस्नेतलाई स्वास्थ्य तथा जनसंख्यामन्त्री बनाए । स्वास्थ्यमा प्रदीप पौडेललाई मन्त्री बनाएर पठाउँदा र समावेशी हुने गरी नाम पठाउन महामन्त्रीद्वयको जोड थियो । थापा र शर्माले शपथअघि २२ वैशाखमा पदाधिकारी बैठकमा सभापतिमाथि प्रश्न उठाएका थिए । तर, देउवाले मिलाएर लैजाने भन्दै जवाफ फर्काए ।

बैठकमा महामन्त्री शर्माले कांग्रेस रूपान्तरणका लागि सभापति तयार नभए राजीनामा दिएर कार्यकर्तास्तरबाट रूपान्तरणका लागि दबाब सिर्जना गर्नुको विकल्प नरहेको चेतावनी दिएका थिए । उनले सभापतिले आफूखुसी गर्दै जाने हो भने महामन्त्री भइरहनुको औचित्य नहुने भन्दै खरो रूपमा प्रस्तुत भएका थिए । 'पार्टी रूपान्तरणमा सभापतिज्यू तयार नहुने र सुस्त भइरहने हो भने कहिलेसम्म महामन्त्रीले अबजस लिइरहने ? त्यस्तै हो भने, म महामन्त्रीबाट राजीनामा दिन्छु, सांसद मात्रको भूमिकामा रहन्छु । त्यसवेला पार्टी रूपान्तरणका लागि कार्यकर्तास्तरबाट दबाब दिनुको विकल्प हुनेछैन । सभापतिज्यूले आफूअनुकूलको महामन्त्री बनाउनुस् । अब 'रिफर्म अर रिजाइन नै हो,' धुम्बाराही बैठकमा शर्माको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले नयाँ पत्रिकासँग भने ।

बैठकमा देउवाले पछि मन्त्री बनाउँदा समेट्ने र महामन्त्रीको भूमिकालाई सशक्त बनाउन आफू तयार रहेको आश्वासन दिएका थिए । तर, त्यो वचन सोमबारसम्म पनि टिकेन । देउवाले आचार्यलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बनाए । यसबारे पनि महामन्त्रीहरूलाई जानकारी दिइएन । देउवाले निरन्तर पेलेर निर्णय गर्न थालेपछि १४औँ महाधिवेशनपछि चुप बस्दै आएका महामन्त्रीद्वय थापा र शर्मा आन्तरिक संघर्षको मनस्थितिमा पुगेका हुन् ।

कांग्रेस प्रचण्ड नेतृत्वको सरकारमा गएपछि तीन मन्त्री र एक राज्यमन्त्री इतर समूहलाई दिने वचन देउवाको थियो । उपनिर्वाचनलगत्तै मन्त्रिपरिषद् विस्तार गर्ने तयारी थियो । तर, डा. शेखर कोइरालासँग सहमत भएपछि देउवाले इतरबाट दुईजनालाई मन्त्री बनाए । यससँगै कोइरालाले समेत आफ्नो समूहका लागि पर्याप्त अडान नराखेको भन्दै महामन्त्री थापा असन्तुष्ट बनेको उनीनिकट नेताहरूको भनाइ छ । महामन्त्रीद्वयले युवा नेता प्रदीप पौडेललाई मन्त्री बनाउन चाहेका थिए । तर, त्यसमा न त कोइरालाले साथ दिए, न देउवा नै तयार भए । न त महामन्त्रीले भनेका नाम नै मन्त्री बन्ने अवस्था रह्यो ।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्य महामन्त्रीद्वय थापा र शर्माको अभिव्यक्ति हतासमा आएको बताउँछन् । महामन्त्रीद्वय देखिने गरी संघर्ष गर्न चुकेको उनको भनाइ छ । 'महामन्त्रीहरूबाट आएको अभिव्यक्ति पलायनवादी र समस्याबाट भाग्ने प्रकृतिको छ । उहाँहरू पार्टी संरचनाबाट भन्दा पनि पब्लिक प्रेसरबाट महामन्त्रीमा आउनुभएको हो । कांग्रेसको संरचनाले हो भने उहाँहरूलाई यो भूमिकामा सम्भव थिएन । भावी नेतृत्वका रूपमा विश्वास गरेर जनस्तर र कार्यकर्ताबाट अनुमोदन भएका युवा नेताहरू यति छिट्टै थाक्नु हुँदैनथ्यो । पुराना र नयाँ पुस्ताको शक्तिसंघर्ष सधैँ चलिरहन्छ । उहाँहरू नयाँ तौरतरिकाबाट लड्न तयार हुनुपर्छ, यसरी भाग्ने होइन । ठीक मुद्दा उठाएर लड्ने हो, लडेको पनि देखिनुपर्छ । उहाँहरूमा त्यो देखिएन आवेगका भरमा यस्ता अभिव्यक्ति आए,' आचार्य भन्छन् ।

नेता प्रदीप पौडेल महामन्त्रीद्वय थापा र शर्माको अभिव्यक्तिलाई लिएर पार्टीमा सुधारको आवश्यकतालाई अभिव्यक्त गरेको बताउँछन् । उनले अब रूपान्तरणको विषयमा छलफल भइरहेको जानकारी दिए । पार्टी यथास्थितिमा चल्दैन । पार्टीमा निराशा छाएको अवस्था छ । कांग्रेसमा सुधार जरुरी छ । अब नेतृत्वलाई मर्यादा पुर्‍याउने कि अथवा नेतृत्व चिढिन्छ कि अथवा म जिम्मेवार मान्छे हुँ यो सिस्टमभित्रै बसेर कहिले बदलिन्छ पर्खेर बस्नुपर्छ भन्ने स्थिति अब हुनुहुँदैन । अब सुधार गर्न सक्रिय हुनुपर्छ । के-कस्ता अभियानबाट पार्टीमा सुधार गर्न सकिन्छ छलफलकै क्रममा छौँ,' उनले भने ।

राजनीतिक विश्लेषक गेजा शर्मा वाग्ले आफूलाई चाहिने समयमा प्रयोग मात्र हुने र केही कुरा पनि सुनुवाइ नहुने अवस्थाका कारण महामन्त्रीद्वयको यस्तो आवाज बाहिर आएको बताउँछन् । नेतृत्वबाट निर्णय प्रक्रियामा आफूखुसी निर्णय लिँदा थापा र शर्माले फरक ढंगले चल्न खोजेको उनको भनाइ छ । 'यदि पार्टीमा रूपान्तरण, पुस्तान्तरण र सुधार नभए कांग्रेस र गगन-विश्वजीहरूको भविष्यमाथि समेत प्रश्नचिह्न खडा हुने भएकाले उहाँहरूले अब पार्टी र आफ्नै भविष्यका लागि निर्णायक पहल र संघर्ष गर्नुभन्दा अर्को श्रेष्ठ विकल्प छैन,' उनले भने ।

केवल कांग्रेस रूपान्तरण र सुधारको मात्रै होइन, कांग्रेस शुद्धीकरणको एजेन्डालाई समेत सशक्त रूपमा उठाउनुपर्ने देखिएको वाग्लेले बताए । 'उहाँहरू केवल कार्यकर्ता पंक्तिमा मात्रै होइन, कांग्रेस रूपान्तरण, पुस्तान्तरण, सुधार तथा शुद्धीकरणको एजेन्डा लिएर जनतासमक्ष नै जानुपर्छ, त्यसैले उहाँहरूले समुन्नत नेपाल तथा कांग्रेस रूपान्तरणको स्पष्ट मार्गचित्र लिएर जनतासमक्ष जानु उपयुक्त हुनेछ,' उनले भने ।

शेखर-गगन समूहका नेता गुरुराज घिमिरे महामन्त्रीद्वयको भनाइलाई तत्कालका लागि सकारात्मक नै लिनुपर्ने बताउँछन् । महामन्त्रीद्वय थापा र शर्माबाट रूपान्तरण गर्ने या निकास दिने भन्ने आशयको अभिव्यक्ति आएकाले समयले पुष्टि गर्ने उनको भनाइ छ । 'उहाँहरूले नै काम गर्न सक्नुभएन भन्ने रियलाइजेसन भएको अवस्था छ । कोसिस गर्दागर्दै पनि गर्न सकिएन भन्ने अभिव्यक्ति आएको छ । या त रूपान्तरण गर्ने या निकास दिने भन्ने उहाँहरूको आशय देखिन्छ । के गर्नुहुन्छ समयक्रमले बताउला । अहिलेलाई सकारात्मक नै मान्नुपर्छ,' उनले भने ।

नेता डा. नारायण खड्का महामन्त्री तहका पदाधिकारीबाट पार्टीमा पर्याप्त छलफल नगरी यस्ता अभिव्यक्ति बाहिर आउनु उचित नहुने बताउँछन् । पदाधिकारीले आफ्नो जिम्मेवारीसमेतको बोध गर्नुपर्ने उनको भनाइ छ । 'पदाधिकारी तहमा अवश्य पनि बढी जिम्मेवारी हुन्छ । यस्ता विषय पार्टी बैठकमा छलफल गरेर टुंगो लगाउनुपर्छ । पार्टीमा धेरै समस्या हुन सक्छन्, छलफल गरेर टुंगोमा पुऱ्याउनुपर्छ,' उनले भने ।



गगन र विश्वप्रकाशका असन्तुष्टि

- देउवाबाट रूपान्तरण सम्भव नभएको निष्कर्ष, शेखरसँग पनि असन्तुष्टि
- महामन्त्रीको भूमिकालाई निरीह बनाइयो
- महाधिवेशनपछि सभापतिको भूमिका प्रभावकारी भएन
- सभापतिको अधिकार क्षेत्रमा पर्ने विभाग गठन, भ्रातृ संस्थाको अपूर्णता



प्रदीप पौडेल, नेता, कांग्रेस

पार्टी यथास्थितिमा चल्दैन । पार्टीमा निराशा छाएको अवस्था छ । कांग्रेसमा सुधार जरुरी छ । अब नेतृत्वलाई मर्यादा पुर्‍याउने कि अथवा नेतृत्व चिढिन्छ कि अथवा म जिम्मेवार मान्छे हुँ यो सिस्टमभित्रै बसेर कहिले बदलिन्छ पर्खेर बस्नुपर्छ भन्ने स्थिति अब हुनुहुँदैन । अब सुधार गर्न सक्रिय हुनुपर्छ । के-कस्ता अभियानबाट पार्टीमा सुधार गर्न सकिन्छ छलफलकै क्रममा छौँ ।



पुरञ्जन आचार्य, राजनीतिक विश्लेषक

महामन्त्रीहरूबाट आएको अभिव्यक्ति पलायनवादी र समस्याबाट भाग्ने प्रकृतिको छ । उहाँहरू पार्टी संरचनाबाट भन्दा पनि पब्लिक प्रेसरबाट महामन्त्रीमा आउनुभएको हो । कांग्रेसको संरचनाले हो भने उहाँहरूलाई यो भूमिकामा सम्भव थिएन । भावी नेतृत्वका रूपमा विश्वास गरेर जनस्तर र कार्यकर्ताबाट अनुमोदन भएका युवा नेताहरू यति छिट्टै थाक्नु हुँदैनथ्यो । पुराना र नयाँ पुस्ताको शक्तिसंघर्ष सधैँ चलिरहन्छ ।



संसद्‌मा अमरेशको अशोभनीय व्यवहार

सभामुखले कारबाहीको चेतावनी दिएपछि कपडा लगाएर बाहिरिए

नयाँ पत्रिका

सांसद अमरेशकुमार सिंहले कार्यव्यवस्था परामर्श समितिको सहमतिविपरीत संसद्‌मा अशोभनीय व्यवहार देखाएका छन् । सरकारले प्रस्तुत गरेको आगामी बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तावमाथिको छलफलमा केन्द्रित हुने भन्दै कार्यव्यवस्था समितिले सोमबार आकस्मिक र विशेष समय उपलब्ध नगराउने निर्णय गरेको थियो ।

जनमत पार्टीकी प्रमुख सचेतक अनिता देवीका अनुसार समसामयिक कुरा राख्न शून्य समय दिने र आगामी बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तावमाथिको छलफलमा केन्द्रित हुने सहमति कार्यव्यवस्थामा भएको थियो । त्यसविपरीत सांसद सिंहले प्रतिनिधिसभा बैठक प्रारम्भ हुँदै गर्दा आकस्मिक समय मागेर संसदीय मर्यादाविपरीत अशोभनीय व्यवहार देखाए । प्रारम्भमा बैठक कक्षको दायाँतर्फ प्रेम सुवाल, बीचमा अर्जुननरसिंह केसी र बायाँतर्फ सिंह उठेका थिए ।

आकस्मिक समयमा बोल्न पाउनुपर्ने माग गरेपछि सभामुख देवराज घिमिरेले 'आकस्मिक र विशेष समय नराखेको र नियमित कारबाही जाने भएकाले सहयोग गरिदिन' भनेर कार्यव्यवस्थाको निर्णय जानकारी गराए । कांग्रेसका केसी आफ्नो सिटमा बसे । तर, सुवाल र सिंह अटेरी गरेर उठिरहे । सभामुख घिमिरेले नियमावलीलाई ख्याल गरेर बैठक सञ्चालन गर्न आग्रह गरे । अझै अटेरी गरेपछि सभामुख घिमिरेले नियमावलीको नियम २० (झ)को 'बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने' व्यवस्था स्मरण गराए । यतिले पनि सुवाल र सिंह नबसेपछि सभामुखले 'अब नियमित कार्यलाई अगाडि बढाउन चाहन्छु, शून्य समयको कार्यक्रम प्रारम्भ हुन्छ, शून्य समयमा बोल्नलाई एक मिनेटको समय निर्धारण गरिएको छ, कारबाही अगाडि बढाउन बसिदिन अनुरोध गर्छु,' भनेर आग्रह गरे ।

यतिवेलासम्म सांसद सिंहले कोर्ट उतारिसकेका थिए । फेरि सभामुखले 'बैठकको मर्यादा कायम गर्न बसिदिन' अनुरोध गरे । तर, उनले टाँक खोलेर सर्ट फुकाले र गन्जी पनि उतारे । क्षणभरमै अर्धनग्न भएर औंला ठड्याएर माइकविना बोल्न थाले । त्यसपछि सभामुख घिमिरेले संसदीय व्यवस्थाविपरीत व्यवहार देखाएको भन्दै चेतावनी दिए । सभामुख घिमिरेले नियमावलीको नियम ३० को 'बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न सभामुखले चेतावनी दिन सक्नेछ र चेतावनी पाएपछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नुपर्ने' प्रावधान उल्लेख गर्दै ठीक ढंगबाट बस्न चेतावनी दिए । 'तपाईलाई म चेतावनी दिन चाहन्छु, तपाईं यो अशिष्ट व्यवहारबाट फर्केर आएर बस्नुस्,' सभामुखले भने । यतिले पनि नटेरेपछि सभामुख घिमिरेले सिंहलाई नियम ३१ बमोजिम बैठकबाट निष्कासनको आदेश दिनै लाग्दा संसद् सचिवालयका कर्मचारीले रोकेका थिए । घिमिरेले भने, 'तपाईं शिष्ट व्यवहार देखाउनुस्, असभ्य व्यवहार नगर्नुस्, तपाईंलाई चेतावनी दिन्छु, फर्किनुस्, सभ्यताका साथ आफ्नो कुराहरू नियमअनुसार राख्नुस् ।'

यतिवेलासम्म सबै दलका सांसद उठिसकेका थिए भने अशिष्ट व्यवहार देखाउने सिंहलाई बैठकबाट निष्कासन गर्न माग गरिरहेका थिए । त्यसपछि सिंहले फुकालेको सर्ट लगाउन थाले । सभामुख घिमिरेले यस्तो खालको व्यवहार नदेखाउन चेतावनी दिइसकेको भन्दै ठाउँमा आएर बसेर अनुशासित नभएमा थप अन्य कारबाही हुने जानकारी गराए । त्यसपछि सर्ट लगाएर सिंह बैठकबाट निस्केका थिए । सिंह निस्किएपछि सभामुख घिमिरेले बैठकलाई नियमित कार्यसूचीमा अघि बढाउँदै शून्य समय प्रारम्भ गरे । शून्य समयमा बोल्दै एमाले सांसद अच्युत मैनालीले संसद्‌मा अमर्यादित गतिविधि देखाउने सांसद सिंहको स्वास्थ्य जाँचको माग गरेका थिए ।

सांसद सिंहले भने आकस्मिक समयमा भ्रष्टाचारको विषयमा बोल्न सभामुखसँग पहिल्यै समय माग गरे पनि नदिएपछि अर्धनग्न हुन बाध्य भएको जिकिर गरे ।



कैलाली र कञ्चनपुरमा पशुचौपायामा रेबिजको संक्रमण बढ्दो

धनगढीमा **तेजराज भट्ट**

कैलाली र कञ्चनपुरमा केही महिनायता पशु-चौपायामा रेबिज रोगको संक्रमण बढ्दो छ । करिब तीन महिनाको अवधिमा यी दुई जिल्लामा २२ वटा पशु-चौपायामा रेबिज रोग देखिएको पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढीले जनाएको छ ।

प्रयोगशाला प्रमुख डा. नरेशप्रसाद जोशीले कैलालीमा चार र कञ्चनपुरमा १८ वटा पशु-चौपायाको नमुना प्रयोगशालामा परीक्षण गर्दा रेबिज रोग पुष्टि भएको जानकारी दिए । गाई, भैंसी, बाख्रा र कुकुरमा रेबिज देखिएको उनले बताए । 'यहाँ रेबिज देखिएको नेपालमै सबैभन्दा बढी संख्या हो,' उनले भने, 'परीक्षणमा नआएको संख्या अझै बढी हुन सक्ने देखिएको छ ।'

> तीन महिनामा दुई जिल्लामा २२ पशुचौपायामा रेबिज, डेढ सय पशुचौपायाको मृत्यु भएको अनुमान

कैलाली, कञ्चनपुरमा मात्रै करिब तीन महिनायता रेबिजबाट थप डेढ सय पशु-चौपायाको मृत्यु भएको उनको अनुमान छ । परीक्षण गरिएकामध्ये धेरैजसो चौपायामा स्यालको टोकाइबाट रेबिज सरेको देखिएको जोशीले बताए । केही साताअघि कञ्चनपुरको कृष्णपुरमा एउटा स्यालमा रेबिज देखिएको थियो । पशु-चौपायालाई निरन्तर टोकन थालेपछि स्थानीयले एउटा स्यालले मारेका थिए । त्यसको नमुना परीक्षण गर्दा रेबिज पुष्टि भएको पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढीले जनाएको छ । त्यहाँ थप चौपायामा रेबिज परीक्षण हुन सकेको छैन । त्यस क्षेत्रमा पशु-चौपायालाई रेबिजविरुद्धको खोप लगाउन कृष्णपुर नगरपालिकालाई आग्रह गरिएको डा. जोशीले बताए ।

दुई जिल्लामा परीक्षणमा नआएका धेरै चौपायामा रेबिज भएको हुन सक्ने उनको अनुमान छ । 'किसानलाई पशु-चौपायामा रेबिजको लक्षण देखिए हामीलाई खबर गर्न आग्रह गरेका छौँ,' जोशीले भने, 'त्यस्तो खबर आए हामी परीक्षणका लागि २४सै घन्टा तयार छौँ । जुनसुकै वेला पनि सेवा दिइरहेका छौँ ।'

परराष्ट्रका नासु बेगनास तालमा मृत फेला

कास्की/ परराष्ट्र मन्त्रालयमा कार्यरत नायव सुब्बा अनुप भण्डारी बेगनास तालमा मृत फेला परेका छन् । मन्त्रालयअन्तर्गत राहदानी विभागमा कार्यरत उदयपुरका ३१ वर्षीय भण्डारीको शव सोमबार बिहान ८:३० बजे पोखरा महानगरपालिका-३१ लेखनाथस्थित बेगनास तालमा तैरिएको अवस्थामा भेटिएको हो । तालको डुंगाघाटदेखि करिब चार सय मिटर पर पानीमा घोप्टो परी तैरिएको अवस्थामा भण्डारीको शव भेटिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए । इलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी निरीक्षक भगवानराज थापाको कमान्डमा खटिएको प्रहरी टोलीले शव पोस्टमार्टमका लागि पश्चिममञ्चल क्षेत्रीय अस्पताल ल्याएको थियो । साथमा रहेको परिचयपत्रका आधारमा भण्डारीको पहिचान भएको थियो । भण्डारी आइतबार हवाईमार्ग हुँदै पोखरा आएका थिए । उनको मृत्युका सम्बन्धमा प्रहरीले थप अनुसन्धान सुरु गरेको जनाएको छ ।

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी सुनसरी
कोशी प्रदेश, नेपाल

अवैध घर टहरा तथा बनेका संरचना खाली गर्ने सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/०१/२६

यस नगरपालिकाको स्वामित्वमा रहेको जिल्ला सुनसरी साविक दुहवी गा.वि.स. हाल दुहवी नगरपालिका वडा नं ५ अन्तरगत रहेको जिल्ला सुनसरी दुहवी गा.प.वडा नं ६(ख) कि.नं. ३८ ज.वि. ०-१०-४ प्लट भित्र रहेका व्यक्ति तथा संस्थाका अवैध घर टहरा तथा बनेका संरचनाहरु यस नगरपालिकालाई नगरपालिकाको पूर्वाधार विकासका लागि सभागृह, सामुदायिक भवन लगायतका संरचनाहरु निर्माण गर्न उक्त कि.नं. ३८ ज.वि. ०-१०-४ प्लटमा बनेका संरचनाहरु खाली गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको मिति २०८०/०१/२० गतेको नगर कार्यपालिकाको अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र व्यक्ति/संस्थाले आ-आफुले निर्माण गर्नु भएको अवैध घर टहरा तथा बनेका संरचनाहरु हटाई सहयोग गरिदिनुहुन अनुरोध छ । सो सूचनाको अटेर गरी अवैध घर टहरा तथा बनेका संरचनाहरु नहटाएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम नगरपालिका आफैले घर टहरा तथा बनेका संरचना हटाई जग्गा खाली गरिनेछ । त्यसरी अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्नुपर्दा लागेको खर्चहरु सम्बन्धित व्यक्ति/संस्थाबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबै सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिंङ, बागमती प्रदेश, नेपाल

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०१/२६

यस कार्यालयको मिति २०७९/१२/२० गतेको नयाँ पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये देहायको बोलपत्र न्युनतम बोल-कबोल गर्ने बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही रहेकोले स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सरोकारवालाहरुको लागी यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	सफल प्रस्तावदाताको नाम	कबोल अंक (भ्याट र PS सहित)
1	33/TRUSS/DM/NCB/079/080	Fohor Tatha Jaibik Mal Prayog Gari Prangarik Mal Tatha Fom Utpadan	Roman and Rita Engineering Construcctions Pvt. Ltd	रु. 64,57,496.76

प्रमुख प्रशासकीय अधिकृत

ढाकामाथिको कारबाही कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश

अनिल यादव/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद ढाकाकुमार श्रेष्ठमाथि गरेको कारबाही तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ। आफूलाई गैरकानुनी ढंगले निलम्बन गरेको भन्दै श्रेष्ठले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै सोमबार सर्वोच्च अदालतले यस्तो आदेश दिएको हो।

सर्वोच्चले श्रेष्ठलाई कारबाही गर्नुको आधार कारणसहित रास्वपासँग लिखित जवाफ माग गरेको अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिए। 'आदेश प्राप्त भएको मितिले बाटोका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश भएको छ,' पौडेलले भने। न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले ५ जेठमा दुवै पक्षलाई छलफलका लागि बोलाउन आदेशसमेत दिएको छ।

स्वास्थ्यमन्त्री बन्न पार्टीको कोरटिमलाई दुई करोड रुपैयाँ बुझाउनुपर्ने भन्दै व्यवसायी दुर्गा प्रसाईंसँग रकम मागेको अडियो २६ चैतमा सार्वजनिक भएपछि २९ चैतमा रास्वपाले श्रेष्ठलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको थियो। समानुपातिकतर्फबाट रास्वपाका सांसद बनेका श्रेष्ठमाथि रास्वपाको अनुशासन तथा आचरण समितिले छानबिन गरी केन्द्रीय समितिमा छानबिन प्रतिवेदन पेस गरेको थियो। सोही प्रतिवेदन तथा केन्द्रीय समितिको बैठकमा श्रेष्ठले दिएको स्पष्टीकरणका आधारमा कारबाही गर्नुपर्ने प्रशस्त प्रमाण भेटिएको भन्दै सभापति रवि लामिछानेले पत्रकार सम्मेलन गरेर पार्टी विधानको धारा ५६ उपधारा ४ बमोजिम कारबाहीको निर्णय गरिएको जानकारी गराएका थिए।

५ जेठमा दुवै पक्षलाई बोलाइएको छ



● **विमल पौडेल**, प्रवक्ता, सर्वोच्च अदालत

आदेश प्राप्त भएको मितिले बाटोका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न राष्ट्रिय स्वतन्त्र पार्टीलाई आदेश भएको छ। साथै, ५ जेठमा दुवै पक्षलाई छलफलका लागि बोलाइएको छ

श्रेष्ठले भने सार्वजनिक भएको लेनदेनको अडियो आफ्नो नभएको र पार्टीले आफूलाई प्रक्रिया पूरा नगरी गैरकानुनी ढंगबाट कारबाही गरेको दाबी गर्दै आएका छन्।

श्रेष्ठलाई कारबाहीको निर्णय गरेकै दिन रास्वपाले निर्वाचन आयोगमा पेस गरिएको समानुपातिक बन्दसूचीको क्रमअनुसार श्रेष्ठको ठाउँमा विन्दावासिनी कंसाकारलाई सांसद बनाउने निर्णय गरेको थियो। कंसाकारले आइतबार मात्रै निर्वाचन आयोगबाट सांसदको प्रमाणपत्र बुझेकी थिइन्।

सर्वोच्चको सोमबारको आदेशले भने मुद्दाको छिनोफानो नभएसम्म कंसाकारलाई सांसद बनाउन रास्वपाले गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश दिएको छ। 'विन्दावासिनी कंसाकारलाई स्थापित गर्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट २०७९ चैत २९ मा भएको निर्णय र सोसम्बन्धी पत्राचार एवं काम-कारबाही थप कार्यान्वन नगरी हाल जेजस्तो अवस्थामा छ, सोही अवस्थामा यथास्थितिमा राख्नू,' आदेशमा भनिएको छ। श्रेष्ठको तर्फबाट वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र रमणकुमार श्रेष्ठले अदालतमा बहस गरेका थिए।

■ कंसाकारको शपथ तत्काल नहुने

निर्वाचन आयोगबाट सांसदको प्रमाणपत्र बुझिसकेकी विन्दावासिनी कंसाकारको तत्काल शपथ नहुने भएको छ। अदालतबाट मुद्दा टुंगिएपछि मात्रै शपथको प्रक्रिया अघि बढ्ने सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले जानकारी दिए। 'सर्वोच्च अदालतले कंसाकारलाई सांसद बनाउने निर्णय तत्काल कार्यान्वयन नगर्नू भनेर आदेश दिएको छ। त्यसैले मुद्दा छिनोफानो नभएसम्म शपथ हुँदैन,' अदालतका प्रवक्ता विमल पौडेलले भने।

रास्वपाले श्रेष्ठलाई कारबाही भएको निर्णयसहित उनको ठाउँमा कंसाकारलाई सांसद बनाउन निर्वाचन आयोगमा पत्र लेखेको थियो। सोही पत्रका आधारमा आयोगले गत शुक्रबार कंसाकारलाई सांसद बनाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिगराम शर्मा पौडेलले जानकारी दिए। 'उहाँले आइतबार मात्र प्रमाणपत्र बुझ्नुभएको छ। हामीले कंसाकार सांसद निर्वाचित भएको जानकारीसहितको पत्र संघीय संसद् सचिवालयलाई पठाइसकेका छौं,' उनले भने। रास्वपाका सचेतक निशा डाँगीले पार्टीले अदालतको फैसलाको सम्मान गर्ने बताइन्। 'हामीले प्रक्रिया पुऱ्याएर कारबाहीको निर्णय गरेका थियौं,' उनले भनिन्, 'अब सर्वोच्च अदालतको आदेशबमोजिम चाँडै कारणसहित लिखित जवाफ पठाइनेछ। त्यसपछि अदालतले जे फैसला गर्छ, त्यसको सम्मान गर्नुको विकल्प छैन।'

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "ध" वर्गको इजाजतपत्र प्राप्त संस्था)
Central Office: Katahari-2, Morang

INTERIM FINANCIAL STATEMENTS

Unaudited Condensed Statement of Financial Position (As per NFRS)
As on Quarter Ended 30 Chaitra 2079

Nrs.

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	1,199,599,207	521,753,289
Statutory Balances and Due from Nepal Rastra Bank	100,000,000	98,500,000
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	22,455,303,112	23,437,802,103
Investment Securities	200,000,000	210,000,000
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	115,031,921	84,509,556
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	74,939,955	74,939,955
Other Assets	306,474,333	188,640,982
Total Assets	**24,451,348,527**	**24,616,145,884**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	200,000,000	600,000,000
Derivative Financial Instruments	-	-
Deposits from Customers	10,009,619,613	9,546,691,371
Borrowings	8,703,995,730	9,481,606,939
Current Tax Liabilities	141,095,967	335,905,894
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	2,306,225,326	1,896,359,271
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**21,360,936,636**	**21,860,563,475**
Equity		
Share Capital	1,182,034,200	1,182,034,200
Share Premium	-	-
Retained Earnings	813,483,753	621,152,175
Reserves	1,094,893,938	952,396,034
Total Equity	**3,090,411,891**	**2,755,582,409**
Total Liabilities and Equity	**24,451,348,527**	**24,616,145,884**

Condensed Statement of Profit and Loss
For the Quarter Ended of 30 Chaitra 2079

NRs.

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	904,929,886	2,698,920,761	866,287,906	2,473,595,217
Interest Expense	509,284,604	1,508,764,760	441,539,082	1,213,621,307
Net Interest Income	395,645,282	1,190,156,001	424,748,824	1,259,973,910
Fee and Commission Income	55,066,439	204,390,641	69,822,977	254,012,568
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**55,066,439**	**204,390,641**	**69,822,977**	**254,012,568**
Net Interest, Fee and Commisson Income	**450,711,721**	**1,394,546,642**	**494,571,801**	**1,513,986,479**
Net Trading Income	-	-	-	-
Other Operating Income	50,800,577	120,875,000	21,086,982	63,103,386
Total Operating Income	**501,512,298**	**1,515,421,642**	**515,658,783**	**1,577,089,865**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	157,926,634	317,279,099	22,439,619	73,534,583
Net Operating Income	**343,585,664**	**1,198,142,542**	**493,219,164**	**1,503,555,282**
Operating Expense	**251,535,288**	**727,822,654**	**216,572,108**	**630,701,600**
Personnel Expenses	157,082,130	511,585,847	149,293,327	471,561,956
Other Operating Expenses	90,379,680	203,899,056	63,260,689	146,168,757
Depreciation & Amortisation	4,073,478	12,337,750	4,018,092	12,970,888
Operating Profit	**92,050,377**	**470,319,889**	**276,647,056**	**872,853,681**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**92,050,377**	**470,319,889**	**276,647,056**	**872,853,681**
Income Tax Expense				
Current Tax	27,615,113	141,095,967	82,994,117	261,856,104
Deferred Tax				
Profit for the Period	**64,435,264**	**329,223,922**	**193,652,939**	**610,997,577**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	64,435,264	329,223,922	193,652,939	610,997,577
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**64,435,264**	**329,223,922**	**193,652,939**	**610,997,577**
Basic Earning per share	-	37.14	-	78.77
Annualized Basic Earing Per Share	-	37.14	-	78.77
Diluted Earning per share	-	37.14	-	78.77

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		12.45%		11.14%
Non-Performing Loan (NPL) to Total Loan		4.91%		0.83%
Total Loan Loss Provision to Total NPL		79.44%		317.22%
Cost of Funds		10.44%		10.54%
Credit to Deposit and Borrowing Ratio		230.14%		252.18%
Base Rate		17.31%		14.81%
Interest Rate Spread		4.21%		4.42%

Details about the Distributable Profit for the Quarter

Particulars	NPR
Net Profit for the period end 3rd Quarter	**329,223,922**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	**72,429,263**
a. General Reserve	65,844,784
b. Capital Redemption Reserve	-
c. Foreign Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility	3,292,239
e. Employee Training Fund	-
f. Client Protection Fund	3,292,239
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**64,463,082**
a. Transfer to Regulatory Reserve	64,463,082
b. Transfer from Regulatory Reserve	-
Net Profit for the period end 3rd Quarter available for distribution	**192,331,578**

Notes:
1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

Interest Rate	
1. Deposit	**7.5%-11.25%**
2. Loan & Advance	**14%-15%**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :
(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतिको मूल्य	तरलता अनुपात
३७.१४	४०.५३	२६१.४५	२०६८.५८	९.६३

२. **व्यवस्थापकीय विश्लेषण** :
(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :
आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानी व्यवस्थापकीय योजना अनुरुप वृद्धि भएको छ भने मौज्दात, आम्दानी, कर्जा लगानी एवं वचत परिचालनमा तलरताको प्रतिकुल प्रभाव परेको अवस्था रहेको छ। वित्तीय बजारमा देखिएको तरलताको अभाव र निरन्तररुपमा बढ्दो ब्याजदरका कारण आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न अझ कठिन हुनसक्ने देखिन्छ।
(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप देशका २४ जिल्लामा १५९ वटा शाखा कार्यालयहरु मार्फत ३,४१,९५४ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ।
यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिँदै आईरहेको छ। सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०७९/०८० मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरु संचालन भईरहेका छन्।
वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरुमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई व्यापकरुपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।
(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :
तरलता अभावको असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरुले वित्तीय संस्थाप्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नु पर्ने दायित्व बढेको छ। सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको अकार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरुमा कर्जाको अधिकभार बढ्नाले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भएता पनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्यून हुँदै जाने देखिन्छन्। वित्तीय संस्थाले सदस्यहरुलाई सेवा प्रदान गर्दा सहज र सरल ढंगमा सेवा प्रदान गर्ने अभिप्रायले डिजिटल सेवाको प्रयोगमा जोड दिईएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**:
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधिभित्र रही प्रवाहित गरिने छ। लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ।

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोबार भएको कूल दिन	कारोबार संख्या
२९९०.६०	१३७७.००	१५०५.००	५६	१८,४९८

५. **समस्या तथा चुनौती**:
आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाकलापमा कमी आएको, सदस्यहरुको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकालसम्म गहिरो प्रभाव पर्न सक्ने देखिएको छ। लगानी योग्य कोषको बढ्दो अभाव एवं ब्याज दरमा आएको अप्रत्यासित बृद्धिले कार्यक्रम विस्तारको योजनालाई प्रभावित पार्न सक्ने देखिन्छ। लघुवित्त संस्था विरुद्धको अप्राकृतिक अभियान, दोहोरोपनाका कारणले सदस्यहरुलाई ऋणको अधिकभारबाट उत्पन्न हुन सक्ने जोखिम, एक सदस्य एक लघुवित्त वित्तीय संस्थामा मात्र कर्जा लिन पाउने नीति, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरुको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

६. **संस्थागत सुशासन** :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहदै आएको छ। नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालनामा विषेश ध्यान दिदैं आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ। वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि, कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई त्यसको पालना गरिएको छ। वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु(सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।

८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण : छैन।

'२१ सय शुल्क तिर्न नसक्दा आत्महत्या'

मृतकका बाबुको दाबी- शुल्क नतिर्दा प्रवेशपत्र नदिई विद्यालयले फर्काएपछि छोराले आत्महत्या गऱ्यो

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको ज्वालामुखी गाउँपालिका- ७ चैनपुरका कृष्णबहादुर सार्की गत वर्ष बिजुलीको काम गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भए। जसोतसो निको भए, तर शरीर चलाउन बैसाखीको सहारा चाहिने भयो। १९ वर्षीय जेठो छोरो जितबहादुरले बुधबार विष सेवन गरेर आत्महत्या गरेपछि कृष्णबहादुरको जिन्दगीको बैसाखी भाँचियो।

कक्षा १२ को वार्षिक परीक्षाका लागि विद्यालयले प्रवेशपत्र नदिएकै कारण छोराले आत्महत्या गरेको कृष्णबहादुरको दाबी छ। 'विद्यालयलाई दुई हजार एक सय शुल्क तिरेर प्रवेशपत्र लिनुपर्ने थियो। दैनिक ज्याला-मजदुरी गरेर जसोतसो गुजारा चलाउँदै आएकाले समयमा पैसा तिर्न सकेका थिएनौं। २० वैशाखमा प्रवेशपत्र माग्न जाँदा रित्तो फर्काएछन्। २० वैशाखको त्यही राति छोरोले विष खाएछ। भोलिपल्ट थाहा पाएपछि अस्पताल पुऱ्यायौं। तर, बचाउन सकेनौं,' भक्कानिँदै कृष्णबहादुरले सुनाए।



मृतक जितबहादुर

अपांगता भएर बाबु थलिएपछि भाइबहिनीसहित परिवारको जिम्मेवारी जितबहादुरकै काँधमा आएको थियो। बाबु कृष्णबहादुरका अनुसार विद्यालयलाई तिर्नुपर्ने शुल्कको व्यवस्था गर्न उनले गाउँमा चिनेजानेकासँग सापटी मागेका थिए। तर, कसैबाट सहयोग नपाएपछि विद्यालयमै कुरा गर्छु भनेर गएका थिए। 'गाउँभरि पैसा खोज्दा पनि नपाएपछि सरसँगै कुरा गर्छु भनेर विद्यालय गएको थियो,' उनले भने, 'विद्यालयबाट फर्कँदा ल्याएको डायरी खाटमा फालेर सुतेको छोरो फेरि कहिल्यै उठ्नै नसक्ने गरी निदायो।'

छोराले आत्महत्या गर्नुको कारण निष्पक्ष छानबिन गर्नुपर्ने भन्दै उनले २४ वैशाखमा प्रहरीमा उजुरी दिएका छन्। दोषीमाथि कडा कारबाहीको माग गरेका छन्। विद्यालयका प्रधानाध्यापक बलराम इटनीले भने विद्यालय र आफ्नो कारणले जितबहादुरले आत्महत्या नगरेको दाबी गरे। 'पैसाकै कारण हामीले आजसम्म कुनै पनि विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित गरेका छैनौं। गत वर्ष पनि पैसा नदिई हामीले उसलाई प्रवेशपत्र दिएका थियौं। यस वर्ष पनि प्रवेशपत्र लिएर जाऊ भनेका थियौं,' प्रअ इटनीले दाबी गरे, 'उनको परिवारको आर्थिक अवस्था कमजोर छ भन्ने थाहा भएकैले हामीले सहुलियत दिने गरेका थियौं।'

उनका अनुसार विद्यालयले दुई लाख ९१ हजार अक्षयकोषको ब्याजबाट हरेक वर्ष विद्यार्थीलाई करिब ५० हजारजति छात्रवृत्ति दिँदै आएको छ। तर, गरिब तथा जेहेन्दार विद्यार्थीलाई दिइने छात्रवृत्तिमा जितबहादुरको नाम छैन। जितबहादुर किन परेनन् भन्ने प्रश्नमा उनले विद्यालयमा जितबहादुरको उपस्थिति हुनुपर्ने हाजिरी नपुगेको कारण कोटामा नपरेको बताए।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एसपी गौतम मिश्रले घटनाको अनुसन्धान भइरहेको बताए। 'मृतकका आफन्तले आत्महत्याको कारण के हो अनुसन्धान गरिदिनु भनेर उजुरी दिएका छन्,' उनले भने, 'उजुरी दर्ता गरेका छौं। उजुरीमा विद्यालयको कारणले हो कि भनेर पनि उल्लेख गर्नुभएको छ। हामी अनुसन्धानकै क्रममा छौं।'

संक्षेप

बलात्कार आरोपित पक्राउ गर्दा आक्रमण

कालीकोट/ कालीकोटको पलाँता गाउँपालिका- ६ सैनका बलात्कार घटनामा फरार रहेका आरोपित ३१ वर्षीय शंक बुढालाई पक्राउ गर्ने क्रममा प्रहरीमाथि गाउँलेले आक्रमण गरेका छन्। आक्रमणबट इलाका प्रहरी कार्यालय पलाँताका असइ लक्ष्मी ढुंगेल रावत र पीडित परिवारका सदस्य धनमान विक घाइते भएका छन्। घाइते दुवैको स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी निरीक्षक शुवराज बमले जानकारी दिए। आरोपित बुढा हत्कडीसहित फरार भएका छन्।

३१ असोज ०७९ मा बलात्कारको आरोप लगाउँदै पीडित परिवारले ९ कात्तिकमा बुढाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएको थियो। त्यसयता फरार रहेका बुढा घरमा आएको जानकारी पाएपछि सोमबार बिहान ४ बजे ढुंगेलसहित चारजना प्रहरी पक्राउ गर्न गएको थियो। प्रहरी पुग्दा घरमै सुतिरहेका बुढालाई प्रहरीले हतकडी लगाएर जिल्लातर्फ ल्याउने क्रममा गाउँलेले आक्रमण गरेको प्रहरी निरीक्षक बमले बताए।

सडक स्तरोन्नति गर्न माग गर्दै अदालतमा रिट

जुम्ला/ कर्णाली प्रदेशका सडक र सार्वजनिक यातायात सेवाको गुणस्तर सुधार गर्न परमादेशको माग गर्दै उच्च अदालत सुर्खेतमा रिट दायर भएको छ। अधिवक्ता उत्तमप्रसाद आचार्य, शेरबहादुर खत्री र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को तर्फबाट प्रदेश संयोजक नारायण सुवेदीले सोमबार ७० वटा सरकारी कार्यालयलाई विपक्षी बनाउँदै रिट दायर गरेका हुन्। रिट निवेदनमा कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेशका १० जिल्लाका यातायात व्यवस्था कार्यालय, कर्णाली प्रदेश ट्राफिक कार्यालय, दशवटै जिल्लाका प्रहरी, प्रशासन कार्यालयविरुद्ध रिट दायर गरिएको हो।

उच्च अदालत सुर्खेतका शाखा अधिकृत धनीराम बिसीका अनुसार रिटमाथि मंगलबार सुनुवाइ हुनेछ। कर्णालीको सार्वजनिक यातायात सेवाको गुणस्तर कमजोर भएको, यातायातसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा सवारी दुर्घटनाले जनधनको क्षति भएको र रोकथाम गरी नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको कुण्ठित भएको रिटमा उल्लेख छ। सञ्चारमाध्यममा कर्णालीमा सडक स्तरवृद्धि नहुँदा धनजनको क्षति भएको समाचार प्रकाशित भएपछि सोहीबमोजिम सरकारी कार्यालयलाई विपक्षी बनाई रिट दायर गरिएको इन्सेकका संयोजक नारायण सुवेदीले बताए।

अवैध संरचना भत्काउन डोजर चल्यो

कञ्चनपुर/ कञ्चनपुरको बेलौरी नगरपालिकामा रहेका अवैध संरचनामाथि डोजर चलेको छ। बेलौरी नगरपालिकाले सडकमा निर्माण गरिएका अवैध संरचनामाथि डोजर चलाएको हो। सार्वजनिक (सडक)को जमिन कब्जा गरेर बनाइएका संरचना हटाउन डोजर प्रयोग गरिएको हो। सोमबार बेलौरी नगरपालिकाले रामनगरदेखि स्याली नदी हुँदै जटुबुटी चोकसम्मको सडकमा निर्माण भएका संरचना हटाइएको बेलौरी नगरका मेयर पोतिलाल चौधरीले जानकारी दिए।

बेलौरी नगरपालिका- ५ का वडाध्यक्ष लालबहादुर चौधरीले सडकमा निर्माण भएका घर, गोठसहितका संरचना डोजर प्रयोग गरेर हटाइएको जानकारी दिए। ०७४ देखि नै संरचना हटाउन, खाली गर्न निरन्तर पत्राचार गर्दासमेत नमानेपछि हटाइएको वडाध्यक्ष चौधरीले बताए।

यश कुमारको कन्सर्ट हुँदै



गायक तथा अभिनेता यश कुमारले कमलपोखरीस्थित आलिसान लाउन्ज एन्ड क्लबमा बुधबार राति लाइभ कन्सर्ट दिने भएका छन् । साँझ ७ बजेबाट 'डुअर ओपन' हुने कन्सर्टमा यशले ब्यान्डसहित आफ्ना चर्चित नयाँ-पुराना गीतहरू गाउने आलिसानका सञ्चालक राम थापाले जानकारी दिए । कन्सर्टमा आलिसान ब्यान्डले प्रारम्भिक प्रस्तुति दिनेछ ।

वकिलको भूमिकामा मनोज



बलिउड फिल्म 'सिर्फ एक बन्दा काफी है' को ट्रेलर रिलिज भएको छ । सत्य घटनामा आधारित यस फिल्ममा मनोज वाजपेयीले वकिलको भूमिका निर्वाह गरेका छन् । उनले एक नाबालिगमाथि एक ढोंगी बाबाले गरेको यौन शोषणविरुद्ध लड्नेछन् । २३ मेमा रिलिज हुने यस फिल्मको निर्देशन अपूर्वसिंह कार्कीले गरेका हुन् ।



साइक्लिङमा युवाको आकर्षण

> शारीरिक तथा मानसिक विकासमा साइक्लिङले ठूलो भूमिका खेल्छ । साइक्लिङ गर्नु सजिलो एक्सरसाइज हो । यसले जोर्नीमा लचकता ल्याउँछ ।

कुनै बेला साइकल आवश्यकता थियो, तर हिजोआज स्वास्थ्य र सोखको साधन बनेको छ । विशेष गरी सहरी क्षेत्रमा एक्सरसाइजका लागि साइकल प्रयोग गर्ने जमात बढ्दो छ । काठमाडौं बानेश्वरस्थित सिटी साइकलका सञ्चालक रोशन गिरी पछिल्लो समय साइकल किन्ने युवाको संख्या बढेको बताउँछन् । उनी भन्छन्, 'मेरा अधिकांश ग्राहक स्कुल र कलेज पढ्ने विद्यार्थी हुन् । सहरिया युवा साइकलमा घुम्न जाने लहर चलेको छ ।'

पञ्च अष्टनारायण साइकलका प्रबन्ध निर्देशक तिरेक मानन्धर दैनिक प्रयोजनका लागि भन्दा पनि स्वास्थ्यका लागि साइकल प्रयोग गर्ने जमात बढेको बताउँछन् । उनी भन्छन्, 'अहिले धेरैको घरमा कार र मोटरसाइकल हुन्छ । त्यससँगै उनीहरूले साइकल पनि राख्छन् । धेरैले साइकलको प्रयोग एक्सरसाइजका लागि गर्ने गरेको पाइन्छ ।'

उनका अनुसार भाडामा माउन्टेन बाइक लिएर घुम्न निस्कनेहरूको संख्या पनि ठूलो छ । 'साइक्लिङ साहसिक खेल पनि हो । यसले पर्यटन प्रवर्द्धनमा सहयोग गर्छ,' उनले भने ।

दैनिक प्रयोजन र ट्रेकिङका लागि फरक-फरक साइकल प्रयोग हुने उनले बताए । उनी थप्छन्, 'अहिले तीन र चार लेभलको साइकल धेरैको रोजाइमा छ । नेपालमा लेभलअनुसार साइकलको मूल्य निर्धारण हुन्छ । एकदेखि सात लेभलसम्मका साइकल पाइन्छन् । लेभल चार र पाँचका साइकललाई पक्की बाटो चाहिँदैन, भीरपाखा, उकालो-ओरालो र सिंगल ट्र्याकमा पनि चलाउन सकिन्छ,' उनले भने ।

लेभल एकलाई ८ देखि २० हजार, लेभल दुईलाई १५ देखि ३० हजार, लेभल तीनलाई २५ देखि ६० हजार, लेभल चारलाई ५० देखि एक लाखसम्म, लेभल पाँचलाई एक लाखभन्दा माथि, लेभल ६ लाई दुई लाखमाथि र लेभल सातलाई तीन लाखमाथि मूल्य पर्ने मानन्धरले बताए । ललितपुरका ट्रेल बाइक साइकल स्टेसनका सञ्चालक प्रकाश गुप्ता स्वास्थ्यप्रति सचेत युवापुस्ताको आकर्षण साइक्लिङमा बढ्दै गएको बताउँछन् । उनी भन्छन्, 'माउन्टेन ट्रेकिङ तथा साइक्लिङ गर्नका लागि साइकल फरक-फरक हुन्छन् । ग्राहकको चाहनाअनुसार फरक-फरक मोडेलका साइकल पाइन्छन् । हिजोआज स्वास्थ्यप्रति सचेत युवाको संख्या बढेकाले साइकल प्रयोग पनि बढेको छ ।'

नेपाली बजारमा पसलमा ठूला, मध्यम र साना साइकल पनि पाइने उनले बताए । साइक्लिङ खेलाडी हिमाल टमाटा स्वस्थ रहन सहयोग पुग्ने र रमाइलो पनि हुने भएकाले अचेलका सहरिया साइक्लिङमा आकर्षित हुन थालेको बताउँछन् । उनी भन्छन्, 'डाँडापाखामा हुने साहसिक यात्राले पनि युवाको ध्यान तानेको छ । नयाँ ठाउँमा प्रकृति र विविध संस्कृतिसँग पनि घुलमिल हुन पाइन्छ । त्यसैले भाडामा माउन्टेन बाइक लिएर भए पनि घुमघाममा निस्कने चलन बढेको छ ।' नगरकोट, ककनी, सुन्दरीजल, चम्पादेवी, चन्द्रागिरि, फुल्चोकी, लाँकुरी भञ्ज्याङ, बुढानीलकण्ठलगायत काठमाडौंआसपासका साइक्लिङ रुट धेरैका रोजाइमा रहेको उनले बताए ।

हाडजोर्नी विशेषज्ञ विप्लव सापकोटा साइक्लिङ गर्दा शरीरका लागि पर्याप्त एक्सरसाइज हुने बताउँछन् । 'शारीरिक तथा मानसिक विकासमा साइक्लिङले ठूलो भूमिका खेल्छ । साइक्लिङ गर्नु सजिलो एक्सरसाइज हो । यसले जोर्नीमा लचकता ल्याउँछ । मांसपेशी बलियो बनाउन मद्दत पुग्छ । साथै, साइकल चलाउँदा हड्डी सक्रिय रहने हुनाले ढाड र गर्दनको दुखाइबाट समेत राहत पाउन सकिछ,' उनले भने ।

दैनिक साइक्लिङ गर्दा शरीरमा औसत एक हजार क्यालोरी खपत हुने उनले बताए । 'साइक्लिङ गर्नेले बढी क्यालोरीयुक्त खाना खाँदा पनि केही फरक पर्दैन । मोटोपन भएका व्यक्तिले साइक्लिङ गरेमा अन्य व्यायाम गर्नुपर्दैन, स्वतः तौल नियन्त्रण हुन्छ,' उनले भने ।

रक्तदान गर्दा ख्याल गरौं



हरेक दुई सेकेन्डमा कसै न कसैलाई रगतको आवश्यकता परिरहेको हुन्छ । दुर्घटनाग्रस्त, रोगबाट पीडित, अविकसित शिशु, जटिल शल्यक्रिया आदि विभिन्न अवस्थामा रगतको आवश्यकता अझै धेरै पर्छ । त्यसैले रक्तदानलाई जीवनदान मानिन्छ । स्वस्थ व्यक्तिले हरेक तीन महिनामा रक्तदान गर्न सक्छन् । तीन-तीन महिनामा रक्तदान गर्दा शरीरमा ताजा रगत बग्न सघाउ पुग्छ । स्वास्थ्य राम्रो हुन्छ । सामान्यतया १८ देखि ५६ वर्षका स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छन् । तर, रक्तदान गर्नेले आफ्नो स्वास्थ्य अवस्थालाई ख्याल गर्न भने जरुरी छ ।

- रक्तदान गर्ने व्यक्तिलाई मलेरिया, जन्डिस, मधुमेह, क्षयरोग र एड्सलगायत कुनै पनि यौनरोग लागेको हुनुहुँदैन ।
- मदिरा सेवन गरेको २४ घन्टाभित्र रगत दिनुहुँदैन । त्यस्तै, लागुपदार्थ सेवन गरेका व्यक्तिले पनि रक्तदान गर्नुहुँदैन ।
- रक्तदान गरेको तीन महिनापछि मात्र पुनः रक्तदान गर्न सकिन्छ । गर्भवती, ६ महिना नपुगेकी सुत्केरी र महिनावारी भइरहेको अवस्थामा पनि रक्तदान गर्नुहुँदैन ।
- रक्तदान गर्ने व्यक्तिको शरीरमा हेमोग्लोबिनको मात्रा १० प्रतिशतभन्दा कम हुनुहुँदैन ।
- रक्तदान गर्नुभन्दा तीन घन्टाअघि पोषिलो खाना सेवन गर्नु राम्रो हुन्छ । र, रक्तदानको समय जुसको सेवन गर्दा पनि स्वास्थ्यमा फाइदा पुग्छ । यस्तो खानाले थकाइ लाग्न दिँदैन ।
- १८ देखि ६० वर्षसम्मका मानिस रक्तदान उमेरसमूहमा पर्छन् । रक्तदान गर्ने मानिसको तौल ४५ किलोग्रामभन्दा बढी हुनुपर्छ ।

बच्चाको कपडा छान्दा...



नवीन लुइँटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब



बच्चाहरू फेन्सी कपडा लगाउन रुचाउँछन् । बच्चालाई सरल र आरामदायी कपडा लगाइदिनुपर्छ । किनकि, उनीहरू उफ्रने, दौडेन र नाच्ने गरिरहन्छन् ।

पार्टी तथा समारोहमा लगाउन बजारमा विभिन्न डिजाइनका किड्स वेयर उपलब्ध छन् । छोरीका लागि विभिन्न डिजाइनका फ्रक, लेहेंगा, गाउन, स्कर्ट, फूलकारी बुट्टा भरिएका विभिन्न स्टाइलका पाइन्ट तथा जामा बजारमा पाइन्छन् । त्यस्तै, छोराका लागि थ्री-पिस सुट, ढाका वा दौरा-सुरुवाल, जिन्स तथा टिसर्ट पाइन्छन् । चम्किलो रङको कपडा लगाउँदा साना बालबालिका मायालु देखिन्छन् । रातो, हरियो र निलो रङको पहिरनले आकर्षक लुक्स दिन्छ । उनीहरूलाई सक्रिय रहन पनि यस्ता रङले ऊर्जा दिन्छ ।

साना बालबालिकाले आफ्नो कपडा छिटै फोहोर गर्छन् । त्यसैले उज्यालो रङका कपडा कम प्रयोग गर्नुस् । गाढा रङका कपडामा फोहोर वा दाग धेरै देखिँदैन । तपाईंले आफ्ना बच्चालाई प्रिन्ट भएको कपडा पनि लगाइदिन सक्नुहुन्छ । कार्टुन, फूल, पशुपक्षीको चित्र भएको कपडा लगाइदिँदा अझ राम्रो हुन्छ । त्यो चित्र देख्दा उनीहरू रमाइलो मान्छन् ।

कुमार न्यौपानेको नयाँ गीत सार्वजनिक



गायक कुमार न्यौपानेको नयाँ गीत 'मिटरब्याज' सार्वजनिक भएको छ । गीतमा बाबुल गिरी र अनु अधिकारीले न्यौपानेलाई साथ दिएका छन् ।

सामाजिक विषयवस्तुमा आधारित गीतलाई मनोरञ्जनात्मक रूपमा प्रस्तुत गरिएको हो । दीपक पौडेलको शब्द रहेको गीतमा कुमार न्यौपानेको कम्पोजिसन छ । न्यौपानेको निर्देशनमा बनेको गीतको भिडियोमा रेस्लर भगवती खड्का, अस्मिता जुरेली, कुसाङ रुम्बा, बद्री खत्रीलगायतको अभिनय छ । भिडियोलाई कुमार कटवालले खिचेका हुन् ।

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/०१/२६

यस उप-महानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु मध्ये न्यूनतम् मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखीएको तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	ठेक्का विवरण	छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना	स्वीकृत कबोल अंक (रु.)
१.	Drain Cleaning Works (Karmona Nala, Surkhet Road (karnali D. Bank) to Dodhara nala through Muktipur.) (Contract IDM NSMC/SQ/SW1/079/080)	श्री नयाँ नेपाल बिल्डर्स सेवा एण्ड सप्लायर्स, सल्यान ।	रु. १६६१४२१।०० (भ्याट बाहेक)
२.	Drain Cleaning Works (Internal Drains of city Area) (Contract IDM NSMC/SQ/SW2/079/080)	श्री अदानचुली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., ने.ग.उ.म.न.पा.-०१, बाँके ।	रु. १६७७०७४।०० (भ्याट बाहेक)
३.	Purano Deep Boring Maramat (Contract IDM NSMC/SQ/W02/079/080)	श्री बजरङ्ग निर्माण सेवा, चन्दननाथ-५, जुम्ला ।	रु. १०४७४९०।०० (भ्याट र पि.एस.बाहेक)

प्रमुख प्रशासकीय अधिकृत

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरतावेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कर्थकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः पिस वेयर कलेक्सन्स** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग मा दर्ता रहेको) दर्ता नं.: २४९३१/०६६ दर्ता मितिः २०६६/०७/२२ स्थायी लेखा नं.: ३०३७८४७२२ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **सुमन श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३०२४/१२४०(२०६३/११/११/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सुवर्ण श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): २२१२७(२०६०/०६/२५/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **२. लिला प्रसाद श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ५९३०(२०३५/१०/०८/रुपन्देही) बाजेको नामः रत्नमान श्रेष्ठ बाबुको नामः कृष्ण प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **३. सबिना श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२०२४/७७१४९(२०६७/०४/०६/रुपन्देही) बाबुको नामः तिलकराम श्रेष्ठ ससुराको नामः लिला प्रसाद श्रेष्ठ पतिको नामः सुवर्ण श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ ।	रत्नमान श्रेष्ठको नाति, कृष्ण प्रसाद श्रेष्ठको छोरा, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ५ बस्ने **लिला प्रसाद श्रेष्ठको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देही को लगतमा दर्ता श्रेष्ठा कायम रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ५ स्थित कि.न. ८१ को क्षेत्रफल ०.०१२६.२४ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१. ओभरड्राफ्ट सुविधा २. डिमाण्ड कर्जा ३. चालुपुजी कर्जा	**ऋणीको नामः पिस टु वेयर कलेक्सन** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ३६४१९/०७२ दर्ता मितिः २०७२/१०/०८ स्थायी लेखा नं.: ३०३७८२६३६ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **सुवर्ण श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): २२१२७(२०६०/०६/२५/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. लिला प्रसाद श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ५९३०(२०३५/१०/०८/रुपन्देही) बाजेको नामः रत्नमान श्रेष्ठ बाबुको नामः कृष्ण प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **२. सुमन श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३०२४/१२४०(२०६३/११/११/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **३. सबिना श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२०२४/७७१४९(२०६७/०४/०६/रुपन्देही) बाबुको नामः तिलकराम श्रेष्ठ ससुराको नामः लिला प्रसाद श्रेष्ठ पतिको नामः सुवर्ण श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ ।	
३.	सम्पत्ति धितो कर्जा	**ऋणीको नामः सुवर्ण श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): २२१२७(२०६०/०६/२५/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सबिना श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२०२४/७७१४९(२०६७/०४/०६/रुपन्देही) बाबुको नामः तिलकराम श्रेष्ठ ससुराको नामः लिला प्रसाद श्रेष्ठ पतिको नामः सुवर्ण श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **२. लिला प्रसाद श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ५९३०(२०३५/१०/०८/रुपन्देही) बाजेको नामः रत्नमान श्रेष्ठ बाबुको नामः कृष्ण प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ । **३. सुमन श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३०२४/१२४०(२०६३/११/११/रुपन्देही) बाजेको नामः कृष्ण प्रसाद श्रेष्ठ बाबुको नामः लिला प्रसाद श्रेष्ठ ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ ।	

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

एकध्रुवीय विश्व व्यवस्थाका दुष्परिणाम

द्विध्रुवीय विश्व व्यवस्थामा जस्तै नेपाललगायत अति कम विकसित राष्ट्रको अवस्था एकध्रुवीय विश्वमा पनि खासै सुधार भएको देखिएन



● सुरेन्द्र प्रधान

अग्रलेख

सन् नब्बेको दशकसम्म संसारले द्विध्रुवीय विश्वको सामना गर्नुपऱ्यो । विश्वमा एकातिर स्वतन्त्र विश्व अर्थात् पुँजीवादको नेतृत्व अमेरिकाले र साम्यवादी वा समाजवादीको नेतृत्व तत्कालीन सोभियत संघले गरेको थियो । फलतः एकातर्फ नेटो र वार्सा प्याक्टजस्ता सैनिक संगठन बने भने अर्कातफ दुवै सगठनसँग समदूरी राख्ने असंलग्न राष्ट्रहरूको तेस्रो समूह उदय भयो । दुवै गुटले व्यापक रूपमा सञ्चार माध्यमको प्रयोग गरेर तेस्रो विश्वका जनतालाई आआफ्नो पक्षमा ल्याउन भरमग्दुर प्रयास गरे । हतियारको बलमा भन्दा व्यापक प्रचारका माध्यमबाट लडिएको युद्ध भएकाले यसलाई शीतयुद्ध भनियो ।

अमेरिकाले जसरी पनि शीतयुद्धमा विजयी बन्ने धुनमा सैनिक तानाशाहलाई पनि समर्थन गर्ने नीति लियो । फलतः दक्षिण कोरियामा पार्क चु ही, फिलिपिन्समा फर्निनान्ड मार्कोस, इन्डोनेसियामा सुहार्तो र चिलीमा पिनोसेजस्ता तानाशाहको उदय भयो । यसै समयमा सिंगापुरमा ली क्वान यू र मलेसियामा मोहम्मद महाथिरजस्ता प्रभावशाली नेता सत्तामा आए । सन् ६० को दशकमा नेपालमा पनि पञ्चायतइतर दलले पञ्चायती व्यवस्था उदयका कारण यही अन्तर्राष्ट्रिय परिस्थितिलाई मान्थे । राजा महेन्द्रको उदय पनि यसै परिप्रेक्ष्यमा भएको स्वयं बिपी कोइरालाले समेत स्विकारेका थिए ।


शीतयुद्ध कालमा अमेरिका र सोभियत संघको दुष्प्रचारबाट तेस्रो मुलुकका राजनीतिक दल र नेताहरू मात्र होइन, बौद्धिक वर्गसमेत प्रभावित हुन्थे । उनीहरू अमेरिका र सोभियत संघ समर्थकका रूपमा विभाजित हुन्थे र एक-अर्काविरुद्ध विषवमन गर्थे । यस्तो दुष्प्रचारबाट हामीमध्ये कोही प्रजातन्त्रवादी र कोही समाजवादी बनेका थियौं । हाम्रो सोच र विचार अरूबाटै निर्देशित हुन्थ्यो । प्रजातन्त्र र समाजवादलाई आफ्नो देशको सन्दर्भमा बुझ्ने र प्रयोग गर्ने कहिल्यै पनि प्रयास गरेनौं । आफ्नै देशको राष्ट्रिय स्वार्थलाई चिन्न र बुझ्न नसक्नुको परिणाम हामी न सच्चा प्रजातन्त्रवादी बन्यौं, न सच्चा समाजवादी । हामी विकृत प्रजातन्त्रवादी र समाजवादी बन्यौं । अन्तर्राष्ट्रिय राजनीतिमा आफ्नो राष्ट्रिय स्वार्थबाहेक वाद र विचारको कुनै अर्थ थिएन र छैन । तथापि शीतयुद्धकालमा महाशक्ति राष्ट्र अमेरिकाले प्रजातन्त्र र मानव अधिकारको तथा सोभियत संघले साम्यवाद र समानताको दुहाई दिँदै र आआफ्ना मुख्य राष्ट्रिय स्वार्थ लुकाउँदै विश्व जनमतलाई आफूअनुकूल बनाउने प्रयास गरिरहेका हुन्थे । जब कि यथार्थमा दुवै महाशक्ति राष्ट्रहरूले सर्वथा आफ्नो राष्ट्रिय स्वार्थअनुरूप विदेश नीति सञ्चालन गरिरहेका थिए ।

सन् १९८५ मा सोभियत संघमा मिखाइल गोर्वाचोभको उदय र उनको ग्लास्नोत (खुल्लापन) र पेरेस्त्रोइका (पुनर्गठन) नीतिका कारण १९९१ मा वार्सा प्याक्ट विघटन मात्र भएन, स्वयं सोभियत संघ र सोभियत कम्युनिस्ट पार्टीको समेत विघटनपछि शीतयुद्ध अन्त्य भयो । शीतयुद्ध अन्त्यसँगै विश्वमा द्विध्रुवीय विश्व व्यवस्थाको पनि अवसान भयो । सोभियत साम्यवाद र सोभियत संघको अवसानपछि स्वाभाविक रूपमा अमेरिका एक मात्र विश्व महाशक्तिका रूपमा स्थापित हुन पुग्यो । पूर्वी युरोपमा एकपछि अर्को समाजवादी शासनको पतन हुँदै गयो, विश्वमा प्रजातन्त्र र खुला बजार अर्थतन्त्रको एउटा लहर नै आयो, तेस्रो विश्वका धेरै देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना भयो । भनिन्छ, त्यस समयमा प्रजातान्त्रिक शासन व्यवस्था भएका राष्ट्रको संख्या सयबाट एक सय ५० र खुला बजारमुखी अर्थ व्यवस्था अवलम्बन गर्ने राष्ट्रहरूको संख्या ४० बाट सय पुगेको थियो । त्यो लहरबाट नेपाल पनि अछुतो रहन सकेन । नेपालमा पनि जनआन्दोलन सुरु भयो । यसैको प्रभावस्वरूप ०४६ मा पञ्चायती व्यवस्था अवसान भई बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो ।

फुकुयामा जस्ता एकध्रुवीय विश्व व्यवस्थाका चिन्तकले अब विश्वमा राजनीतिक व्यवस्थाका रूपमा प्रजातान्त्रिक शासन व्यवस्था र आर्थिक नीतिमा उदार बजारमुखी अर्थ व्यवस्थाको कुनै विकल्प नभएको ठोकुवा गरे ।

एकध्रुवीय विश्व व्यवस्थाका कारण विश्व साम्यवादी आन्दोलन रक्षात्मक अवस्थामा पुग्यो भने चीनजस्ता साम्यवादी मुलुकले शास्त्रीय समाजवादी नीति परित्याग गर्दै अमेरिकी नेतृत्वको एकध्रुवीय विश्व व्यवस्थाभित्रै प्रवेश गरी त्यसबाट प्रचुर फाइदा उठाए । भियतनाम, कम्बोडिया र लाओसजस्ता साम्यवादी मुलुकले पनि यही नीतिको अनुकरण गर्न पुगे । ती राष्ट्र कम विकसित राष्ट्रको दर्जाबाट विकासशील राष्ट्र हुँदै विकसित राष्ट्र बन्ने बाटामा छन् । ती देशभन्दा धेरै अघि खुला बजार नीति अवलम्बन गर्ने एउटा प्रजातान्त्रिक मुलुक नेपाल आज कहाँ उभिएको छ ? एकध्रुवीय विश्व व्यवस्थाको हुबहु अनुसरण गर्ने नेपाल किन अघि बढ्न सकेन ? त्यसको सटिक विश्लेषण आजको आवश्यकता हुन गएको छ । एकध्रुवीय विश्व व्यवस्थाभित्रका अमेरिकालगायत पश्चिमा मुलुकबाट मात्र होइन, त्यसअन्तर्गतका विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकजस्ता अन्तर्राष्ट्रिय वित्तीय निकायबाट प्रचुर आर्थिक सहयोग र समर्थन पाउँदा पनि आखिर नेपाल किन अघि बढ्न सकेन आजको मूल प्रश्न यही हो ।

एकध्रुवीय विश्व व्यवस्थाअनुसार नेपालमा प्रजातन्त्रिक शासन व्यवस्था पुनर्स्थापना पनि भयो । देश गणतन्त्र, धर्मनिरपेक्ष र संघीय मोडलमा पनि गयो । पहिला सबै अधिकार राजामा भएकाले देशमा विकास नभएको ठानियो र नेपालमा संवैधानिक राजतन्त्र स्थापना गरियो ।



त्यसबाट पनि देश अगाडि नबढेपछि राजतन्त्रकै कारण देश अगाडि बढ्न नसकेको ठानियो र नेपालको २५० वर्ष पुरानो राजतन्त्र फालियो । हामीले विश्वमा उपलब्ध नवीनतम राजनीतिक, आर्थिक तथा प्रशासनिक मोडेलको अनुसरण पनि गऱ्यौं । राजनीतिक परिवर्तनमा देश विश्वको अग्रणी मुलुकमा दर्जत हुन पुग्यो तर देश आर्थिक विकासमा भने लगभग जहाँको तहीं रहन पुग्यो । नेपाल विगतमा गणतन्त्र, धर्मनिरपेक्ष र संघीय मोडलमा नगएका कारण विकास नभएको हो वा अन्य कुनै कारणले हो, त्यसको यथार्थ व्याख्या र विश्लेषण नै नगरी सबै कुराको अन्धानुकरण गऱ्यौं हामीले ।

> एकध्रुवीय विश्व व्यवस्थाका कारण विश्व साम्यवादी आन्दोलन रक्षात्मक अवस्थामा पुग्यो भने चीनजस्ता साम्यवादी मुलुकले शास्त्रीय समाजवादी नीति परित्याग गर्दै अमेरिकी नेतृत्वको एकध्रुवीय विश्व व्यवस्थाभित्रै प्रवेश गरी त्यसबाट प्रचुर फाइदा उठाए

देशको जिडिपी र प्रतिव्यक्ति आयमा आज जे-जति बढोत्तरी भएको छ, त्यो रेमिट्यान्सका कारण भएको हो । ९-१० प्रतिशत नागरिक विश्व श्रमबजारमा जानुलाई वर्तमान विश्व व्यवस्थाको स्वाभाविक परिणाम मान्न सकिन्छ, तर गाउँका गाउँ खाली हुने गरी आफ्ना नागरिक विश्व श्रमबजारमा जानुलाई स्वाभाविक रूपमा लिन सकिन्न । यो आफ्ना नागरिकको निर्यात हो । नेपाली बाबुआमाले आफ्ना छोराछोरीलाई अन्तर्राष्ट्रिय श्रमबजारमा बिक्री गर्ने र त्यसको पारिश्रमिकबाट सिंगो देश र नेपालका बाबुआमा पालिने व्यवस्था नेपालको अभिन्न संस्कृति बन्न पुगेको छ । नेपाल यस्तो अवस्थामा पुग्नुको जिम्मेवारी कसले लिने ?

भनिन्छ, सबै समस्याको समाधान राजनीति हो, तर नेपालको सबैभन्दा ठूलो समस्या नै राजनीति भएको छ । एकध्रुवीय विश्व व्यवस्थाका कारण सत्ता र शक्तिको स्थिरताका लागि देशको संविधानमा प्रजातन्त्र र मानव अधिकारको व्यवस्था तथा दलहरूको विधान र घोषणापत्रमा प्रजातन्त्र र मानव अधिकारको विषद व्याख्या गर्नैपर्ने भएको छ । तर आश्चर्य, व्यवहारमा दल र दलका नेतालाई प्रजातन्त्र र मानव अधिकारको व्यावहारिक रूपमा पालना गर्नुपर्ने बाध्यता छैन । यही प्रजातन्त्र र मानव अधिकारको ब्यानरभित्र देशमा लुट मच्चाउने अवसर प्राप्त भइरहेको छ । ब्यानर प्रजातन्त्र र मानव अधिकारकै भएकाले अमेरिकालगायत पश्चिमा राष्ट्रहरू नेपालको दारुण अवस्थाप्रति मौन देखिन्छन् । आवधिक निर्वाचन र मतदानको अधिकारलाई नै प्रजातन्त्र मान्नुपर्ने अवस्था छ । प्रजातन्त्रको अन्तर्यलाई भने पूर्णतः निषेध गरिएको छ ।

सोभियत संघ र सोभियत कम्युनिस्ट पार्टीको अवसानपछि विश्वका साम्यवादी दलहरूको अवस्था दयनीय हुँदै गएको छ । सोभियत सञ्चार माध्यमबाट प्रशिक्षित र दीक्षित नेपालका कम्युनिस्ट पार्टी र तिनका नेताले एकाएक आएको अमेरिकी नेतृत्वको एकध्रुवीय विश्व व्यवस्थामा आफूलाई समाहित गर्नुपर्ने अन्यथा दल र आफ्नो राजनीतिक भविष्य समाप्त हुने स्थितिमा आपनो आदर्शविपरीत प्रजातन्त्र र मानव अधिकारवादीका रूपमा आफूलाई प्रस्तुत गर्नु सहज थिएन । तर, आफ्नो आदर्शविपरीत प्रस्तुत हुनैपर्ने बाध्यात्मक अवस्थाले नेपालको प्रजातन्त्र न हाँसको चाल, न कुखुराको चालमा परिणत हुन पुग्यो । देशको सच्चा प्रजातन्त्रवादीका रूपमा आफूलाई प्रस्तुत गर्दै काग्रेसले आफ्नो पक्षको विश्व व्यवस्थाको उमंगमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंकबाट सुझावका रूपमा आउने इमेललाई आफ्नो देशको सन्दर्भमा कुनै विश्लेषण नै नगरी त्यसलाई अन्धानुकरण गर्दा पनि देशले यस्तो अवस्था भोग्नुपरेको हो भन्नेमा सायदै विमति होला ।

त्यसो त द्विध्रुवीय विश्व व्यवस्थामा पनि अवस्था खासै राम्रो थिएन । तत्कालीन सोभियत संघको प्रभाव क्षेत्र मानिने पूर्वी युरोपको अवस्था कस्तो थियो भने ती मुलुकमा सोभियत समर्थक कम्युनिस्ट पार्टीबाहेक अन्य स्वतन्त्र कम्युनिस्ट पार्टीको अस्तित्व कल्पनाबाहिरको विषय हुन्थ्यो । वर्तमान एकध्रुवीय विश्व व्यवस्थाको मूल समस्या के हो भने यसअन्तर्गत आएको प्रजातन्त्रले अन्य राजनीतिक सिद्धान्त, विचार र व्यवस्थासँग कुनै प्रतिस्पर्धा नै गर्नुपरेन । यसको परिणामस्वरूप प्रजातान्त्रिक शासन व्यवस्थामा पनि अनेक विकृति र विसंगति देखा परे । जसले गर्दा यस व्यवस्थाप्रति रहेको विश्वको ठूलो जनमत अहिले विकर्षित हुँदै गएको देखिन्छ । स्वयं पश्चिमा राष्ट्रहरूमा घोर दक्षिणपन्थी पार्टीहरूको जनमत बढ्दै गएको देखिन्छ । एकातर्फ विश्वमा सुशासन र शून्य भ्रष्टाचार भएका मुलुक प्रजातान्त्रिक राष्ट्र नै भए पनि अफ्रिका, लेटिन अमेरिका र एसियामा प्रजातन्त्रको प्रयोग सफल हुन नसकेको मात्र होइन, प्रजातन्त्रको प्राण ठानिएको आवधिक निर्वाचन नै ती देशका लागि भ्रष्टाचार र कुशासनको प्रमुख जड हुन पुगेको देखिन्छ । स्वयं अमेरिकाले सोझै सैनिक हस्तक्षेप गरी शासन व्यवस्था परिवर्तन गरेका इराक, अफगानिस्तान, लिबिया र यमनजस्ता कुनै पनि राष्ट्रमा कहीं पनि प्रजातान्त्रिक व्यवस्था स्थापित हुन सकेन । उल्टै ती देश आज अस्थिरता र विघटननिकट पुगेका छन् । एकध्रुवीय विश्व व्यवस्थाको प्रमुख नीति तेस्रो विश्वमा आफूअनुकूल शासन व्यवस्था स्थापित गर्ने र आफ्नो विरोधी सरकारलाई परिवर्तन गर्ने 'रिजिम चेन्ज' नीतिका कारण आफ्नो आत्मरक्षाका लागि तेस्रो विश्वका मुलुकसमेत आज आणविक हतियार निर्माण गर्नुपर्ने बाध्यतामा पुगेका छन् । यसले स्वयं अमेरिकी आणविक अप्रसार नीतिलाई निरर्थक तुल्याइदिएको छ ।

ब्रिक्सको स्थापना, चिनियाँ बिआरआई परियोजना विस्तार, युक्रेनको मामिलामा भारत र चीनजस्ता विश्वका सबैभन्दा ठूलो जनसंख्या भएको र विश्वको दोस्रो र पाँचौं ठूलो अर्थतन्त्र भएका मुलुक रसियाको साथमा उभिनु, अर्जेन्टिना, ब्राजिल, र इन्डोनेसियाजस्ता अन्य ठूला राष्ट्र पनि युक्रेनको मामिलामा निरपेक्ष रूपमा प्रस्तुत हुनु, तेलको उत्पादन बढाउन बाइडेनले गरेको आग्रहलाई ओपेकले अस्वीकार गर्नु, अन्तर्राष्ट्रिय व्यापारमा डलरको प्रयोग घटाउन धेरै राष्ट्र सहमत हुनुजस्ता परिघटनाले अमेरिकी नेतृत्वको एकध्रुवीय विश्व व्यवस्थामा दरार आइसकेको र वर्तमान विश्व बहुध्रुवीयतातर्फ अग्रसर भएको स्पष्ट भइसकेको छ । यसले खासगरी नेपाललगायत तेस्रो विश्वको आन्तरिक राजनीतिसमेत गम्भीर रूपले प्रभावित हुने निश्चित छ ।

(प्रधान नेपाल स्कोन्डिनेभिया स्टडी सेन्टरका महासचिव हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **झलक सुवेदी**लाई



शरणार्थीका नाममा भएको ठगी प्रकरणलाई कसरी हेर्नुभएको छ ?

यो सामान्य घटना होइन । यसले हाम्रो राज्य संयन्त्र, गृह प्रशासन र राज्य प्रणाली नै खोक्रो हुँदै गएको संकेत गरेको छ । यस्ता घटना सतहमा आउनुले हाम्रो गृह प्रशासनभित्र गरिने अनेकौं चलखेललाई उदांगो पारिदिएको छ । यस घटनाले हाम्रो राज्य संयन्त्रमाथिको जनविश्वास झनै कमजोर बनाइदिएको छ ।

जुन तहको राजनीतिक संलग्नताको चर्चा भइरहेको छ, त्यसको नेपाली राजनीतिमा कस्तो प्रभाव पर्ला ?

यस घटनालाई ठूला दल विशेषगरी काग्रेस, एमाले र माओवादीले ढाकछोप गर्न खोजे भने तिनको राजनीतिक भविष्य समाप्त हुनेछ, उनीहरू जनताबाट टाढिनेछन् । यो घटनाबारे सत्यतथ्य सार्वजनिक गरी छानबिनलाई सघाउनुको साटो ठूला दलहरूले 'डाइभर्ट' गर्न खोजे या साना माछा समातेजस्तो गरेर ठूला माछा उम्काउने गल्ती गरे भने त्यो स्वयं उनीहरूकै लागि आत्मघाती कदम ठहरिनेछ ।

यस प्रकरणमा लहरो तान्दा पहरो थर्केला कि बीचमा लहरो नै चुँडिएला ?

अहिले जुन स्तरमा यो प्रकरणको 'एक्सपोज' भएको छ, त्यो हेर्दा लहरो बीचमै चुँडिएलाजस्तो लाग्दैन । राजनीतिक दलहरूले पनि पहरो थर्किन्छ भने थर्किन दिनुपर्छ, लहरो चुँडाउने प्रयास गर्नुहुँदैन । जनस्तरदेखि संसद्सम्म यस प्रकरणप्रति चर्को चासो छ । त्यो देख्दा यसलाई कसैले चाहँदैमा छल्ने सम्भावना कम देखिन्छ ।

प्रेरक प्रसंग

भीमको आक्रोश

एकपटक महाराज युधिष्ठिर एक मन्त्रीसित छलफल गर्दै थिए । एक ब्राह्मण गुनासो लिएर राजसभामा पुगे । बदमास गुन्डाहरूले उनका गाई खोसेर लगेका थिए । युधिष्ठिरले ब्राह्मणलाई एकैछिन बाहिर प्रतीक्षा गर्न लगाए । मन्त्रीसितको वार्तालापपछि युधिष्ठिरसित भेटघाटका लागि छिमेकी देशका राजदूत पुगे । त्यसपछि पनि अन्य भेटघाटमा व्यस्त हुँदाहुँदै उनले ब्राह्मणलाई समय दिन सकेनन् । अन्त्यमा सबै काम सिध्याएर निस्किँदा उनी निकै थाकिसकेका थिए । उनले ब्राह्मणलाई भने- आज म निकै थाकेको छु । तपाईं भोलि आउनुस् है ! म अवश्य सहयोग गर्नेछु ।



युधिष्ठिर आराम कक्षतिर लम्किए । ब्राह्मण निकै दुःखी भए र घरतिर हिँडे । बाहिर निस्किँदै गर्दा उनको भेट राजकुमार भीमसित भयो । भीमले उनको समस्या सोधे । ब्राह्मणले भीमलाई सबै बताए । जब भीमले उनले युधिष्ठिरले भोलि बोलाएको थाहा पाए, तब उनले तत्कालै सैनिकलाई विजयको नगरा बजाउने आदेश दिए । तत्काल आदेश कार्यान्वयन भयो, दरबारका चारै दिशामा नगरा घन्किए ।

नगराको आवाज सुनेर युधिष्ठिर बाहिर निस्किए । त्यहाँ उनले भीमलाई भेटे । उनले विजय नगरा बज्नुको कारण सोधे । भीमले भने- महाराज हजुरले कालमाथि विजय हासिल गरिबक्सेको खुसियालीमा यी नगरा बजाइएका हुन् । 'हँ, तिमी यो के भन्दै छौ ?' युधिष्ठिरले छक्क पर्दै सोधे । हजुरले एक ब्राह्मणलाई भोलि बोलाउनुभएको रहेछ । त्यसको अर्थ, हजुरलाई आफू भोलिसम्म मर्दिनँ अर्थात् कालले छुन सक्दैन भन्ने पक्का रहेछ । त्यसैले, कालमाथिको विजयोत्वसमा यी नगरा बजेका हुन् महाराज ! भीमको कुरा सुनेपछि युधिष्ठिरलाई आफ्नो गल्ती महसुस भयो । उनले ती ब्राह्मणका समस्या सुने र उचित सहायताको प्रबन्ध गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूरै सिनेमा हेर्न आतुर छौं

भुटानी शरणार्थी प्रकरणमा सार्वजनिक भएको संगठित अपराधको ट्रेलर बिस्तारै देखिँदै छ । तर, प्रधानमन्त्री प्रचण्डले नै यो ट्रेलर मात्र भएको र पूरै फिल्म आउन बाँकी नै रहेको बताएकाले हामी जनता पूरै फिल्म हेर्न आतुर छौं । यसैले होला, यतिखेर नेपाली जनताले यस 'सिनेमा'मा अभिनय गर्ने सरकारी अधिकारी तथा नेताहरूको भूमिका हेर्न निकै आतुरतासाथ प्रतीक्षारत छन् । ट्रेलरले नै निकै सनसनी मच्चाइरहेको समयमा जनताले पूरै सिनेमा छिटै रिलिज हुने अपेक्षा गरेका छन् । कतै यो सिनेमा रिलिज नै नहुने त होइन ?

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं

पहरो गर्जिने गरी लहरो तान

'लहरो तान्दा पहरो गर्जिन्छ' भन्ने नेपाली उखान यतिखेर नेपाली राजनीतिमा सार्थक भइरहेको छ । भुटानी शरणार्थी बनाएर नेपाली नागरिकलाई अमेरिका पठाउने भन्दै अर्बौं कुम्ल्याएको गिरोहका सदस्य धमाधम पक्राउ पर्न थालेपछि यतिखेर राजनीतिक वृत्तमा लहरो तान्दा पहरो गर्जिरहेको छ । बिचौलियाहरू धमाधम पक्राउ पर्दै गएपछि राजनीतिक नेताहरूमा चर्को छटपटी र बेचैनी देखिन थालेको छ । एमाले सचिव टोपबहादुर रायमाझी त फरार नै भइसके । अझै कति फरार हुने हुन्, समयले नै बताउला ।

● **सूर्य दोङ**
गैरीगाउँ, काठमाडौं

कारबाही गर्न खुट्टा नकँपाऔ

भुटानी शरणार्थीका नाममा भएको ठगीसम्बन्धी समाचारले यतिखेर नेपाली राजनीति तरंगित भएको छ । शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै अर्बौं ठगी गर्ने गिरोहका सदस्य फक्राउ परेपछि राजनीतिका चिरपरिचित खेलाडीहरू पनि यस प्रकरणमा जोडिएका समाचार आइरहेका छन् । तिनलाई पक्राउ गरेर कारबाही गरिन्छ या राजनीतिको छाता ओढाएर उन्मुक्ति दिइन्छ, त्यो भविष्यमा देखिने नै छ । पूरै सिनेमा आउन बाँकी छ भन्ने घोषणा गर्ने प्रधानमन्त्री प्रचण्डले खुट्टा कँपाएनन् भने कारबाही गर्न असम्भव भने छैन ।

● **भूमिका नगरकोटी**
सीतापाइला, काठमाडौं

राष्ट्रपतिको उपचार खर्चबारे

राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो उपचार खर्च आफैं व्यहोर्ने भन्ने खबर सुन्दा राम्रो लाग्यो । अब राष्ट्रपतिले मात्र उपचार खर्च आफूले व्यहोर्ने होइन, उच्चपदस्थ व्यक्ति जो सक्षम छन्, तिनीहरू सबैले आफ्नो उपचार खर्च आफैं व्यहोर्नुपर्छ । यसलाई सरकारले नीति बनाएर संसद्बाटै पारित गराउनुपर्छ ।

नेपालमै उच्चस्तरको सेवा-सुविधा भएका अस्पताल खोलेर उपचारका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य गर्न पहल गर्नुको साटो नेताहरू उपचारकै नाममा बारम्बार विदेश गइरहेका छन् । प्रजातन्त्र आएको ३३ वर्षसम्म पनि किन सुविधा-सम्पन्न सरकारी अस्पताल खुल्न सकेन । नेताहरूले निजी अस्पतालमा लगानी गरेकाले सरकारी अस्पताललाई गुणस्तरीय नबनाएका त होलान् नि, होइन ? उपचार खर्चका नाममा वार्षिक अर्बौं रकम बिदेसिएको देख्दादेख्दै पनि नदेखेजस्तो गर्ने नेताले देश बनाउँछु भनेको सुन्दा देश र जनताको उपहास गरेजस्तो लाग्छ ।

देश बनाउने रकमले नेता र कर्मचारीलाई पाल्दै ठिक भएपछि देशचाहिँ केले बनाउने ? सामान्य रुघा लाग्यो भने पनि उपचार गर्न विदेश जानेले देशभित्रै सुविधा सम्पन्न अस्पताल बनाउलान् र जनतालाई सेवा देलान् भन्ने अपेक्षा गर्नु नै व्यर्थ हो ।

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं

भूलसुधार

२५ वैशाखमा प्रकाशित 'भारतीय नागरिकसँग नेपाली नागरिकता, त्यही प्रयोग गरेर व्यवसाय सञ्चालन र घरजग्गा खरिद' शीर्षकको समाचारमा राजेशकुमार गुप्ताको तस्बिर निम्नबमोजिम हुनुपर्नेमा अन्यथा पर्न गएकाले क्षमायाचनासहित भूलसुधार गरिएको छ । - *सम्पादक*



फ्रान्समा विरोध प्रदर्शन र सत्ताप्रतिको वितृष्णा

मे दिवसका दिन प्रदर्शनकारी र प्रहरीबीच भएको हिंसात्मक झडपले फ्रान्सेली समाजको राजनीतिक वितृष्णा झल्काउँछ



देश / विदेश

● ब्रिगिट ग्रानभिले

धेरैपटक दोहोरिँदा महत्त्वपूर्ण परिघटनाको प्रभाव पनि मत्थर भइदिन्छ । त्यसैले होला विरोध भइरहने र लामो समयसम्म चलिरहने फ्रान्सको जनविरोध सारा विश्वबाट ओझेल परिरहन्छ । सम्भवतः महामारीका कारण निम्तिएको अस्वाभाविक निष्क्रियता चिर्दै फ्रान्समा अहिले तीन वर्षपछि ठूलो प्रदर्शन भइरहेका छन् । राष्ट्रपति इम्यानुएल म्याक्रोंले पेन्सन सुधार योजना लागू गर्न खोज्दा अहिलेको प्रदर्शन भड्किएको हो । शान्तिपूर्ण आन्दोलन हप्तौंसम्म चल्दा पनि त्यसप्रति चासो दिनुको साटो मार्चमा म्याक्रोंले संविधानको धारा ४९(३) आकर्षित गरी संसद् (नेसनल एसेम्बली) लाई छल्दै ठाडो आदेशमा अवकाश उमेर बढाए ।

अहिले प्रदर्शन हिंसात्मक भएका छन् । मे दिवसको झडपमा सयभन्दा बढी प्रहरी अधिकारी घाइते भए भने झन्डै तीन सयजनालाई गिरफ्तार गरियो । म्याक्रोंले संसद् छलेकै कारण प्रदर्शन उग्र भएको हो भन्ने स्पष्ट आधार नभए पनि गत वर्षको चुनावमा बहुमत ल्याउन नसकेका राष्ट्रपतिले संसद्लाई छल्नुलाई धेरैले अपमानका रूपमा लिएका छन् । मे दिवसमा प्रदर्शनकारी र प्रहरीबीच भएको हिंसात्मक झडपले फ्रान्सेली समाजको राजनीतिक वितृष्णा झल्काउँछ । राष्ट्रपतिको कदमले फ्रान्सको आन्तरिक लोकतन्त्रको बहसलाई नै परिवर्तित गरिदिएको छ । अवकाशको उमेर बढाउँदा हुने फाइदा-बेफाइदामा बहस गर्नुको साटो जनताले फ्रान्सलाई कसले शासन गरेको छ भनेर प्रश्न गर्न थालेका छन् । लोकतान्त्रिक रूपमा निर्वाचित सरकार र प्रदर्शनकारीबीच छनोट जनाउने गरी बनेको यो घिसापिटा प्रश्नले महत्त्वपूर्ण मुद्दालाई ओझेल पारिदिएको छ । के सरकारका कदम पूर्ण रूपमा कानुनसम्मत हुँदाहुँदै पनि कदमको वैधानिकतामाथि प्रश्न उठ्नु फ्रान्सको राजनीतिक एवं संवैधानिक व्यवस्था आधारभूत रूपमै समस्याजनक छ भन्ने संकेत हो ? समस्याजनक मान्ने हो भने सरकार र जनताबीचको सम्बन्धलाई कसरी सुधार्न सकिन्छ ?

फ्रान्सको हालको प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुने गणतान्त्रिक व्यवस्था (फिफ्थ रिपब्लिक) निर्माण गर्ने तत्कालीन प्रत्यक्ष निर्वाचित राष्ट्रपति साल डु गललेे आफूमा निहित शक्ति 'एक व्यक्ति र एक जनताबीचको' जादुयी सम्बन्ध हो भनेका थिए । फ्रान्समा सामान्यतया प्रधानमन्त्रीले देश सञ्चालनको दैनिक कामको जिम्मा लिन्छन् भने राष्ट्रपतिले अन्य राजनीतिक कार्यभार सम्हाल्छन् । तर, विदेश एवं सुरक्षा नीतिका मामिलामा संवैधानिक अधिकार प्रयोग हुँदा राष्ट्रपतिले सरकारमाथि अंकुश लगाउने प्रयास गर्छन् । अधिकांश समय राष्ट्रपति शक्तिशाली हुन्छन् र आफ्नो इच्छाअनुसार नेसनल एसेम्ब्लीलाई बेवास्ता गर्न सक्छन् । फ्रान्सेली राष्ट्रपतिले सन् १९५८ यता सयपटक धारा ४९(३) प्रयोग गरेका छन् र यसो गर्दा अधिकांश समय राष्ट्रपतिसँग संसदीय बहुमत थियो । संसद्लाई उपेक्षा गर्ने प्रवृत्तिले फिफ्थ रिपब्लिक व्यवस्थामा समाजमा परस्पर प्रतिस्पर्धा भइरहने स्वार्थबीच मध्यस्थता हुन नसकेको तितो सत्य उजागर भएको छ ।

दार्शनिक एवं एकपटक राष्ट्रपतिका उम्मेदवार बनेका गेस्पार कुइनिगले गलको सूत्रलाई 'मिथ्याबोध, आक्रोश एवं हिंसाको घातक स्रोत' बताएका छन् । कुइनिगले अन्य आधुनिक युरोपेली लोकतन्त्रको जस्तो संसदीय व्यवस्था झल्काउने वैकल्पिक व्यवस्थाको प्रस्ताव राखेका थिए । उनको प्रस्तावलाई फ्रान्समा 'एंग्लो-सेक्सन मिडिया' (तथाकथित बेलायतपरस्त मिडिया) को ध्यान खिचेको थियो ।

हालका दिनमा संसद्को कमजोरी पहिलेभन्दा बढी स्पष्ट भएको छ । गत वर्ष पहिलोपटक फिफ्थ रिपब्लिक व्यवस्थामा त्रिशंकु संसद् देखा परेको छ । म्याक्रोंको रेनेसा पार्टी र उनका साझेदारसँग कुल पाँच सय ७७ सिटमा दुई सय ५० सिट मात्रै छ । उसो त विपक्षीले



तस्बिर : जोफ्रे भेन डर हेसेल्ट/एएफपी

म्याक्रोंलाई पेन्सनका मामिलामा धारा ४९ उपधारा ३ प्रयोग गर्नबाट रोक्न प्रयास नगरेका होइनन् । यही २० मार्चमा भएको अविश्वासको प्रस्तावको पक्षमा पूर्ण बहुमत आउन नौ मतको कमी देखिएको थियो ।

फ्रान्सले आफ्नो राजनीतिक खेलका नियम परिवर्तन गर्न आवश्यक छ । यसका लागि फ्रान्समा संवैधानिक परिवर्तनभन्दा पनि समाजमा राजनीतिक नेतृत्वप्रतिको वितृष्णाको जरो पत्ता लगाउनुपर्छ । सन् २०१७ मा विगत ४० वर्षदेखि रजगज गर्दै आएका मध्य दक्षिणपन्थी एवं मध्य वामपन्थीलाई माथ खुवाउँदै म्याक्रोंले फ्रान्सेली सत्ताको बागडोर सम्हालेका थिए । ४० वर्षयतादेखि अकर्मण्यता र दम्भ प्रस्तुत गर्दै आएका मध्य दक्षिणपन्थी एवं मध्य वामपन्थीको पराजयलाई गलत भनेर बुझ्नु ठिक हुँदैन । यद्यपि फ्रान्सको नयाँ राजनीतिक परिदृश्यमा उत्सव मनाउनुपर्ने कारण देखिँदैन । बजारमा आधारित पुँजीवाददेखि युरोपेली एकीकरणसम्मको विरोध गर्ने कट्टरपन्थी राजनीतिक समूह हाबी भएको व्यवस्थालाई ठिक छ भन्ने अवस्था छैन ।

यी संस्थापनविरोधी पार्टी/शक्तिलाई समर्थन गर्ने मतदाता संरचनागत रूपमै वञ्चित छन् । यी मतदाताले दोस्रो विश्वयुद्धपछिका पहिलो तीन दशकमा सोभियत समर्थक कम्युनिस्ट र अन्य उग्र-वामपन्थी पार्टीका मतदाताको झल्को दिन्छ । त्यतिबेला तीव्र रूपमा बढ्दो जीवनस्तरले यी पार्टीलाई कमजोर बनायो र नरम उदार वामपन्थी दललाई उच्च समर्थन मिल्यो । अहिले फ्रान्सको अर्थतन्त्र धराशयी हुँदै छ र मे दिवसको हिंसात्मक प्रदर्शनले राजनीतिक अस्थिरताको जोखिम बढाइदिएको छ । यो परिप्रेक्ष्यबाट हेर्ने हो भने राजनीतिप्रतिको वितृष्णाको सामना गर्ने प्रभावकारी उपाय संवैधानिक सुधारभन्दा पनि स्वस्थ आर्थिक वृद्धि नै हो । आफ्नो पहिलो कार्यकालमा म्याक्रोंले वृद्धिउन्मुख सुधार विशेषतः श्रमबजारमा केन्द्रित भएर केही उल्लेखनीय प्रगति हासिल गरेका थिए । य

पश्चिमा मान्यताविरुद्ध विश्वलाई एकताबद्ध गर्दै चीन

राष्ट्रपति सी भन्छन्- चीनको राजनीतिक प्रणालीमाथिको कुनै पनि आक्रमण चिनियाँ संस्कृतिमाथिको हमला हो



तीस वर्षअघि सोभियत संघको पतनपछि अमेरिकी विद्वान् स्यामुअल हन्टिङटनले विश्व कसरी परिवर्तन हुनेछ भनेर निराशाजनक दृष्टिकोण पस्किएका थिए। उनले पश्चिम र पूर्वबीचको शीतयुद्धलाई 'सभ्यताको टकराव'ले प्रतिस्थापन गर्ने बताए। अमेरिकासँगको चीनको संघर्ष तीव्र हुँदै जाँदा राष्ट्रपति सी जिनपिङले हालैमा 'सभ्यताहरू मिलेर रहन सक्छन्' भन्ने एउटा फरक दृष्टिकोण अघि सारेका छन्। उनको यो दृष्टिकोण बढी नै आशावादी सुनिन सक्छ, तर यसको अन्तर्निहित सन्देश भने उस्तो आशावादी छैन। यसभित्र पश्चिमले आफ्ना मूल्य-मान्यतालाई बढावा दिन बन्द गर्नुपर्छ, अन्यथा हन्टिङटन सही साबित हुनेछन् भन्ने भाव अन्तरनिहित छ।

१५ मार्चमा सीले आफ्नो 'ग्लोबल सिभिलाइजेसन इनिसियटिभ (जिसिआई)' सार्वजनिक गरेपछि त्यसलाई चिनियाँ सरकारी सञ्चार माध्यमले व्यापक कभरेज गरे। चीनको राष्ट्रवादी ट्याब्लोइड 'ग्लोबल टाइम्स'को अंग्रेजी संस्करणले राष्ट्रपति सीको विचारलाई 'सी (जिनपिङ) भिलाइजेसन'को संज्ञा दियो र यसलाई 'सबैभन्दा महत्त्वपूर्ण' र 'चिनियाँ प्रज्ञानपूर्ण' विचार करार गऱ्यो। हङकङबाट निस्किने अखबार साउथ चाइना मर्निङ पोस्टमा लेख्दै एक चिनियाँ कूटनीतिज्ञले हन्टिङटनको विचारलाई लक्षित गर्दै यसो भने, 'सभ्यताहरूको टकरावको पुरातन थेसिस पुनः सतहमा देखा परिरहेको समयमा चीनको शान्तिपूर्ण विश्वका निम्ति सभ्यताहरूको समानतामाथिको जोड अत्यन्त महत्त्वपूर्ण छ।' अर्थात् पश्चिमले चिनियाँ साम्यवादसँगसँगै बाँच्न सिक्नुपर्छ। चिनियाँ साम्यवाद मार्क्सवादमा आधारित त हुन सक्छ, तर यो यहाँको प्राचीन संस्कृतिको प्रतिफल पनि हो।

'ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई)' विश्व कसरी चल्नुपर्छ भन्ने सम्बन्धमा सीले ल्याएको पछिल्लो कार्यक्रम हो। यो पहिले ग्लोबल डेभलपमेन्ट इनिसियटिभ (जिडिआई)का रूपमा आएको थियो, जसलाई उनले सन् २०२१ मा संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरेका थिए। यो र विश्वव्यापी पूर्वाधार निर्माण परियोजना 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)'लाई 'ट्विइन इन्जिन'का रूपमा हेरिएको छ, जुन राष्ट्रपति सीले दशकअघि आफ्नो शासनकालको सुरुवाततिरै आरम्भ गरेका थिए। जिडिआईअन्तर्गत चीनले विपन्न देशहरूलाई सार्वजनिक स्वास्थ्यदेखि कार्बन उत्सर्जन न्यूनीकरणसम्ममा सहयोग गर्न कम्तीमा चार अर्ब अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

सीले सन् २०२२ बाट 'ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई)' नामक अर्को कार्यक्रम अघि सारेका छन्, जुन मस्कोका उनका मित्र भ्लादिमिर पुटिनले युक्रेनमाथि आक्रमण सुरु गरेको दुई महिनापछि आएको थियो। जिएसआईले रुसको विश्व दृष्टिकोणलाई प्रतिबिम्बित गर्दै अन्तर्राष्ट्रिय सुरक्षा निर्माणमा 'साझा, विस्तृत, सहकारीपूर्ण र दिगो' दृष्टिकोणको आह्वान गरेको छ। यो चीन र रुसजस्ता ठूला शक्तिराष्ट्रलाई तीनका छिमेकमा सुरक्षा व्यवस्थामा भिटो प्रदान गर्ने छोटो बाटो हो। चिनियाँ अधिकारीले मार्चमा इरान र साउदी अरेबियाबीच भएको मेलमिलापलाई

> शताब्दीयौँदेखि राज्य र व्यक्तिगत व्यवहारलाई निर्देशित गरिआएको कन्फ्युसियसवादलाई माओत्सेतुङले दबाउने प्रयास गरे। राष्ट्रपति सी भने त्यसैको प्रचार गर्दै छन्।

जिएसआईको जितको रूपमा व्याख्या गरेका छन्, जसमा चीनले भूमिका खेलेको थियो। उनीहरूले युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीसँग सीको २६ अप्रिलको टेलिफोन वार्तालाई जिएसआईको अर्को कोसेढुंगाका रूपमा प्रशंसा गर्नेमा शंका छैन।

चीनको कम्युनिस्ट पार्टीद्वारा आयोजित र १५० भन्दा बढी देशका करिब ५०० राजनीतिक संगठनका नेतामाझको भर्चुअल संवादमा जिसिआईको घोषणा गरिएको थियो। यसको केही दिनपछि अमेरिकी राष्ट्रपति जो बाइडन आफ्नो दोस्रो डेमोक्रेसी शिखर सम्मेलन सह-आयोजना गर्दै थिए। यसमा भिडियोमार्फत विश्वका ८५ नेताहरूले भाग लिएका थिए (जसमा चीनलाई निमन्त्रणा गरिएको थिएन)। 'लोकतन्त्रका नाममा विभाजन र मुठभेड निम्त्याउने अभ्यास आफैँमा लोकतन्त्रको मर्म र भावनाको उल्लंघन हो,' राष्ट्रपति सीले सहभागीहरूलाई सुनाए, 'यो कुराले कुनै समर्थन प्राप्त गर्दैन।' सीको पहलले थुप्रै गैरपश्चिमा मुलुकमा समर्थन प्राप्त गर्न सक्छ। 'देशहरूले अन्य सभ्यताका मूल्यको कदर गरिरहँदा आफ्नो दिमागलाई खुला राखिराख्नुपर्छ,' उनको भनाइ थियो।

लामो समयदेखि चिनियाँ सभ्यता सीको चासोको विषय रहँदै आएको छ। यसबारे छलफल गर्न उनले पोलिटब्युरो बैठक नै बोलाएका छन्। उनको एउटा मन्त्र छ- चिनियाँहरूले 'चारवटा आत्मविश्वास' प्रदर्शन गर्नुपर्छ। तीमध्ये तीनवटा चिनियाँ साम्यवादका विभिन्न पक्षमाथिको विश्वास बलियो बनाउनेसँग सम्बन्धित छन्। चौथो मात्रै चिनियाँ संस्कृतिसँग सम्बन्धित छ। सी चिनियाँ संस्कृतिको महानतामा कसैले शंका नगरोस् भन्ने चाहन्छन्। यस विषयमा उनको विचार चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापकहरूको भन्दा एकदम फरक छ। उनीहरू कम्युनिस्ट कालखण्डअघिका अँध्यारा पक्ष उजागर गर्थे। सी सांस्कृतिक निरन्तरतालाई जोड दिन रुचाउँछन्। चिनियाँ संस्कृतिको गरिमा पार्टीमा समाहित भएकोमा जोड दिन चाहन्छन्। शताब्दीयौँदेखि राज्य र व्यक्तिगत व्यवहारलाई निर्देशित गरिआएको कन्फ्युसियसवादलाई माओत्सेतुङले दबाउने प्रयास गरे। सीचाहिँ त्यसैको प्रचार गर्दै छन्।

हालैका वर्षमा केही चिनियाँ विद्वान्ले चीनलाई एउटा विशिष्ट सभ्यताले युक्त 'सभ्यतागत राज्य'का रूपमा लिने गरेका छन्। सन् २००९ मा प्रकाशित बेलायती लेखक मार्टिन ज्याक्सको पुस्तकले यो धारणालाई लोकप्रिय बनाउन मद्दत गऱ्यो। 'ह्वेन चाइना रुल्स द वर्ल्ड' शीर्षकको यो पुस्तक चीनमा बेस्टसेलर बनेको थियो। पुस्तकमा उल्लिखित 'चीनले पश्चिमा मूल्य-मान्यतालाई नअपनाई पश्चिमी शक्तिलाई विस्थापित गर्नेछ' भन्ने भविष्यवाणी कम्युनिस्ट पार्टीको दृष्टिकोणसँग मिल्दो छ। चिनियाँ प्राज्ञ झाङ वेइवेईको सन् २०११ मा यसै विषयमा लेखिएको पुस्तक पनि लोकप्रिय भयो। पुस्तकमा झाङले चीनलाई असाधारण मुलुकका रूपमा वर्णन गरेका छन्। उनका अनुसार चीन प्राचीन सभ्यताले सुसज्जित तर आधुनिक मुलुक हो। यसैले उनीमाथि सीको निगाह छ। उनलाई सन् २०२१ मा सिपिसीको चीनको विचारधारालाई विश्वव्यापी रूपमा कसरी प्रस्तुत गर्ने भन्नेबारे पोलिटब्युरोलाई जानकारी दिन आमन्त्रित गरिएको थियो।

सांघाईमा २१ अप्रिलमा सरकारले प्रायोजन गरेको एक मञ्चमा झाङले चिनियाँ संस्कृतिको 'सद्भाव' पश्चिममा राजनीतिमा अन्तर्निहित द्वन्द्वको विपरीत भएको जिकिर गरे (जसमा ज्याक पनि वक्तामध्ये एक थिए)। सी 'सांस्कृतिक आत्मविश्वास'लाई बढावा दिने आफ्नो प्रयासमा चिनियाँ सभ्यताको असाधारणपनमाथि जोड दिन्छन्। उनी यो 'अद्वितीय विचार र प्रज्ञा'ले युक्त भएको दाबी गर्छन्।

गत वर्षको सुरुताका चीनले संयुक्त राष्ट्रसंघमा ५३ सदस्य राष्ट्रसहित 'फ्रेन्ड्स अफ द ग्लोबल डेभलपमेन्ट इनिसियटिभ' नामको एउटा समूह गठन गऱ्यो। अहिले यसका सदस्य ७० पुगेका छन्। गत महिना सम्पन्न लोकतन्त्र शिखर सम्मेलन (डेमोक्रेसी समिट)मा बाइडेनले यसलाई ज्वारभाटा अधिनायकवादतर्फ मोडिरहेको वास्तविक संकेत भएको बताएका थिए। यसका प्रशस्त आधार छन्। स्विडेनको युनिभर्सिटी अफ गोथेनबर्गस्थित थिंक ट्यांक भी-डेम इन्स्टिच्युटले यही मार्चमा सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार विश्वमा अधिनायकवादमा बसोवास गर्ने जनसंख्या सन् २०१२ मा ४६ प्रतिशत रहेकोमा बढेर गत वर्ष ७२ प्रतिशत पुगेको थियो।

तर पश्चिममा सीको यो 'सभ्यतागत पहलकदमी'ले उनी वा उनको पार्टीको छवि उकास्न खासै केही गर्न सक्दैन। पश्चिमका सम्भ्रान्त वर्गका धेरैले चीनमा लोकतन्त्रको आह्वान गर्नु भनेको त्यहाँको सभ्यतालाई चुनौती दिनु हो भन्ने धारणालाई अस्वीकार गर्छन्। डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति छँदा सन् २०१९ मा स्टेट डिपार्टमेन्टका एक अधिकारीले हन्टिङटनकै भाषामा चीनसँगको प्रतिद्वन्द्विताको वर्णन गरिन्। 'यो वास्तवमै फरक सभ्यता र फरक विचारधाराको लडाइँ हो,' किरोन स्किनरले भनेकी थिइन्, 'अमेरिकाले एक महाशक्ति प्रतिद्वन्द्वीको सामना गरेको छ र त्यो ककेसियन (रुस) होइन।' तर, आफ्नो टिप्पणीका कारण उनले अमेरिकामा कडा आलोचनाको सामना गर्नुपऱ्यो।

हालैका वर्षमा थुप्रै अमेरिकी विश्वविद्यालयले आफ्ना क्याम्पसमा रहेका कन्फ्युसियस इन्स्टिच्युटहरू बन्द गरेका छन्। चिनियाँ भाषा र संस्कृतिलाई बढावा दिने यी संस्थालाई तिनका शंकास्पद राजनीतिक प्रभावका कारण निसाना बनाइएको हो। चीन सरकारले प्रायोजन गरेका यस्ता संस्था पश्चिममा धेरै छन्।

-द इकोनोमिस्टबाट

इतिहासमा आज



सन् १५०२ : क्रिस्टोफर कोलम्बसको चौथो र अन्तिम यात्रा सुरु। लामो समयदेखि नयाँ संसारको खोजीमा रहेका कोलम्बसद्वारा आफ्नो चौथो र अन्तिम यात्राका क्रममा एसिया जाने डुंगा चढे।

सन् १९७४ : अमेरिकी सदन न्यायिक समितिद्वारा राष्ट्रपति रिचर्ड एम. निक्सनविरुद्धको महाभियोगमा औपचारिक सुनुवाइ सुरु।

सन् १९४६ : इटलीका राजा भिक्टर इमानुएल द्वितीयले आफ्नो सिंहासन त्याग गरेको घोषणा। उनको उत्तराधिकारी अम्बर्टो प्रथम भएका थिए।

सन् १९६० : पहिलोपटक जन्म नियन्त्रण चक्की स्वीकृत। अमेरिकी खाद्यान्न तथा औषधि प्रशासनद्वारा जन्म नियन्त्रणका लागि पहिलोपटक इनभोइड औषधिलाई स्वीकृत गरेको थियो।

१९३६ : इटलीद्वारा इथियोपियाको एडिस अब्बा कब्जा गरेको घोषणा।

सन् १९१५ : जर्मन र फ्रान्सेली फौज आरटोइसको युद्धमा होमिएका थिए।

डुंगा डुब्दा २२ को मृत्यु

नयाँदिल्ली / भारतमा एउटा पर्यटक डुंगा डुब्दा कम्तीमा २२ जनाको मृत्यु भएको छ। दक्षिणी राज्य केरलाको मालापुरम जिल्लामा कम्तीमा ३० जना यात्रु बोकेको डबल डेकर डुंगा दुर्घटनामा परेको हो। दुर्घटनाको कारण स्पष्ट हुन सकेको छैन।

डुबेको डुंगाको खोजी सोमबारसम्म जारी राखिएको थियो। एक प्रहरी अधिकारीले एएफपीलाई दिएको जानकारीअनुसार अहिलेसम्म १५ महिला र सात पुरुष गरी २२ जनाको शव निकालिएको छ। ६ जनालाई उपचारका लागि अस्पताल लगिएको छ। उद्धार कार्य जारी छ। स्थानीय प्रकाशन ओन्मानोरमाका अनुसार दुर्घटनामा तीन बालबालिकासहित एकै परिवारका ११ जनाको मृत्यु भएको छ।

पति र छोरीसँगै डुंगामा रहेकी रजिसाले डुंगामा सवार अधिकांश यात्रु बालबालिका रहेको र यात्राका क्रममा डुंगाबाट धुवाँ निस्केको बताइन्। डुंगामा ठोक्किएर घाँटीमा चोट लागेकी रजिसाले भनिन्, 'हामी लाइफ ज्याकेट लगाएका कारण मात्र बाँच्न सफल भयौं।' उनले आफू र आफ्नो परिवारका लागि तीनवटा लाइफ ज्याकेट ल्याइएको र डुंगाको माथिल्लो डेकमा रहेका बालबालिकालाई चारवटा ज्याकेट दिइएको बताइन्।

एनडिटिभीका अनुसार राष्ट्रिय विपत् प्रतिकार्य बल र भारतीय तटरक्षक बलका कर्मचारीसहित उद्धार टोलीले पानीमुनिको क्यामेरा प्रयोग गरेर हराइरहेकाहरूको खोजी गरिरहेका छन्। कांग्रेस पार्टीका नेता भिडी सतिसनले दुर्घटना हेलचेक्याइँका कारण भएको भन्दै यसको छानबिनको माग गरेका छन्। केरलाका खेलकुद तथा मत्स्यपालनमन्त्री भी अब्दुरहिमानले मृत्यु हुनेमा अधिकांश विद्यालय बिदामा रहेका बालबालिका रहेको बताएका छन्।

सप्तकौशिका बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि ४, शंखधरचोक, भक्तपुर

फोन नं. ५०५३५५५

धितो लिलामी बिक्री सम्बन्धि ३५ दिने सूचना

यस सप्तकौशिका बचत तथा ऋण सहकारी संस्था लि.बाट अचल सम्पत्ति धितो राखी तपसिलमा उल्लेखित ऋणी सदस्यले ऋण लिंदा गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा,ब्याज नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा कर्जा चुक्ता गर्न मौखिक तथा लिखित सूचनाद्धारा तारताकेता गर्नुका साथै ३५ दिने तथा १५ दिने अवधि दिई कर्जा बुझाउन अनुरोध गर्दै पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा चूक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋण सुरक्षण बापत यस संस्थाको नाममा धितो रहेको जग्गा, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्न धितो लिलामी सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेको जानकारी गराइन्छ। साथै धितोमा रहेको तपशिलमा उल्लिखित सम्पत्ति सकार गर्न इच्छुक व्यक्ति तथा संघ संस्थालाई समेत यो सूचना प्रकाशित गरेको जानकारी गराइन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	फोटो	धितोको विवरण
नाम : सिता कोइराला **ठेगाना :** जिल्ला: दोलखा, गा.वि.स/न.पा.:पवटी वडा नं. ३ **बुबाको नाम :** डिल्ली बहादुर भूजेल **बाजेको नाम :** तुल बहादुर भूजेल **पतिको नाम :** दिनेश कोइराला		**जग्गा धनीको नाम : दिनेश कोइराला** **मोरङ जिल्ला बेलबारी, राजघाट वडा नं. ८** कित्ता नं.४०३ क्षेत्रफल १-०-०-० **मोरङ जिल्ला बेलबारी, मधुमल्ला वडा नं.३** कित्ता नं. १६८ क्षेत्रफल ०-१२-०-० कित्ता नं २१३ क्षेत्रफल ०-११-१५-२
धनजमानीको नाम, ठेगाना	**फोटो**	
नाम : दिनेश कोइराला **ठेगाना : जिल्ला :** दोलखा, गा.वि.स/न.पा.पवटी वडा नं.३ **बुबाको नाम :** सिताराम कोइराला **बाजेको नाम :** निल प्रसाद कोइराला		

लिलाम बिक्रीका शर्तहरु:

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको कूल रकमको १०% रकम नगद धरौटी बापट तुरुन्तै संस्थामा बुझाउनुपर्छ।

२) लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाई नामसारी गर्नु पर्नेछ। अन्यथा धरौटी रकम स्वत: जफत हुनेछ।

३) सम्पत्ति सकार गरि लिदां लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्ने।

४) लिलाम तोकेको दिन खोलिने छ तर सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा खोलिनेछ।

५) लिलाम कबुल गर्दा सबै भन्दा बढी कबुल गर्ने व्यक्तिलाई जग्गा बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।

६) लिलाम हुने मिति, समय र स्थान :

मिति : २०८०/०२/३२ गते बिहिबार

समय : बिहान १०:०० देखि ४:०० बजे सम्म

स्थान : संस्थाको कार्यालय

Butwal Power Company Limited

Buddha Nagar, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE THIRD QUARTER, FISCAL YEAR 2079/80 ENDED 30TH CHAITRA 2079 (13 APRIL 2023)

Figures in NPR'000

Statement Of Financial Position	This Quarter Ending Chaitra end 2079	Previous Quarter Ending Poush end 2079	Corresponding Previous Year Quarter Ending Chaitra end 2078
ASSETS			
Non-Current Assets			
Property, plant and equipment	276,288	276,341	286,501
Capital work-in-progress	36,211	28,419	37,235
Intangible assets	1,834,893	1,855,083	1,810,075
Project work-in-progress	310,735	309,310	291,628
Financial assets	3,650,134	3,596,608	3,532,649
Other non-current assets	6,139	6,327	6,994
Total Non-Current Assets	**6,114,400**	**6,072,088**	**5,965,082**
Current Assets			
Inventories	66,964	64,984	97,668
Trade receivables	82,539	127,132	87,074
Cash and cash equivalents	416,075	120,806	72,116
Other Financial assets	1,153,431	1,436,171	1,339,260
Other current assets	4,207	8,146	5,253
Current tax assets (net)	543	-	884
Total Current Assets	**1,723,759**	**1,757,239**	**1,602,255**
Total Assets	**7,838,159**	**7,829,327**	**7,567,337**
EQUITY AND LIABILITIES			
Equity			
Equity share capital	3,409,065	3,409,065	3,246,327
Other equity	3,601,788	3,567,168	3,705,828
Total Equity	**7,010,853**	**6,976,233**	**6,952,155**
Liabilities			
Non-Current Liabilities			
Grant aid in reserve	177,183	179,109	183,596
Financial liabilities	83,409	87,159	98,409
Provisions	27,391	25,572	24,246
Deferred tax	148,466	148,716	149,948
Other non-current liabilities	20,315	20,315	23,013
Total Non-Current Liabilities	**456,764**	**460,871**	**479,212**
Current Liabilities			
Trade payables	6,191	10,202	14,633
Other Financial liabilities	44,240	46,388	38,676
Provisions	3,212	2,999	4,410
Other current liabilities	316,900	321,162	78,250
Current tax liabilities (net)	-	11,472	-
Total Current Liabilities	**370,542**	**392,223**	**135,970**
Total Liabilities	**827,306**	**853,094**	**615,182**
Total Equity and Liabilities	**7,838,159**	**7,829,327**	**7,567,337**

Figures in NPR'000

Statement of Profit or Loss and Other Comprehensive Income	This Quarter Ending Chaitra end 2079	Previous Quarter Ending Poush end 2079	Corresponding Previous Year Quarter Ending Chaitra end 2078
Revenue	583,178	431,565	594,831
Cost of Sales			
Generation Expenses	(197,678)	(130,895)	(192,722)
Distribution Expenses	(100,049)	(68,164)	(97,789)
Gross profit	**285,451**	**232,506**	**304,321**
Depreciation Being Revenue Portion of Grant Aid	5,866	3,939	5,842
Other income	68,018	60,186	34,794
Administrative and other operating expenses	(100,120)	(65,985)	(98,717)
Impairment loss on investment	-	-	-
Profit from Operation	**259,215**	**230,646**	**246,240**
Finance Income	84,499	57,310	73,583
Finance Costs	(9,644)	(6,416)	(9,370)
Profit Before Tax	**334,070**	**281,540**	**310,453**
Income Tax Expense	(65,875)	(52,823)	(72,871)
Profit for the year	**268,195**	**228,717**	**237,582**
Other comprehensive gain/(loss) for the year, net of tax	17,518	22,374	488
Total Comprehensive gain/(loss) for the year, net of tax	**285,713**	**251,091**	**238,070**

THIRD QUARTER DISCLOSURE AS OF 30TH CHAITRA 2079 (13TH APRIL 2023) AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION ANNEXURE -14
(Related to Sub regulation 1 of Regulation 26)

1 FINANCIAL STATEMENTS

- The financial statements for the third quarter have been published as a part of this report.
- **Transactions with related parties:** Business transactions were conducted with related parties at arm's length in line with section 93 (3.c) of the Company Act. BPC purchased services of worth NPR 7,623,304 from Nepal Hydro & Electric Limited, NPR 142,212 from Mercantile Communication Pvt. Ltd., NPR 28,516 from Beltron Trading Pvt. Ltd., NPR 166,694 from Hydroconsult Engineering and advances provided NPR 60,000,000 to Kabeli Energy Limited during the period of third quarter.
- **Key Financial Ratios at the end of the quarter;**

Period	Earning per Share (Quarterly)	Net worth per share	Current Ratio (Times)	P/E Ratio (Times)	Return on Assets
This year quarter end	Rs. 7.87	Rs. 205.65	4.65	40.66	3.42%
Previous quarter end	Rs. 6.71	Rs. 204.64	4.48	49.48	2.92%
Corresponding previous year quarter end	Rs. 7.32	Rs. 214.15	11.78	51.37	3.14%

2 MANAGEMENT ANALYSIS

- **"Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any :**
  Inventories have been kept sufficient for normal operation of power plants. Revenue from sale of electricity and services is decreased by 2% to NPR 583.18 million compare to corresponding period last year. Finance income has increased by 14.83% due to increase in interest income on fixed deposits at Banks resulting increase in net profit for the period end of Chaitra 2079 by 12.88% in comparison to the corresponding period last year. Liquidity has been maintained sufficient despite the major amount is invested in the projects.
- **"The statement of management analysis on the upcoming business plan:**
  Construction of Nyadi Hydropower project (NHP) 30MW has been completed and the plant is in operation from Baisakh 27, 2079 through a SPV named Nyadi Hydropower Ltd (NHL) under contingency power evacuation so that the power generated from the plant is partially evacuated during wet season. Under such power evacuation plan, the construction of switching station at Upper Marsyangdi-A plant is ongoing. NHL now is listed company in Nepse. The construction works of 37.6 MW Kabeli -A project developed by Kabeli Energy Limited (KEL) suspended since last 2 years is being resumed under the revival process through different modality. Kabeli will be locally financed and PPA will be amended on RoR basis. BPC in Joint Ventures with Chinese partners is developing 601 MW Marsyangdi Cascade Projects (MCPs). Marsyangdi Cascade Projects (MCPs) consist of 135 MW Manang Marsyangdi HEP (MMHEP), 139.2 MW Lower Manang Marsyangdi Hydroelectric Project (LMMHEP) and 327 MW Upper Marsynagdi-2 HEP (UM-2HEP) in Marsyangdi basin. All three projects were re-optimized as Peaking RoR to meet the criteria of NEA for PPA. Also, supplementary EIAs (SEIAs) of MCPs have been carried out and obtained approvals from government. As a first project of MCPs, PPA and PDA of MMHEP has been concluded, financial closure is in the process and EPC contractor has been appointed for the construction of MMHEP and the project is expected to be completed by the first quarter of 2026. The second LMMHEP as cascade project of MMHEP is under PPA process with NEA after the connection agreement is signed. The third project UM-2HEP has got the survey license from IBN to submit the DPR to initiate PDA process. BPC has completed the feasibility study and EIA of 7.9 MW Chino Khola Hydropower Project and obtained Generation License. EIA report of Chino has already been approved by GoN. Connection agreement of Chino with NEA has been signed and SPV formation is in progress to take the project into construction. As being RoR project, the PPA of Chino has been challenging. The feasibility and EIA study of 160 MW Mugu Karnali HEP (MKHEP) is ongoing. Gauge data collection, direct flow measurement and sediment sampling and analysis is ongoing as a part of feasibility study. Department of National Parks and Wildlife Conservation (DNWC) has granted consents for feasibility study and EIA for Mugu project as the project is located in the buffer zone of Rara National Parks. BPC has also identified a 7 MW solar project at headworks site of Jhimruk power plant for which the survey license has been received and feasibility study is carried out. With the current tariff rate of solar projects as proposed by NEA, the project is not feasible so waiting for feasible tariff to start the PPA process.
- **"The analytical statement on the possible effect on company's profitability, stock and cashflow based on the past experience:**
  The company maintained steady progress on profitability and planned to invest in the projects as per plan. However, as per the PPA signed between HPL and Nepal Electricity Authority (NEA), 50% of the shares held by HPL is being divested to NEA free of cost effective from FY 2077/78 onwards including revision of PPA rate. Accordingly, this change will have impact on dividend income of the Company till for the period supported by the dividend income from other ongoing projects.

3 STATEMENT RELATING TO LEGAL ACTION

- **Case filed by or against the Company during the quarter, if any :** Butwal Power Company Limited has filed two cases at Supreme Court against GON, Department of Energy Developemnt (DOED) relating to royalty issue of Andhikhola Upgrading Project 4.3 MW and against GON, Inland Revenue Department (IRD), Medium Level Tax Payers Office (MTPO) relating to interest claim on excess tax paid u/s 57 of the Income Tax Act, 2058.
- **Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any :** None
- **Case filed against the Promoter or Director on financial crime, if any :** None

4 ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY

- During third quarter, BPC shares were actively traded till the end of Chaitra 2079. Share prices are being determined by the open share market in NEPSE.
- The major highlights of share transactions during the quarter are as follows:

Maximum Price	Minimum Price	Closing Price	Transaction days	Total Transaction	Traded Volume	Turnover
352	306.1	320	56	5,993	651,449	212,791,189

5 PROBLEMS AND CHALLENGES

- **Internal**
  - Optimization and Retention of human resources;
  - Sustainability of distribution business financially;
  - Fund management for ongoing large projects.
- **External**
  - Frequent change in government policy persuading higher country risk ;
  - Lengthy bureaucratic processes in development of hydropower projects;
  - Inadequate rules, regulations, policies, guidelines etc. to expedite project developments;
  - Fluctuating cost of capital and foreign exchange fluctuation risk;
  - Floods and low water flow risk in the rivers for hydropower plants/ projects;
  - Land acquisition and compensation challenges for ongoing projects;
  - Inadequate existing transmission line networks and delay in its expansion for power evacuation of hydropower projects.
- **Strategies**
  - HR optimization plan is being implemented;
  - Fund management and strategic investment as per the project investment plan;
  - Lobbying with government authorities for investment friendly environment;
  - FDIs with Project Financing and PPA in foreign currency for large projects;
  - Identification of different financial instruments along with risk assessment;
  - Stakeholder's engagement from planning stage of projects under development

6 CORPORATE GOVERNANCE

- The Company has regular meetings of Board of Directors and Board Committees viz Audit Committee, Risk Management Committee, Asset and Liability Committee and Finance Committee in compliance with the Corporate Governance Guidelines, 2074 issued by the Securities Board of Nepal. The Management Team meeting are also being conducted regularly. The provisions of SEBON Corporate Guidelines has been fully complied.

7 DECLARATION OF CHIEF EXECUTIVE ON TRUTH, TACTFULNESS

I, the Chief Executive Officer of this Company, take the responsibility of accuracy of the information and details mentioned in this report for the third quarter of F/Y 2079/80, hereby declare that the information and details provided in this report are true based on facts and complete to the best of my knowledge; and that information necessary for taking informed decision by the investors are not concealed.

मिटरब्याजले बढाएको आर्थिक अराजकता

मिटरब्याजको फाइदा धेरै र छिटो धन कमाउने होडबाजी हो, यसले समाजमा झन्झन् आर्थिक अराजकता बढाउँदै लगेको छ

अर्थ संवाद
• डा. विमल तिवारी
अनुसन्धानकर्ता

जनसंख्या वृद्धि र सहरीकरणसँगै वित्तीय दयरा एवं आकार बढ्नु स्वाभाभिक नै हो । वित्तीय दायरा र भुक्तानी प्रणालीको आकार ठूलो भए तापनि वित्तीय सबलता ठूलो चुनौतीको रूपमा स्थापित भएको छ । नेपालको अर्थनीति स्वार्थमा आधारित अर्थात् ब्याजमा आधारित छ । विद्यमान नेपाली वित्तीय बजारले सकारात्मक सन्देश दिँदैन । गार्हस्थ्य उत्पादन, वृद्धिदर, आन्तरिक पुँजी निर्माणको क्रम हेर्दा आश्चर्यजनक छ । बचतको प्रयोग र खर्च प्रकृति हेर्दा सुधारको आपेक्षा गर्न सकिन्न । कर्जा र बचतको सन्तुलन विकास नीतिसँग मेल खाँदैन । रकमको निरन्तर बढ्दो मागको सम्बोधन गर्न नाफामुखी अर्थतन्त्र ब्याजमा आधारित हुन्छ र निरन्तर अस्वाभाविक मागका कारण महँगी सन्तुलनको रूपमा प्रणाली नै द्विचरित्र अर्थात् अवरोधक र नियन्त्रकको रूपमा खडा हुन्छ । यसरी सीमित व्यक्ति मात्र टिक्ने र अस्वाभाविक घटना थेग्न सक्ने पक्षको हुन्छ । यो दोहोरो चारित्रिक नीतिभन्दा सामूहिक खुला अर्थनीति स्विकार्दा समग्र समाजका लागि राम्रो हुन्छ, लगानीमैत्री वातावरण बन्छ ।

अनौपचारिक बैंकिङ र केन्द्रीय बैंक

राज्य सञ्चालन र शासन व्यवस्थामा आर्थिक मर्यादा, प्रत्याभूति र सन्तुलन मिलाउन कायम गरेको स्वतन्त्र निकाय हो, केन्द्रीय बैंक । आपूर्ति र माग व्यवस्थापन र मौद्रिक नियन्त्रणका लागि मौद्रिक नीति अवधारणा आएको हो । केन्द्रीय बैंकले वित्तीय सबलता, वित्तीय समग्रता, वित्तीय स्थिरता, वित्तीय चुनौतीसहित महँगाइ नियन्त्रणको मुख्य उद्देश्यसहित मौद्रिक नीति ल्याउन थालियो, बैंकहरू स्थापना भए ।

नेपालमा अनौपचारिक बैकिङ आदिकालदेखि चालिआएको परम्परा हो, जो दासत्व प्रवृत्तिनिहित छ । हुनेले नहुनेको फाइदा उठाउने, सस्तोमा श्रम बेच्नुपर्ने संस्कार आजसम्म पनि निरन्तर छ । वित्तीय कारोबारलाई औपचारिक बनाउने उद्देश्यका साथ केन्द्रीय बैंक बनाई वित्तीय समावेशिताको नीति लिएको हो । तर, बैंक वित्तीय संस्थाको शाखा, सेवा बढे पनि अझै पनि ६० प्रतिशत जनसंख्या औपचारिक सेवाबाट वञ्चित छन् । बैंक, वित्तीय संस्था हुनेखानेका लागि हो भन्ने मान्यता नेपाली समाजको मनमस्तिष्कमा छ । जसका कारण नागरिकको आफ् ना आवश्यकता पूरा गर्न साहु महाजन गुहार्ने प्रवृत्तिको विकास भयो र प्रचलनमा रहँदै आएको छ । हुनेसँग नहुनेले गुहार्ने र आवश्यकता पूरा गर्ने प्रवृत्ति हाम्रो जस्तो स्वार्थी समाजमा छँदैछ, जहाँ पद, प्रतिष्ठा, मानसम्मान पैसाको उपलब्धता र उसको धनसँग लेखाजोखा गरिन्छ ।

छिटो र धेरै कमाउन मिटरब्याजीको होड

मिटरब्याजी व्यवस्थाको फाइदा धेरै र छिटो धन कमाउने होडबाजी हो । वित्तीय पहुँच नभएको फाइदा उठाएर चतुरहरूले अधिक नाफा लिएर छिटो उँभो लाग्न ठगनीति अपनाउँछन् । यसले झन्झन् आर्थिक अराजकता बढाउँदै लगेको छ । हाम्रो जस्तो देशको अहिलेको स्थिति यही हो ।



मिटरब्याजको गलत प्रवृत्ति निरुत्साहित र व्यवस्थित गर्नुपर्छ । निश्चित सीमाभन्दा माथि ब्याज असुली निष्क्रिय हुने प्रावधानसहित अधिकतम ब्याजदर निर्धारण हुनुपर्छ । नाफा र व्यापारभन्दा सहभागिता र उद्देश्यपूर्तिअनुकूल लगानी वातावरण बनाउनुपर्छ ।

नेपालको प्रतिव्यक्ति ऋण बढ्दो छ, प्रतिव्यक्ति आय पनि बढ्दो छ । औसत बचत ३.८ प्रतिशत र कर्जा १२ देखि १९ प्रतिशतको दरमा वृद्धि भएको छ । वृद्धिदर न्यून हुनु र महँगी र ब्याज बढ्नु शुभसंकेत होइन । त्यसैले नेपाल राष्ट्र बैंक सच्चिन आवश्क छ ।

मध्यम आर्थिक स्तर र कृषिमा आधारित हाम्रो समाजमा मनवतासमेत भुलेर ठगनीति अपनाउनेको बिगबिगी छ । यसको मूल कारण भनेको विद्यमान अर्थनीति र नियत नै हो ।

वर्तमानमा देखिएको मिटरब्याज समस्या पुरातन प्रणालीको निरन्तरता हो । हाम्रो जस्तो देशमा वित्तीय समावेशीकरणमा असफल भएको यो नै यथेष्ट प्रमाण हो । अनौपचारिक अर्थतन्त्र विद्यमान रहेको कुरा सर्वविदितै छ । यो दासत्व प्रवृत्तिको निरन्तरता र खास समुदायले मर्यादा र प्रतिष्ठाका लागि ऋणभार बढ्ने काम गरिरहेका पनि छन् ।

अहिले सत्यको अस्तित्व हराउने वातावरण बनेको छ । यथार्थ पनि विश्वास गर्न गाह्रो भएको छ । मानवमा मानवको गुण नै हुँदैन । ठगी र शोषण यो हदमा फैलिएको छ । यसले निरन्तरता पाउँदै गएमा आफ्नोले आफ्नैलाई समेत विश्वास गर्नेछैनन् । परिवार, घर, समाजमा खडेरी पर्नेछ, टुट्नेछ, फुट्नेछ । त्यसैले वित्तीय समावेशीकरणको उद्देश्य र हाम्रो समाजको पुनर्परिकल्पना गर्न जरुरी छ । अनौपचारिक र औपचारिक दुवै क्षेत्रको कर्जा, ब्याजदरलगायतको विषयमा गम्भीर हुन आवश्यक छ ।

राष्ट्र बैंक सच्चिनुपर्छ

नेपालको प्रतिव्यक्ति ऋण बढ्दो छ, प्रतिव्यक्ति आय पनि बढ्दो छ । औसत बचत ३.८ प्रतिशत र कर्जा १२ देखि १९ प्रतिशतको दरमा वृद्धि भएको छ । वृद्धिदर न्यून हुनु र महँगी र ब्याज बढ्नु शुभसंकेत होइन । जनता आक्रान्त छन् । त्यसैले नयाँ अवधारणासँगै नेपाल राष्ट्र बैंक सच्चिन आवश्क छ । हाम्रो विद्यमान वित्तीय स्थिति, संयन्त्र, निर्णय प्रक्रिया र संस्कार ठीक हुन अवश्यक छ । बैंकले पनि बचत, लगानी, आम्दानीप्रतिको दृष्टिकोण बदल्नुपर्छ ।

यसले समाजको एवं संस्थाका दृष्टिकोण पनि बदल्छ । हुन त दृष्टिकोण नियतबाट परिचालित हुने हुन्छ । त्यसैले प्रणाली र पारदर्शिताविना वित्तीय सुशासन र गतिशील दिगो अर्थतन्त्र बन्दैन । बचत र लगानीको उचित व्यवस्थापन नै आजको जिम्मेवारी हो । नेपाल राष्ट्र बैंकले नागरिकका लागि न्यूनतम कर्जा सीमा र नीति, कर्जा वितरण प्रणाली र बैंक वित्तीय संस्थाको सानो कर्जा नीति नहुँदाको अवस्थामा खुला अर्थतन्त्र फस्टाउन नसकेको हो । खुला सिमानाका कारण पुँजी पलायन हुने डरले बचतमा ब्याजरहित बनाउन सकिन्न र त्यो गरिन्न । यसकै कारण नेपाल राष्ट्र बैंक मूकदर्शक बन्नुबाहेक केही उपाय हुँदैन ।

जहाँसम्म कर्जाको प्रश्न छ, हरेक नागरिकको कर्जाक्षमता, सम्पत्ति मूल्यांकन प्रणाली, कर प्रणालीको उचित सम्बोधन र एकल वा समान कर तथा सम्पत्ति मूल्यांकन नीति र कर्जा सीमा निर्धारण गर्ने प्रक्रिया तर्जुमा नेपाल राष्ट्र बैंकको प्राथमिक कर्तव्य हो । ऋणको वर्गीकरण, ब्याजको पुँजीकरण, ठूलो ऋणको पुनर्संरचना र ब्याजमा सहुलियत सुविधा नगरी न त आर्थिक गतिविधि बढ्नेछ, न त वित्तीय अनुशासनको पालना नै हुन्छ । कर्जाको उचित समय निर्धारण/वर्गीकरण गर्दा विद्यमान परिस्थितिमा सिर्जित वित्तीय आयतन र व्यापार आम्दानीबीच खाडल तथा सन्तुलन होला, मन्दी छोटिएला र बजारमा कारोबार बढ्ला, अन्यथा झनै आक्रान्त नहोला भन्न सकिन्न । यो राष्ट्र बैंकको दूरदर्शितामा भर पर्छ ।

मिटरब्याजको गलत प्रवृत्ति निरुत्साहित र व्यवस्थित गर्नुपर्छ । निश्चित सीमाभन्दा माथि ब्याज असुली निष्क्रिय हुने प्रावधानसहित अधिकतम ब्याजदर निर्धारण हुनुपर्छ । नाफा र व्यापारभन्दा सहभागिता र उद्देश्यपूर्तिअनुकूल लगानी वातावरण बनाउनुपर्छ । बैंक तथा वित्तीय संस्थाले नाफाका लागि सम्पत्ति मात्रको मूल्यांकन र कागजी मिलानको भरमा लगानी गरेर उत्पन्न भएको कर्जाभार कम गर्न यथाशीघ्र पहल गर्नुपर्छ । अनौपचारिक ढंगबाट भएको लागानी निरुत्साहित गर्न कागजमा उल्लेख भएको रकम सीमित मात्रा कायम हुने गरी नियमन तथा कारबाहीका लागि नेतृत्व लिँदा सहज परिस्थिति बन्ने थियो, मिटरब्याजीपीडितको पक्षमा रहात मिल्ने थियो ।

अर्थ ज्ञान

सञ्चयकर्ताको दायित्वअन्तर्गत के-के पर्छ ?



- वस्तु सञ्चय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाउने ।
- वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी तोकिए बमोजिम सुरक्षात्मक उपाय अपनाई सञ्चय गर्ने र वस्तुको गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने ।
- उत्पादकले उल्लेख गरेका वस्तुको लेबल वा विवरण फेरबदल नगर्ने ।
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको सञ्चयसँग सम्बन्धित विवरण उपलब्ध गराउने ।
- तोकिएको सुरक्षात्मक उपाय अपनाउने ।
- तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

बिजनेस @




डा. बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री

एक अध्ययनअनुसार भ्रष्टाचार नियन्त्रण सूचकांकको एक एकाइ वृद्धि हुँदा प्रतिव्यक्ति जिडिपी औसत ६.९ प्रतिशतले वृद्धि हुन्छ । अतः भ्रष्टाचार अन्त्य गर्न राजनीतिक हस्तक्षेपको अन्त्य, कानुनमा सुधार, भ्रष्टाचार निरोधक अंगको सबलीकरण, न्यायालयको निष्पक्षता सुनिश्चित गर्न विशेष ध्यान दिऊँ । नत्र हात्ती आयो फुस्सा हुन सक्छ ।

डा. उत्तमबाबु श्रेष्ठ, वैज्ञानिक

राजवृक्ष, असारेफूल, ज्याकारान्डा, गुलमोहर, पैयूँ, कल्की र काइँयोजस्ता फूल हुने रूख प्रजातिहरू मिलाएर रोप्ने भए हाम्रा सहर कति सुन्दर देखिन्थ्यो होला ? लगभग ६ महिनाजति फूलैफूल । हावापानीले दिएको, तर सोच नभएको ।





प्रबलजंग पाण्डे, उद्यमी


नियमनकारी निकाय भन्छ- क्षमताभन्दा बढी भारी बोकाए दुर्घटना हुन्छ । सरकार झन् आफ्नै बोझले थिचिएको छ । के निजी क्षेत्रले चाहिँ दुई वर्षको कोभिडको असर, रसिया-युक्रेन युद्धको असर, अस्वाभाविक ब्याजदर वृद्धिको असर, अन्तर्राष्ट्रिय रूपमा बढेको कच्चा पदार्थको मूल्यवृद्धिको असर, पेट्रोलियम पदार्थको मूल्यवृद्धिले समग्र ढुवानीको मूल्यवृद्धिको असर, एक वर्षदेखि रहेको आर्थिक मन्दीको असरको भारी बोकिरहन सक्छ र ? सबै बोझ निजी क्षेत्रले मात्र बोक्नुपर्ने हो र ? स्मरण रहोस्, बोझ धेरै भएर कति व्यवसायीले देहत्याग गरिसके । अरू बोझ बोक्ने क्षमता निजी क्षेत्रसँग पनि छैन ।

सेयर बजार

२५ वैशाख ०८०

नेप्से १,८३३.६९ ▼ -१६.९३ -०.९१%


कारोबार रकम	जम्मा सेयर
८२,४२,१७,००१.८५	२८,१०,६२७



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

चुनावलाई कसरी प्रभावित पार्न सक्छ एआईले ?

आगामी दिनमा एआईमार्फत चुनावी प्रचार कम खर्चिलो हुँदै जानेछ र धेरैभन्दा धेरै उम्मेदवार चुनावी मैदानमा उत्रिनेछन्



पछिल्लो एक दशकमा चुनावी अभियानमा टेक्नोलोजीको भूमिका निकै परिवर्तन भएको छ । एआईमार्फत अब मतदाताको प्रोफाइल र प्राथमिकताबारे थाहा पाउन सकिन्छ । सोहीअनुसार उम्मेदवारले आफ्नो सन्देश र प्रचार सामग्रीलाई परिवर्तन गर्न सक्छन् । भनिन्छ, जेनेरेटिभ एआईको प्रभावले आगामी वर्ष हुने राष्ट्रपति चुनावमा ठूलो असर पुऱ्याउँछ ।

यो टेक्नोलोजीले मतदाताको प्रोफाइल र सोचको आधारमा चुनाव प्रचारका लागि ठूलो संख्यामा सामग्री बनाएर आममानिससम्म पुऱ्याउन सक्छ । यसैका माध्यमबाट उम्मेदवारले मतदातासम्म आफ्नो सन्देश पुऱ्याउन सक्छन् । उम्मेदवारले चुनावी अभियानका लागि ठूलो संख्यामा कन्टेन्ट राइटर र योजनाकारलाई राख्छन्, जसले चुनाव प्रचारका लागि लेखिएका इमेल या पोस्टको भेरिएसन बनाई त्यसलाई अलग-अलग मतदातालाई पठाउँछन् । तर, यति धेरै भेरिएसन बनाउन समय र पैसा लाग्छ । एआईबाट यो काम द्रुत र सस्तोमा हुन सक्छ । टेक्नोलोजीको सहयोगमा सजिलै र सस्तोमा कन्टेन्ट बनाउन त सकिन्छ, तर यसमा जोखिम पनि छ । गलत नियत भएका मान्छेले कुनै उम्मेदवारलाई हानि पुऱ्याउन या उसको छवि धुलिसात् पार्न यसको प्रयोग गर्न सक्छन् ।

आर्टिफिसियल इन्टेलिजेन्स : एआईको सम्भावित दुरुपयोगबारे क्यालिफोर्निया युनिभर्सिटीमा सञ्चार विज्ञान प्रोफेसर हनी फरिद एआईको दुरुपयोग हुने बताउँछन् । एआई सफ्टवेयरको विकास यतिसम्म विकसित भएको छ कि त्यसले कुनै पनि आवाज निकालेर जोकसैको नक्कल गर्न सक्छ ।

पछिल्लो दुई दशकमा कम्प्युटर र सफ्टवेयर बनाउने क्षमता वृद्धि भएको छ । यसका कारण एआई पनि निकै विकसित भएको छ । साथै, मान्छेले यति धेरै जानकारी इन्टरनेटमा राखेका छन्, जसका आधारमा उनीहरूलाई निशाना बनाउन सजिलै सकिन्छ । जब हामी कुनै वेबसाइटमा जान्छौं, त्यहाँ धेरैभन्दा धेरै जानकारी पाइन्छ । यो फाइदाजनक व्यापार हो । अब मेसिनले हाम्रो अनुहार र आवाज चिन्न सक्छ । सामाजिक सञ्जालमा राखिएका तस्बिर, भिडियोजस्ता जानकारीका आधारमा परिवारका सदस्यहरूको जानकारी उनीहरूसँग हुन्छ । सामाजिक सञ्जाल र अन्य वेबसाइटमा डेटा संग्रह गर्नेसँग मान्छेको सारा विवरण छ । त्यसकै आधारमा हामीलाई निसाना बनाउन सक्ने विश्लेषकहरू बताउँछन् । यसरी सामाजिक सञ्जाल र अन्य वेबसाइटले उपलब्ध जानकारी र एआईको सहयोगले आममान्छेको प्रोफाइल बनाएर उनीहरूसम्म विज्ञापन पुऱ्याउँछन् । तर, अब जेनेरेटिभ एआईमार्फत कसैको म्यासेज, फोटो, भिडियो या अडियोको प्रयोग गरी नक्कली कन्टेन्ट बनाउन पनि सहज भएको छ ।

'हुँदाहुँदा अब भ्वाइस क्लोनिङ पनि हुन थालेको छ । मानौं, भिडियोमा इसाई धर्मगुरु नक्कली बयान दिँदै गरेका देखिनु र भिडियो विश्वमा सेयर गरिनु,' हनी भन्छन्, 'जेनेरेटिभ एआईले यस्ता खालका कन्टेन्ट बनाउन सक्छ । केहीले यस्तो सफ्टवेयर प्रयोग गरेका छन्, जसमाथि कसैको नियन्त्रण छैन । यो निकै चिन्ताजनक विषय हो ।'

सामान्य रूपमा उपलब्ध हुने सफ्टवेयरको दुरुपयोग हुन सक्ने देखिन्छ । एआईको एउटा सफ्टवेयर हो, च्याटजिपिटी । जसबारे एआई टेक्नोलोजीको प्रयोगमा नाटकीय परिवर्तन आउन थालेको बताइएको छ । च्याटजिपिटी टेक्स्ट सामग्री बनाउन सक्छ । तर, भिडियो र अडियो कन्टेन्ट बनाउने सफ्टवेयर पनि उत्तिकै छन् । हनी भन्छन्, 'आगामी वर्ष हुने अमेरिकी राष्ट्रपतिको चुनाव प्रचारमा यसमार्फत उत्पादन गरिएका नक्कली सामग्री प्रयोग हुने आशंका छ ।'

चुनावी अभियानको खर्च : चुनाव लड्न जति चुनावी प्रचार आवश्यक छ, त्यति नै आवश्यकता पैसाको हुन्छ । स्टर्लिङ डेटा कम्पनीका सिइओ मार्टिन कुरुजका अनुसार कैयौं देशमा उम्मेदवारको खर्च सार्वजनिक स्रोतबाट आउँछ । तर, अमेरिकामा भने उनीहरू आफ्ना समर्थक या कम्पनीबाट चुनावी खर्च जुटाउँछन् । डेमोक्रेटिक पार्टीका उम्मेदवार आफ्नो अभियानका लागि पार्टी समर्थकबाट चन्दा उठाउँछन् । पार्टीमा १७ करोड चन्दा दिन सक्ने दाता छन् । मार्टिन भन्छन्, 'यसको जानकारी पत्ता लगाउन उम्मेदवारले हाम्रो सहयोग लिन्छन् । उनीहरू चाहन्छन् कि कमभन्दा कम समयमा सम्भावित चन्दा दिनेहरूको लिस्ट बनाउन सकियोस् । यसका लागि एआई प्रयोग गर्छन् । सफ्टवेयरले सम्पूर्ण समर्थकको प्रोफाइल र उनीहरूसँग जोडिएको जानकारी लिएर एउटा लिस्ट बनाइदिन्छ ।'

पहिले समर्थकको लिस्ट बनाउन कम्प्युटर इन्जिनियरले कैयौं दिनसम्म काम गर्नुपर्थ्यो । अहिले त्यो प्रक्रिया निकै सहज बनेको छ । यसले एकातिर उम्मेदावरका लागि चुनावी खर्च कम हुन्छ भने अर्कातिर जसको लिस्ट भेटिन्छ, त्यो उनीहरूका लागि फाइदाजनक साबित हुन्छ । आगामी दिनमा यो कम खर्चिलो हुँदै जानेछ र धेरैभन्दा धेरै उम्मेदवार चुनावी मैदानमा उत्रिनेछन् । *-बिबिसी*

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २६ वैशाख ०८०

साढे नौ महिनामा दुई सय ३५ उद्योग दर्ता
झन्डै दुई खर्बको लगानी प्रतिबद्धता

होटेल, टायल, एयरलाइन्स, केबलकार, चिनी उद्योगदेखि अटो एसेम्बल प्लान्टसम्म भए दर्ता

नवीन अर्याल/नयाँ पत्रिका

आर्थिक मन्दीकै बीच साढे नौ महिनामा नेपालमा स्वदेशी तथा विदेशी लगानीका दुई सय ३५ उद्योग दर्ता भएका छन् । चालू आर्थिक वर्षको २० वैशाखसम्म दर्ता भएका यी उद्योगमार्फत एक खर्ब ८९ अर्ब १९ करोड रुपैयाँ लगानी गर्ने प्रतिबद्धता जनाइएको छ । तर, यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा लगानी प्रतिबद्धता करिब ३५ प्रतिशतले कमी हो । उद्योग विभागका अनुसार गत वर्षको सोही अवधिमा दुई खर्ब ९० अर्ब ५२ करोड लगानी प्रतिबद्धताका दुई सय ५५ उद्योग-परियोजना दर्ता भएका थिए । यस वर्ष अर्थतन्त्रमा देखिएको मन्दीका कारण स्वदेशी तथा विदेशी लगानीकर्ता हच्किएको उद्योग विभागको बुझाइ छ । तरलता अभाव, चर्को ब्याजदर, मागमा व्यापक गिरावट, उपभोग्य आम्दानीमा गिरावट, महँगीलगायत कारणले उद्योग-व्यवसायदेखि समग्र अर्थतन्त्र नै संकटमा परेको छ ।

यो वर्ष ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने सरकारको लक्ष्य छ । तर, राष्ट्रिय तथ्यांक कार्यालयले हालै चालू आवमा २.१६ प्रतिशत आर्थिक वृद्धिदर हुने प्रक्षेपण गरेको छ । अर्थतन्त्रमा समस्या देखिँदा पनि पाँचतारे होटेल, जलविद्युत् आयोजना, टायल उद्योग, एयरलाइन्स, चिनी उद्योग, सवारीसाधनका एसेम्बल प्लान्ट दर्ता भएका छन् । यीमध्ये कतिपय उद्योग निर्माणको चरणमा गइसकेका पनि छन् । मुरारका ग्रुपले भारतको सोमानी ग्रुपसँग साझेदारी गरेर दुई अर्ब लगानीमा भैरहवामा टायल उद्योग निर्माण सुरु गरिसकेको छ । यस्तै, रमेश कर्पले भारतकै कजरीय ग्रुपसँगको साझेदारीमा चार अर्ब लगानी गरेर नवलपरासीको बर्दघाटमा ठूलो टायल प्लान्ट लगाउँदै छ । प्लान्ट नै लगाउन सुरु भइसकेका दुवै उद्योग हालै मात्र दर्ता भएका हुन् ।



■ कुन क्षेत्रमा कति उद्योग दर्ता ?

साढे नौ महिनाको अवधिमा दर्ता भएका कुल उद्योगमध्ये ६ वटा कृषि तथा वनपैदावारमा आधारित छन्, जसमा ९१ करोड लगानी प्रतिबद्धता छ । ऊर्जामूलक ३९ परियोजनामा एक खर्ब एक अर्ब १६ करोड, सूचना प्रविधिमा आधारित आठ उद्योगमा ६१ करोड, पूर्वाधारको एउटा परियोजनामा १३ करोड लगानीको प्रतिबद्धता छ । उत्पादनमूलक ९२ उद्योगमा ३६ अर्ब ८३ करोड, खनिजका चारवटा परियोजनामा ७६ करोड, सेवामूलक ४४ उद्योगमा २९ अर्ब १४ करोड र पर्यटनका ४१ उद्योगमा १९ अर्ब ६४ करोड रुपैयाँ लगानीको प्रतिबद्धता आएको विभागले जनाएको छ । यी उद्योग तथा परियोजनाले १७ हजार नौ सय ८२ जनालाई रोजगारी दिने प्रतिबद्धता जनाएका छन् ।

■ चालू आर्थिक वर्षको १ साउनदेखि २० वैशाखसम्म दर्ता उद्योग

उद्योग-परियोजना	०७८/७९	०७९/८०
कृषि तथा वन पैदावार	५ अर्ब ९ करोड	९१ करोड
ऊर्जामूलक	१ खर्ब ३९ अर्ब ४८ करोड	१ खर्ब १ अर्ब १७ करोड
सूचना प्रविधिमा आधारित	१ अर्ब ८५ करोड	६१ करोड
पूर्वाधार	२ अर्ब २८ करोड	१३ करोड
उत्पादनमूलक	७४ अर्ब ४ करोड	३६ अर्ब ८३ करोड
खनिज	११ करोड	७६ करोड
सेवामूलक	४३ अर्ब ७६ करोड	२९ अर्ब १४ करोड
पर्यटन	२३ अर्ब ९१ करोड	१९ अर्ब ६४ करोड
कुल	२ खर्ब ९० अर्ब ५२ करोड	१ खर्ब ८९ अर्ब १९ करोड

■ सवा चार अर्ब लगानीका दुई चिनी उद्योग

चालू आवमा चार अर्ब २८ करोड लगानीका दुईवटा चिनी उद्योग दर्ता भएका छन् । ४ वैशाखमा पर्साको बहुदरमाई गाउँपालिका-४ मा उद्योग खोल्ने गरी शिवशक्ति सुगर एन्ड केमिकल इन्डस्ट्रिज दर्ता भएको छ । दुई अर्ब आठ करोड लगानी हुने यस उद्योगबाट वार्षिक ३७ हजार आठ सय टन चिनी, १८ हजार नौ सय टन मोलासिस, विद्युत्लगायत उत्पादन गर्ने प्रतिबद्धता छ । यो उद्योग सन्दीप गाडियाको लगानीमा सञ्चालनमा आउने बताइएको छ ।

यस्तै, १७ वैशाखमा पर्साको जिराभवानी गाउँपालिका-८ मा उद्योग खोल्ने गरी विजय श्री सुगर मिल दर्ता भएको छ । दुई अर्ब २० करोड लगानी गर्ने प्रतिबद्धता जनाइएको यस उद्योगबाट वार्षिक ३३ हजार सात सय ५० टन चिनी, १८ हजार सात सय ५० टन मोलासिस, १० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

■ शिवम् एयरलाइन्स दर्ता

नेपाली आकाशमा एउटा एयरलाइन्स कम्पनी थपिने भएको छ । ९ माघमा शिवम् एयर प्रालि दर्ता भएको हो । ८५ करोड लगानी प्रतिबद्धता गरिएको यस एयरलाइन्सले आन्तरिक हवाई सेवा प्रदान गर्ने जनाइएको छ । अहिले नेपालमा नौवटा आन्तरिक वायुसेवा कम्पनी सञ्चालनमा छन् ।

■ १० अर्बका चार टायल उद्योग दर्ता

यो अवधिमा तीन अर्ब २९ करोड लगानी गर्ने गरी अरिहन्त इन्फ्रास्ट्रक्चर उद्योग दर्ता भएको छ । सुनसरीको दुहबीमा सञ्चालनमा आउने उद्योगबाट विभिन्न प्रकारका टायल, स्यानेटरी आइटम, जिप्सम बोर्ड, जिप्सम पाउडर, ग्रेनाइटलगायत उत्पादन हुनेछ ।

२१ चैतमा नवलपरासीको रामग्रामा उद्योग खोल्ने गरी सेराप्रो नेपाल उद्योग दर्ता भएको छ । पशुपति मुरारका र भारतको सोमानी सेरामिक्सको करिब दुई अर्ब संयुक्त लगानी हुनेछ । यस उद्योगबाट वार्षिक ३० लाख वर्गमिटर टायल उत्पादन हुने मुरारकाले बताए । यस्तै, बाराको जितपुर-सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज)मा ९५ करोड लगानीमा पशुपति सेरामिक्स उद्योग सञ्चालनमा आउने भएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नवलपरासीको बर्दघाटमा देशकै ठूलो सेरामिक्स टायल उद्योग सञ्चालनमा आउने भएको छ । रमेश कर्प र भारतको कजरिया सेरामिक्सको संयुक्त लगानीमा अहिले उद्योग लगाउने काम भइरहेको छ । संयुक्त रूपमा दुई-दुई अर्ब (चार अर्ब) लगानी हुने उद्योगमा वार्षिक ८० लाख टन फ्लोर र वालटायल उत्पादन क्षमता रहने बताइएको छ । मोरडको टहरीमा कार्पेट, पिभिसी र लेमिनेट प्लेन्क उत्पादन गर्ने गरी जानकी पोलिकेम उद्योग दर्ता भएको छ, जसमा एक-एक अर्ब ५० करोड लगानी हुने जनाइएको छ ।

■ पोखरामा एभिएसन कलेज खुल्ने

स्वदेशी तथा क्यानेडियन लगानीकर्ताको संयुक्त लगानीमा पोखरामा क्यानेडियन एभिएसन कलेज खुल्ने भएको छ । ६२ प्रतिशत स्वदेशी र ३८ प्रतिशत विदेशी लगानी रहने गरी २६ असोजमा ३४ करोड ५० लाख पुँजीको कम्पनी दर्ता भएको हो । वार्षिक रूपमा हवाईजहाज उडाउने ५० जना र हेलिकोप्टर उडाउने १५ जना पाइलट उत्पादन गर्ने कलेजको लक्ष्य छ । यसै वर्ष एक अर्ब ६९ करोड लगानीको होटेल इस्टर्न दर्ता भएको छ । दुई अर्ब ४० करोडमा बुढानीलकण्ठ हेरिटेज होटेल खुल्दै छ भने झापाको मेचीनगरमा दुई अर्ब ५१ करोड लगानीमा आयुष्मान होटेल खुल्ने भएको छ ।

■ तीनवटा एसेम्बल प्लान्ट

उद्योग विभागमा रोयल इन्फिल्ड, होन्डा र हिरो मोटोकर्पले बाइक तथा स्कुटर स्वदेशमै एसेम्बल गर्ने गरी उद्योग दर्ता गरेका छन् । एनजिएम इन्जिनियरिङ एन्ड सेल्स प्रालिले वार्षिक ४५ हजार बाइक तथा स्कुटर एसेम्बल गर्ने गरी वीरगन्जमा हिरोको एसेम्बल प्लन्टमा ३३ करोड लगानी गर्दै छ । हिमाल मोटोले रुपन्देहीको रोहिणी गाउँपालिकमा ६० करोड लगानीमा एसेम्बल प्लान्ट खोल्दै छ । यो उद्योगले वार्षिक २५ हजार मोटरसाइकल र ७५ हजार स्कुटर एसेम्बल गर्ने प्रस्ताव पेस गरेको छ ।

■ सिकलेस अन्नपूर्ण केबलकार

कास्कीको मादी गाउँपालिका (अन्नपूर्ण क्षेत्र)मा केबलकार सञ्चालनका लागि सिकलेस अन्नपूर्ण केबलकार दर्ता भएको छ । आइएमई समूहलगायत टिमको लगानीमा अन्नपूर्ण क्षेत्रमा केबलकार सञ्चालन गर्न लागिएको हो । केबलकार र होटेलसहितको परियोजना सञ्चालनमा ल्याउन करिब पाँच अर्ब लगानी लाग्ने उद्योग विभागमा प्रस्ताव गरिएको छ ।

■ तीन इन्भेस्टमेन्ट कम्पनी दर्ता

चालू आवमा उद्योग विभागमा तीनवटा इन्भेस्टमेन्ट कम्पनी दर्ता भएका छन् । करिब ६ अर्ब पुँजीको बोर्डरलेस कन्सल्टिङ कर्पोरेसन इन्भेस्टमेन्ट कम्पनीले हेल्थ, जलविद्युत्, पर्यटन, आइसिटी, लजिस्टिक र एभिएसन प्रोजेक्टमा लगानी गर्ने जनाएको छ ।

अब मासिक रूपमै ब्याजदर परिवर्तन हुने
जेठबाटै कर्जाको ब्याजदर घटाउन बाटो खुल्यो

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

बैंक तथा वित्तीय संस्थाहरूले हरेक महिना कर्जाको ब्याजदर परिवर्तन गर्नुपर्ने भएको छ । नेपाल राष्ट्र बैंकले क, ख र ग वर्गका वित्तीय संस्थाहरूका लागि निर्देशन जारी गर्दै यस्तो व्यवस्था गरेको हो ।

केन्द्रीय बैंकका प्रवक्ता गुणाकर भट्टका अनुसार अब मासिक रूपमा आधार दरका आधारमा ब्याजदर पनि घटबढ हुनेछ । उनले भने, 'यसअघि तीन महिनामा मात्र आधार दर घटाउन पाइन्थ्यो । अब मासिक रूपमै थपघट हुने भएपछि सोहीअनुसार कर्जाको ब्याजदर पनि तल-माथि हुन्छ ।'

वैशाखदेखि लागू हुने गरी नेपाल बैंकर्स संघले निक्षेपको ब्याजदर एकल अंकमा झारेको छ । तर, त्यसको प्रभाव पर्खिन ऋणीहरूले तीन महिना कुनुपर्ने बाध्यता थियो । अब मासिक रूपमै आधार दर परिवर्तन हुने भएपछि त्यसको असर अर्को महिनामै देख्न सकिने भएको हो ।

चैतअघि हाल व्यक्तिगत मुद्दतीमा ११ तथा संस्थागत मुद्दतीमा ९ प्रतिशतसम्म ब्याजदर दिँदै आएका बैंकहरूले वैशाखदेखि व्यक्तिगत मुद्दती खातामा वाणिज्य बैंकहरूले अधिकतम ९.९ प्रतिशतसम्म र संस्थागत खातामा ७.९ प्रतिशतसम्म ब्याजदर दिइरहेका छन् । त्यस्तै, साधारण बचत खातामा न्यूनतम ५.४ देखि अधिकतम ७.४ प्रतिशतसम्म ब्याजदर कायम गरेका छन् ।



बैंकर्सहरूकै मागबमोजिम राष्ट्र बैंकले यो कदम चालेको बैंकरहरूको भनाइ छ । अब निक्षेपमा घटाएको ब्याजदर तथा अन्य असारसम्ममा कर्जा र निक्षेपको ब्याजदरअन्तर (स्प्रेडदर)लाई ४ प्रतिशतमा झार्नुपर्ने निर्देशन दिइसकेको छ । अहिले वाणिज्य बैंकहरूको औसत ब्याजदरअन्तर ४.४ प्रतिशत छ । यसले बैंक तथा वित्तीय संस्थाहरूलाई निक्षेपमा ब्याजदर घटाएर वा प्रिमियम घटाएरै भए पनि ब्याजदर घटाउनुपर्ने दबाब देखिन्छ । जसकारण ब्याजदर सस्तो हुँदै जाने देखिन्छ ।

पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम तरलताको स्थिति सुधारोन्मुख छ । राष्ट्र बैंकका अनुसार आइबारसम्म बैंक तथा वित्तीय संस्थामा निक्षेप ५४ खर्ब ६३ अर्ब पुगेको छ भने कर्जा रकम ४८ खर्ब ५१ अर्ब छ । कर्जा निक्षेप अनुपात ८५.२५ प्रतिशत छ । यो अनुपात ९० प्रतिशत हुँदासम्म ऋण दिन पाइने सीमा छ । बैंकहरूबीचको अन्तरबैंक ब्याजदर पनि ७ प्रतिशत हाराहारी पुगेको छ ।

ब्याजदर सस्तो हुँदै गएमा विगतमा बैंकहरूले १५-१६ प्रतिशतसम्म ब्याजदर लिएको गुनासो गर्ने निजी क्षेत्रलाई राहत पुग्ने अपेक्षा गरिएको छ ।

लागतमा आउने कमीको लाभ तत्काल नै कर्जाको ब्याजदरमार्फत ग्राहकलाई दिन सकिने नेपाल बैंकर्स संघका अध्यक्ष एवं एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील केसीले बताए । उनले भने, 'यसले तत्काल नै ब्याजदर घटाउन सहज हुने स्थिति बनेको छ । नत्र वैशाखमा घटाएको ब्याजदरको प्रभाव असारसम्म कुनुपर्थ्यो । छिटो ब्याजदर घटाउन सकिने अवस्था बनेको छ ।'

केन्द्रीय बैंकले चालू आर्थिक वर्षको

ज्ञानेन्द्रलालविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले नेपाल हाइड्रो डेभलोपरका तत्कालीन अध्यक्ष ज्ञानेन्द्रलाल प्रधानविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । प्रधानले कम्पनीको अध्यक्ष रहँदै नियमविपरीत सेयर कारोबार गरेको पुष्टि भएपछि बोर्डले सोमबार मुद्दा दायर गरेको हो ।

कम्पनीको अध्यक्षबाट हटेको एक वर्षसम्म कम्पनीको सेयर बिक्री गर्न नपाइने व्यवस्था छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) विपरीत कारोबार गरेको ठहर गर्दै प्रधानविरुद्ध मुद्दा दर्ता गरिएको बोर्डले जनाएको छ । प्रधानले आफूनो सेयर बिक्री नगरे पनि परिवारको सहयोगमा सेयर बिक्री गरेको देखिएकाले मुद्दा दायर गरिएको बोर्डका प्रवक्ता मुक्ति श्रेष्ठले बताए ।

प्रधानले ०७८ भदौ १३ गते सञ्चालक समितिको अध्यक्षबाट राजीनामा दिएका थिए । तर, उनले सञ्चालक समितिको अध्यक्ष हुँदै ०७७ सालमै छोरा, श्रीमतीमार्फत सेयर बिक्री गरेका थिए ।

नयाँ स्टक एक्सचेन्जमा दुवै पक्षलाई उपस्थित हुन आदेश

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

नेपाल धितोपत्र बोर्डले नयाँ स्टक एक्सचेन्ज ल्याउने प्रक्रिया रोक्न उच्च अदालत पाटनमा दायर गरेको रिटमा दुवै पक्षलाई उपस्थित हुन आदेश दिएको छ । शिखर बिजनेस म्यानेजमेन्ट कम्पनीले दायर गरेको रिटको आइतबार सुनवाइ गर्दै न्यायाधीश जगदीश घिमिरेले २७ वैशाखमा दुवै पक्षलाई उपस्थित हुन आदेश दिएका हुन् । शिखर बिजनेसले प्रधानमन्त्रीको कार्यालयसहित ६ निकायलाई विपक्षी बनाएर रिट दायर गरेको थियो । निवेदकको तर्फबाट अधिवक्ताहरू सुरेन्द्र भण्डारी, दीपकराज जोशी र अमृत खरेलले बहस गरेका थिए ।

पाँच महिनाअघि पनि गैरकानुनी रूपमा स्टक एक्सचेन्जको लाइसेन्स बाँड्न लागिएको भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो । सर्वोच्चका न्यायाधीश अनिलकुमार सिन्हा र सुष्मालता माथेमाको इजलासले नयाँ स्टक एक्सचेन्ज स्वीकृति दिने बाटो खुला गरिदिएसँगै धितोपत्र बोर्डले प्रक्रिया अगाडि बढाएको थियो । बोर्डका अध्यक्ष रमेशकुमार हमालले सर्वोच्च अदालतले बाटो खोलिदिएको भन्दै लाइसेन्स दिने पक्रिया अघि बढिसकेको बताए । 'हामी नियमलाई टेकेर सर्वोच्चले दिएको आदेशलाई पालना गरेर अघि बढेका छौं, छनोट समिति बनिसकेको छ, अब रोकिने कुरै हुँदैन,' उनले भने, 'कहाँ, कसरी नीतिगत व्यवसायीलाई पोस्ने काम भयो, प्रमाणित गरेर आउन मेरो अनुरोध छ ।' धितोपत्र बोर्डले नयाँ स्टक एक्सचेन्ज मूल्यांकन समिति गठन गरिसकेको छ । सम्भवतः एक महिनाभित्र कुनै एउटा कम्पनीले लाइसेन्स पाउनेछ । बोर्डमा नयाँ स्टक एक्सचेन्ज सञ्चालनका लागि हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज र अन्नपूर्ण स्टक एक्सचेन्जको आवेदन परेको छ ।

काठमाडौं उपत्यकामा दुई सय २० केभीको रिङ प्रसारण लाइन बनाइने

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

नेपाल विद्युत् प्राधिकरणले काठमाडौं उपत्यकामा दुई सय २० केभी क्षमताको रिङ प्रसारण लाइन बनाउने भएको छ । उपत्यकामा विद्युत् आपूर्तिलाई सहज गर्ने उद्देश्यसहित बनाउन लागेको रिङ प्रसारण लाइनको प्राधिकरणले सर्वेक्षण गरिरहेको छ । त्रिशूली-३ बी हब, मातातीर्थ, डुकुछाप, सिरुटार, नाला गुम्बा, लप्सेफेदी, कपन गुम्बा र तीनपिप्ले जोडेर रिङ प्रसारण लाइन बनाइने अध्ययन भइरहेको छ ।

यस्तै, प्राधिकरणले काठमाडौं उपत्यकामा उच्च क्षमताका आठवटा सबस्टेसन निर्माण गरिरहेको छ । काठमाडौं उपत्यकामा चार सय, दुई सय र एक सय ३२ केभी क्षमताका सबस्टेसन निर्माणाधीन छन् । हाल उपत्यकामा विद्युत्को माग तीन सय ५० मेगावाट हाराहारी छ । तर, सन् २०५० सम्ममा उपत्यकाको विद्युत्को उच्च माग तीन हजार एक सय मेगावाट पुग्ने प्रक्षेपण प्राधिकरणको छ । त्यसलाई आवश्यक पर्ने पूर्वाधार बनाउने क्रममा प्राधिकरणले रिङ प्रसारण लाइन, सबस्टेसन निर्माणको काम अघि बढाएको हो । काठमाडौं उपत्यकाका प्रमुख क्षेत्रहरूमा चरणबद्ध रूपमा प्रसारण तथा वितरण पूर्वाधार निर्माणको प्रक्रिया अगाडि बढाइने बताइएको छ ।

प्राधिकरणका अनुसार उपत्यकामा थप २० वटा नयाँ सबस्टेसन निर्माण प्रक्रिया अगाडि बढाएको छ । सबस्टेसन निर्माणका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको छ । हाल काठमाडौंको लप्सीफेदी, मातातीर्थ, चोभार, फुटुङ, टेकु, मूलपानी र भक्तपुरको ठिमी तथा चाँगुनारायणमा सबस्टेसन निर्माणाधीन छन् । टेकु र चाँगुनारायण सबस्टेसन निर्माण अन्तिम चरणमा छन् । दुवै सबस्टेसन आगामी असारभित्र सञ्चालनमा ल्याउने गरी निर्माण भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले काठमाडौं उपत्यकाभित्रको विद्युत्को बढ्दो माग धान्न र आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन निर्माणाधीन सबस्टेसन आयोजनाहरू जतिसक्दो छिटो सम्पन्न गरिने बताए । 'यस वर्षको जाडोमा काठमाडौं उपत्यकामा विद्युत्को माग त्यति बढेन, यसले विद्युत् आपूर्ति व्यवस्थापन सहज भयो, आगामी वर्षको जाडोलाई ध्यान दिई त्यसभन्दा अगाडि नै सबस्टेसनको निर्माण सक्नुपर्छ,' घिसिङले भने, 'टेकु र फुटुङ सबस्टेसन निर्माण सम्पन्न भएपछि काठमाडौंको विद्युत् माग र आपूर्तिको व्यवस्थापनमा धेरै सहज हुन्छ ।'

सरकार तथा प्राधिकरणको लगानी, एसियाली विकास बैंक (एडिबी) र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहुलियतपूर्ण ऋणमा प्रसारण तथा वितरण प्रणाली सुधार अगाडि बढाइएको छ । काठमाडौं उपत्यकाको विद्युत् आपूर्तिमा सुधार गर्न महत्त्वपूर्ण मानिएको थानकोट-चापागाउँ-भक्तपुर एक सय ३२ केभी प्रसारण लाइनअन्तर्गत ललितपुरको खोकना, बडमती, हरिसिद्धी र लामाटार क्षेत्रमा निर्माणमा अवरोध भएपछि काठमाडौंको चोभारमा १३२/११ केभी सबस्टेसन निर्माण प्रक्रिया अगाडि बढाइएको छ । सबस्टेसनमा ४५ एमभिए क्षमताका दुईवटा पावर ट्रान्सफर्मर रहनेछन् । सुक्खा बन्दरगाहनजिक हिमाल सिमेन्टको जग्गामा सबस्टेसन निर्माणका लागि आवश्यक पर्ने १२ रोपनी जग्गाप्राप्तिको प्रक्रिया अगाडि बढिरहेको छ । मातातीर्थबाट चोभारसम्म एक सय ३२ केभी प्रसारण लाइन बनिसकेको छ ।



ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०१/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरिकाले गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

अछाम शाखा, अछाम

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, अछाममा प्रा.फ.र.नं. १४५७/०७०/०७१ अन्तर्गत मिति २०७०/०६/०१ मा दर्ता भएको **त्रिवेणी इन्टरप्राइजेज**
फर्म दर्ता ठेगाना : मंगलसेन-५, अछाम
स्थायी लेखा नं. ३०४३४२५८७
प्रोप्राइटर : जगत देवी कुंवर
ना.प्र.नं. ७/१७१८, जारी मिति २०४४/१२/२२, जि.प्र.का. अछाम
बाबुको नाम : देव बहादुर विष्ट
पतिको नाम : मदन बहादुर कुंवर
ससुराको नाम : धर्म सिंह कुँवर
स्थायी ठेगाना : मंगलसेन-४, अछाम
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

मदन बहादुर कुँवर ना.प्र.नं. ११७१ जारी मिति २०४०/०२/२५, जि.प्र.का. अछाम बाबुको नाम : धर्म सिंह कुंवर बाजेको नाम : मनि राज कुँवर स्थायी ठेगाना : मंगलसेन न.पा.-३, अछाम	**निर्मला कुमारी कुँवर** ना.प्र.नं. ६९-०१-६९-०२७९४ जारी मिति २०६९/०८/०६, जि.प्र.का. अछाम बाबुको नाम : मदन बहादुर कुंवर बाजेको नाम : धर्म सिंह कुँवर स्थायी ठेगाना : मंगलसेन-४, अछाम
ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
२) गुमान सिंह बटाला ना.प्र.नं. ३५८६५ जारी मिति २०६२/०६/११, जि.प्र.का. अछाम बाबुको नाम : धन बहादुर बटाला बाजेको नाम : पहले बटाला स्थायी ठेगाना : पंचदेवल विनायक न.पा.-७, अछाम **कर्जा शिर्षक : आवधिक कर्जा**	**बादुली विष्ट** ना.प्र.नं. ६१३०३०/२९२/२४६ जारी मिति २०६३/१०/०९, जि.प्र.का. कालिकोट बाबुको नाम : नन्दराम विष्ट पतिको नाम : गुमान सिंह बटाला ससुराको नाम : धन बहादुर बटाला स्थायी ठेगाना : लालु-२, कालिकोट
ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
३) धनसरा साउद बोहरा ना.प्र.नं. ६९-०१-७१-०१७४९ जारी मिति २०७१/०४/२१, जि.प्र.का. अछाम बाबुको नाम : प्रेम बहादुर साउद पतिको नाम : छत्र बहादुर बोहरा ससुराको नाम : टेक बहादुर बोहरा स्थायी ठेगाना : मंगलसेन न.पा.-८, अछाम **कर्जा शिर्षक : आवधिक कर्जा**	**छत्र बहादुर बोहरा** ना.प्र.नं. ६९१०३९/८७३४ जारी मिति २०६५/१२/११, जि.प्र.का. अछाम बाबुको नाम : टेक बहादुर बोहरा बाजेको नाम : हरि सिं बोहरा स्थायी ठेगाना : बलिगाँउ-६, अछाम

इलाम शाखा, इलाम

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १२६०९६/०७१/०७२ अन्तर्गत मिति २०७१/०५/१३ मा दर्ता भएको **टी कल्चर प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : का.म.न.पा.-२९, काठमाडौं
स्थायी लेखा नं. ६०२४११९६७, मिति २०७३/०८/३०
अध्यक्ष तथा जमानतकर्ता : अमृत बाबु ढकाल
ना.प्र.नं.४७२३३, जारी मिति २०४१/०४/१८, जि.प्र.का. चितवन
बाबुको नाम : विष्णु प्रसाद ढकाल
बाजेको नाम : शर्मानन्द ढकाल
स्थायी ठेगाना : भरतपुर-७, चितवन
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी कर्जा

सञ्चालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

चिरिञ्जीवी दाहाल ना.प्र.नं.७९९२९/१४३ जारी मिति २०६२/०३/२२, जि.प्र.का. इलाम बाबुको नाम : देवी प्रसाद दाहाल बाजेको नाम : मोतीराम दाहाल स्थायी ठेगाना : साखेजुङ्ग-५, इलाम	**नेत्र बहादुर विष्ट** ना.प्र.नं. १४२ जारी मिति २०५१/१२/१७, जि.प्र.का. इलाम बाबुको नाम : टेक बहादुर विष्ट बाजेको नाम : लिला बहादुर विष्ट स्थायी ठेगाना : साखेजुङ्ग-७, इलाम

वितामोड शाखा, झापा

ऋणीको विवरण

अनुप राय
ना.प्र.नं.११८०३६९७, जारी मिति २०५४/१२/२०, जि.प्र.का. झापा
बाबुको नाम : विजय कुमार राय
बाजेको नाम : महेन्द्र राय
स्थायी ठेगाना : भद्रपुर-९, झापा
हालको ठेगाना : भद्रपुर न.पा-८, झापा
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

रीता वर्मन ना.प्र.नं.०४३०१५/६९६ जारी मिति २०६३/१२/२३, जि.प्र.का. झापा बाबुको नाम : हरेन्द्र नाथ वर्मन पतिको नाम : अनुप राय ससुराको नाम : विजय कुमार राय स्थायी ठेगाना : भद्रपुर-१३, झापा हालको ठेगाना : भद्रपुर न.पा-८, झापा	**विजय कुमार राय** ना.प्र.नं.११८०२१४५ जारी मिति २०३६/०६/२६, जि.प्र.का. झापा बाबुको नाम : महेन्द्र राय स्थायी ठेगाना : भद्रपुर न.पा.-६, झापा हालको ठेगाना : भद्रपुर न.पा-८, झापा
इन्दीरा शर्मा काफ्ले ना.प्र.नं.११८०२८९० जारी मिति २०४१/०४/१६, जि.प्र.का. झापा बाबुको नाम : स्व. चन्द्र प्रसाद काफ्ले पतिको नाम : विजय कुमार राय ससुराको नाम : महेन्द्र राय स्थायी ठेगाना : भद्रपुर-१३, झापा हालको ठेगाना : भद्रपुर न.पा-८, झापा	**अमित राय** ना.प्र.नं.११८०४२८० जारी मिति २०५८/१०/२२, जि.प्र.का. झापा बाबुको नाम : विजय कुमार राय बाजेको नाम : महेन्द्र राय स्थायी ठेगाना : भद्रपुर-९, झापा हालको ठेगाना : भद्रपुर न.पा-८, झापा

सुलीचौर शाखा, रोल्पा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, रोल्पामा प्रा.फ.नं. १८११/०७३/०७४ अन्तर्गत मिति २०७३/०४/२२ मा दर्ता भएको **रुक्मती होटेल** फर्म दर्ता ठेगाना : मिझिङ्ग-७, रोल्पा स्थायी लेखा नं. ६०५१०३१८२, मिति २०७३/०५/३० **प्रोप्राइटर : श्याम लाल खड्का** ना.प्र.नं.४९४१९/५५५०, जारी मिति २०६१/०२/१६, जि.प्र.का. रोल्पा बाबुको नाम : झुपे खड्का बाजेको नाम : दिउसरे खड्का स्थायी ठेगाना : बडाचौर-२, रोल्पा **कर्जा शिर्षक : आवधिक कर्जा**	**टिका खड्का** ना.प्र.नं.५४३००६/२९ जारी मिति २०६३/१०/०७, जि.प्र.का. रोल्पा बाबुको नाम : पुरभान विष्ट क्षेत्री पतिको नाम : श्याम लाल खड्का ससुराको नाम : झुपे खड्का स्थायी ठेगाना : बडाचौर-२, रोल्पा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

ब्याजदर स्थायित्व, ऋणको पुनर्संरचना र पुनर्तालिकीकरण गर्न महासंघको सुझाव

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले शिथिल बनेको बजारलाई चलायमान बनाउन निक्षेपसँगै कर्जाको ब्याजदर पनि घटाउनुपर्ने बताएका छन् । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई मौद्रिक नीतिको चौथो त्रैमासिक समीक्षाका लागि सुझाव दिँदै उनले ऋणको पुनर्संरचना, पुनर्तालिकीकरण तथा पुनर्कर्जा सुविधा पनि उपलब्ध गराउन आग्रह गरेका हुन् ।

अध्यक्ष ढकालले निक्षेपको ब्याजदर घटेसँगै तत्काल कर्जाको ब्याजदर पनि घटाउन आवश्यक व्यवस्था गर्न गभर्नर अधिकारीलाई आग्रह गरेका छन् । आर्थिक गतिविधि शिथिल हुँदा उद्यमी-व्यवसायीमा ऋणको साँवा-ब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको, बैंकहरूको खराब कर्जा अनुपात पनि बढेकाले तत्काल, पुनर्कर्जा, कर्जाको पुनर्संरचना एवं पुनर्तालिकीकरण गर्नुपर्ने उनको माग छ ।

'बैंकिङ प्रणालीमा करिब दुई खर्ब रुपैयाँ तरलता उपलब्ध हुँदाहुँदै पनि कर्जा प्रवाह हुन सकेको छैन,' अध्यक्ष ढकालले भने, 'यसलाई सम्बोधन गर्न ब्याजदर कम गर्ने उपायस्वरूप तत्काल नीतिगत दर, बैंकदर सिआरआर घटाउनेलगायतका नीतिगत निर्णयमा पुग्न पनि राष्ट्र बैंकसँग आग्रह गर्छौं ।'

गभर्नर अधिकारीले तत्काल कार्यान्वयनमा लैजान सकिने सुझावलाई गम्भीरतापूर्वक लिएर पूरा गर्ने आश्वासन दिएका छन् । निर्माण, उत्पादनमूलक उद्योग एवं साना तथा मझौला उद्योगहरूका लागि पुनर्कर्जाको व्यवस्था गर्न पनि अध्यक्ष ढकालले आग्रह गरे । 'तरलता व्यवस्थापनका लगि कर्जा निक्षेप अनुपातमा पनि समयसापेक्ष सुधार आवश्यक छ,' उनले थपे ।

रेमिट्यान्स कम्पनीहरूलाई देशभित्र आन्तरिक रेमिट्यान्स पठाउन बन्द गरिदिँदा असहजता भएको भन्दै त्यसलाई खुला गरिनुपर्ने महासंघको धारणा छ । सानो आय भएका निम्नवर्ग, घरबाहिर रहेका आफन्तहरूलगायत सर्वसाधारण, कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, साना-साना व्यापारीहरूले सापटी भुक्तानी, घरखर्च सञ्चालन, घरभन्दा बाहिर रही स्कुल-कलेजमा अध्ययन गर्ने विद्यार्थीलाई शुल्क र दैनिक खर्चका लागि रकम पठाउन र प्राप्त गर्न तथा निर्माण उद्योग, यातायात क्षेत्र, चियाबगानमा कार्यरत कर्मचारी, श्रमिकलाई यो सेवा बन्द हुँदा असहज भएको छ ।

यस्तै, सवारीसाधनलगायतमा लाग्दै आएको जोखिम भारको एक सय ५० प्रतिशतलाई सय प्रतिशतमा ल्याउन पनि अध्यक्ष ढकालले आग्रह गरे । चालू पुँजी कर्जा मार्गदर्शन, २०७९ को केही व्यवस्थामा संशोधन भए तापनि वार्षिक रूपमा सात दिनसम्म शून्य बक्यौता कायम गर्नेलगायतका व्यवस्था पुनरावलोकन गर्न पनि आग्रह गरिएको छ ।

निर्यातको उच्च सम्भावना देखिएका वस्तु पहिचान गरी उच्च मूल्यअभिवृद्धि हुने उद्योगलाई ब्याज सहुलियत दिई निर्यात प्रोत्साहन गर्न, अन्य क्षेत्रभन्दा उत्पादनमूलक क्षेत्रमा दिइने कर्जाको ब्याजदर कम हुने गरी भएको नीतिगत व्यवस्था कार्यान्वयन गर्न महासंघले आग्रह गरेको छ । त्यस्तै, साना तथा मझौला उद्यमलाई निश्चित रकमसम्म जोखिम व्यवस्थापन गरी परियोजना कर्जा उपलब्ध गराउने गरी बजेटमा गरिएको नीतिगत व्यवस्था कार्यान्वयन गर्न पनि महासंघले गभर्नर अधिकारीलाई सुझाव दिएको छ ।

बर्दघाटमा एभरेष्ट बैंकको शाखा

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख



एभरेष्ट बैंक लिमिटेडले पश्चिम नवलपरासीको बर्दघाटमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । शाखाको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा नवलपरासी पश्चिमका जिल्ल्ला सभापति केशवप्रसाद भण्डारी र बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

नयाँ शाखाको उद्घाटन गर्दै महासंघका केन्द्रीय सदस्य भण्डारीले बर्दघाटमा एभरेष्ट बैंकको आगमनले सर्वसाधारणको वित्तीय पहुँच अझ सहज तथा सुलभ हुने बताए । बैंकका प्रमुख कार्यकारी अधिकृत खालिङले बर्दघाट र सोआसपासका बासिन्दालाई अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ सेवा प्रदान गराउने प्रतिबद्धता व्यक्त गरे । एभरेष्ट बैंक र पन्जाब नेसनल बैंक भारतसँगको साझेदारीले गर्दा स्थानीय बासिन्दा र पूर्वभारतीय गोर्खा सैनिकले पेन्सन तथा अन्य बैंकिङ सेवा तथा सुविधा उपभोग गर्न अझ सहज हुने उनको भनाइ थियो ।

यससँगै लुम्बिनी प्रदेशमा बैंकको शाखा संख्या २२ पुगको जनाइएको छ । बैंकले हाल देशभरमा एक सय २५ शाखा, तीन एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक सय ६० एटिएमका साथै ३२ राजस्व संकलन केन्द्रमार्फत सेवा दिँदै आएको जनाएको छ ।

बेनेलीको 'नयाँ सफर धमाकेदार अफर'

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

बेनेली मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता केटिएम इन्टरनेसनल ट्रेडिङ प्रालिले 'नयाँ सफर दमदार अफर' नामक योजना ल्याएको छ । कम्पनीले इटालीमा निर्मित बेनेली मोटरसाइकल तथा स्कुटरमा यो योजना ल्याएको हो ।

अफरमा ग्राहकले ६० हजार रुपैयाँसम्म छुट पाउन सक्ने जनाइएको छ । जसमा नगद छुट, बेनेली ब्रान्डको हेल्मेट, आव ०८०/८१ को सडक कर सहुलियत तथा अन्य आकर्षक उपहार हुने कम्पनीको भनाइ छ ।

यस अफरबाट तीनवटा फाइदा लिन सकिने कम्पनीको भनाइ छ । जसमा ३५ हजार रुपैयाँ नगद छुट, १२ हजार रुपैयाँबराबरको बेनेलीको हेल्मेट तथा आव ०८०/८१ को सडक कर रहेको जनाइएको छ । कम्पनीले सात विभिन्न माडेलका मोटरसाइकलहरू उपलब्ध गराउँदै आएको जनाइएको छ । हाल कम्पनीले दुई लाख ६४ हजार नौ सय रुपैयाँदेखि २५ लाख १५ हजार रुपैयाँसम्मका मोटरसाइकल बिक्री गरिरहेको जनाएको छ ।

सिद्धार्थ बैंकको 'पे एन्ड सेभ खाता' सुरु

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले अभिभावक तथा बालबालिकालाई लक्षित गर्दै 'सिद्धार्थ पे एन्ड सेभ' खाता सञ्चालनमा ल्याएको छ । बैंकले नेपालमै पहिलोपटक विशेष सुविधा भएको खाता सञ्चालनमा ल्याएको हो ।

शून्य मौज्दातमै खोल्न सकिने यस खातामा अभिभावकले डेबिट कार्ड र मोबाइल बैंकिङमार्फत एक सय रुपैयाँभन्दा बढीको विद्युतीय कारोबार गरेको अवस्थामा उक्त कारोबार रकमलाई आधार बनाई निश्चित रकम अभिभावकको खाताबाट कट्टा भई बालबालिकाको खातामा स्वतः जम्मा हुने व्यवस्था रहेको बैंकले जनाएको छ । डिजिटल कारोबारलाई प्रोत्साहित गर्दै बालबालिकाका लागि आजैबाट स-सानो बचत गर्दै जान अभिप्रेरित गर्ने उद्देश्यका साथ खाता सञ्चालनमा ल्याएको बैंकको भनाइ छ । यस खातामा बैंकले अभिभावक र बालबालिका दुवैको खातामा विशेष आकर्षणका रूपमा पहिलो वर्षका लागि निःशुल्क डेबिट कार्ड र बैंक स्मार्ट एक्सपी सेवा प्रदान गर्ने जनाइएको छ ।

साथै, ग्राहकलाई यो खाता खोली यथाशीघ्र लाभ लिन प्रेरित गर्ने उद्देश्यका साथ सीमित अवधिका लागि क्यासब्याक योजना पनि उपलब्ध गराइएको बैंकले जनाएको छ । क्यासब्याक योजनाअन्तर्गत अभिभावकले डेबिट कार्डमार्फत पहिलोपटक पिओएस वा अनलाइनबाट न्यूनतम एक हजार रुपैयाँको कारोबार गर्दा कारोबार रकमको पाँच प्रतिशत वा अधिकतम एक सय रुपैयाँ क्यासब्याक पाउने व्यवस्था गरेको जनाइएको छ ।

नबिलले ल्यायो तीनवटा बिमा सुविधासहितका नयाँ बचत खाता

काठमाडौं/ नबिल बैंक लिमिटेडले आकर्षक सुविधासहित नबिल ढुक्क बचत खाता सञ्चालनमा ल्याएको छ । बैंकले उच्चतम ब्याजदर र तीनवटा बिमा सुविधासहितका बचत खाता सञ्चालनमा ल्याएको हो ।

यस खातामा आबद्ध हुने ग्राहकले औषधोपचार बिमाबापत एक लाख रुपैयाँ, दुर्घटना बिमाबापत १० लाख रुपैयाँ र प्राणघातक रोग बिमाबापत तीन लाख ७५ हजार रुपैयाँ दाबी गर्न पाउने जनाइएको छ । त्यस्तै, यस खातामा निःशुल्क डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ, डिम्याट तथा मेरो सेयरको सुविधा पाउन सकिने बैंकले जनाएको छ । महिनामा पाँचपटकसम्म अरू बैंकको एटिएमबाट पनि निःशुल्क पैसा झिक्न पाइने सुविधा यस खातामा रहेको उल्लेख छ ।

नबिल फोन लोनको सुविधा पनि यस खाताको विशेषता रहेको जनाइएको छ । साथै, लकरको सुविधा पनि रहेको यस खातामा पहिलो वर्ष लकर निःशुल्क रहने तथा दोस्रो वर्षबाट ५० प्रतिशत छुट दिने व्यवस्था रहेको बैंकले जनाएको छ । ७.४० प्रतिशत ब्याजदर रहेको यो खाता खोल्नका लागि ग्राहकले न्यूनतम एक लाख रुपैयाँ जम्मा गर्नुपर्ने सर्त रहेको छ ।

मुक्तिनाथले एससिटी-युपिआई डेबिट कार्ड सेवा सञ्चालन गर्ने



काठमाडौं/ स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड र मुक्तिनाथ विकास बैंकबीच एससिटी-युपिआई डेबिट कार्ड सेवा सञ्चालनका लागि सम्झौता भएको छ । सम्झौतामा स्मार्ट च्वाइसका प्रमुख कार्यकारी अधिकृत नारायणप्रकाश भुजू र बैंकका सहायक नायब प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गुरुङले हस्ताक्षर गरेका हुन् ।

विगत २० वर्षदेखि डिजिटल भुक्तानी सेवा दिँदै आएको स्मार्ट च्वाइस बैंकबीच भएको सम्झौताले नेपालको समग्र डिजिटल भुक्तानीको क्षेत्रमा टेवा पुग्ने बैंकले विश्वास व्यक्त गरेको छ । हाल पाँच वाणिज्य बैंक, पाँच विकास बैंक, १२ फाइनान्स कम्पनी र एक सय ५० भन्दा बढी सहकारीहरूले एससिटी युपिआई डेबिट कार्ड सेवा आफ्ना ग्राहकलाई प्रदान गरिरहेको जनाइएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०१/२६

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय डोल्पाबाट विभिन्न कर्जा शिर्षक अर्न्तगत लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरि सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१.कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक-अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना

नाम	**: घमण्ड बहादुर चन्द**
बाबु	: नर बहादुर चन्द
बाजे	: लालु चन्द
ठेगाना	: आठबिस डाँडागाउँ गा.वि.स.-२, रुकुम
हालको ठेगाना	: आठबिसकोट न.पा.-११, रुकुम (पश्चिम)
ना.प्र.नं.	: ८८३/१६२५
जारी मिति	: २०४४/११/२६
जि.प्र.का.	: रुकुम

जमानीकर्ताहरुको नाम र ठेगाना

१ नाम	**: रत्ना कुमारी चन्द**
पति	: घमण्ड बहादुर चन्द
ससुरा	: नर बहादुर चन्द
ठेगाना	: आठबिस डाँडागाउँ गा.वि.स.-२, रुकुम
हालको ठेगाना	: आठबिसकोट न.पा.-११, रुकुम (पश्चिम)
ना.प्र.नं.	: ८४६/१३७७
जारी मिति	: २०४४/११/२६
जि.प्र.का.	: रुकुम

२. नाम	**: दिपक चन्द**
बाबु	: घमण्ड बहादुर चन्द
बाजे	: नर बहादुर चन्द
ठेगाना	: आठबिस डाँडागाउँ गा.वि.स.-२, रुकुम
हालको ठेगाना	: आठबिसकोट न.पा.-११, रुकुम (पश्चिम)
ना.प्र.नं.	: ३०२(०३७)/७९६
जारी मिति	: २०६२/०९/२१
जि.प्र.का.	: रुकुम

३. नाम	**: हरिश चन्द**
बाबु	: घमण्ड बहादुर चन्द
बाजे	: नर बहादुर चन्द
ठेगाना	: आठबिस डाँडागाउँ गा.वि.स.-२, रुकुम
हालको ठेगाना	: आठबिसकोट न.पा.-११, रुकुम (पश्चिम)
ना.प्र.नं.	: ५६३०३७/०८८०
जारी मिति	: २०७०/०१/३०
जि.प्र.का.	: रुकुम

४. नाम	**: सुरेन्द्र कुमार चन्द**
बाबु	: घमण्ड बहादुर चन्द
बाजे	: नर बहादुर चन्द
ठेगाना	: आठबिस डाँडागाउँ गा.वि.स.-२, रुकुम
हालको ठेगाना	: आठबिसकोट न.पा.-११, रुकुम (पश्चिम)
ना.प्र.नं.	: ५६-०१-७१-०४०११
जारी मिति	: २०७१/१२/२६
जि.प्र.का.	: रुकुम

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम :- घमण्ड बहादुर चन्द

सि.नं	१.
जिल्ला	रुकुम
न.पा./गा.वि.स.	आठबिसडाँडागाँउ
वडा नं	२
कि.नं.	१६
क्षेत्रफल	३१६० व.मि.
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।

२.कर्जा शिर्षक : सिटिजन्स कृषी तथा उद्यम कर्जा-आवधिक

ऋणीहरुको नाम र ठेगाना

१ नाम	**: गोविन्द्र डाँगी**
बाबु	: चन्द्र लाल डाँगी
बाजे	: काला डाँगी
ठेगाना	: जुफाल गा.वि.स.-६, डोल्पा
हालको ठेगाना	: ठुली भेरी न.पा.-८, डोल्पा
ना.प्र.नं.	: ५७-१-००२/७९३७
जारी मिति	: २०६५/०९/०४
जि.प्र.का.	: डोल्पा

२. नाम	**: पदमा डाँगी**
बाबु	: रेशम डाँगी
पति	: गोविन्द डाँगी
ससुरा	: चन्द्र लाल डाँगी
ठेगाना	: जुफाल गा.वि.स.-६, डोल्पा
हालको ठेगाना	: ठुली भेरी न.पा.-८, डोल्पा
ना.प्र.नं.	: ५७-१-०३/९११३
जारी मिति	: २०६८/०१/१२
जि.प्र.का.	: डोल्पा

धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नाम :- गोविन्द डाँगी

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	डोल्पा	जुफाल	७ग	१५	३२५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
२.	डोल्पा	जुफाल	७ग	३११	१६५	
३.	डोल्पा	जुफाल	९क	३०३	१२७५	

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

भूल सुधार

प्रकाशित मितिः- २०८०/०१/२६

मिति २०८०/०१/२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको सूचनामा **ऋणी राजु मदिरा पसल ढावा**को धितो सुरक्षण धनीको नाम **राजु मंडल** हुनुपर्नेमा अन्यथा हुन गएकोमा भुल सुधार गरिएको यसै सूचनाबाट जानकारी गराइन्छ ।

Citizens Bank

खाणलाई...

पृष्ठ १ बाट क्रमशः

धम्की दिएपछि तत्कालै छुट्टेका थिए । त्यतिवेला खाण नै गृहमन्त्री थिए । यसपटक पनि बिचौलियाहरू पक्राउ परेपछि 'रकम फिर्ता गर्ने' भन्दै आफूलाई बयानमा नपोल्न शेर्पामार्फत फकाउने प्रयास गरेका थिए ।

नेता खाणले भने ठगी प्रकरणमा आफ्नो कुनै संलग्नता नभएको र अभियुक्त भेट्न पनि कसैलाई नपठाएको दाबी गरे । 'पक्राउ परेकाहरूलाई भेट्न मैले कसैलाई पठाएको छैन, न मेरो त्यो प्रकरणमा कुनै संलग्नता छ,' सोमबार साँझ खाणले नयाँ पत्रिकासँग भने, 'म अहिले बुटवलमा छु । फर्केर केही दिनमा सबै कुरा प्रस्ट पार्छु ।'

अभियुक्तले एक करोड २४ लाख बुझाएको बयान दिए पनि प्रहरीले खाणको पैसा लेनदेनको प्रमाण भने अहिलेसम्म फेला पार्न सकेको छैन, जुटाउने प्रयास गरिरहेको छ । तर, नक्कली शरणार्थीलाई सहज हुने गरी गृह मन्त्रालयबाट खाणको कार्यकालमा केही निर्णय तथा पत्राचार भएको विषयमा भने प्रहरीले छानबिन गरिरहेको छ ।

सो मुद्दामा हालसम्म गिरोहलाई सघाउने पाँचजनाले पैसा लिएको प्रमाण भेटिएको आधारमा प्रहरीले पक्राउ पुर्जी जारी गरिसकेको छ । जसमा एमाले सचिव टोपबहादुर रायमाझी, उनका छोरा सन्दीप, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का सल्लाहकार इन्द्रजित राई, उनका छोरा नीरज र नेपाल सरकारका सचिव टेकनारायण पाण्डे छन् । उनीहरूमध्ये टोपबहादुर र नीरज फरार छन् भने अन्य प्रहरी हिरासतमा छन् ।

पक्राउ परेका अभियुक्तहरूले नाम लिएका अरू धेरै व्यक्तिको विषयमा आर्थिक लेनदेनको प्रमाण जुटाउने क्रममा प्रहरी छ । तर, उच्चपदस्थ जोडिएपछि अनुसन्धान कमजोर बनाउन प्रहरीमाथि चौतर्फी दबाब छ ।

सुरुदेखि नै यो मुद्दाको अनुसन्धानमा प्रहरीमाथि दबाब छ । प्रहरीले उच्चपदस्थलाई जोगाउने प्रयास गरे पनि पक्राउ परेकामध्ये सानु भण्डारीले आफूले बोलेका कुरा जस्ताको तस्तै बयानमा नराखे आत्मदाह गर्नेसम्मको धम्की दिएपछि अनुसन्धान 'हाई प्रोफाइल'तर्फ मोडिएको हो । विभिन्न नेताहरूले काम गरिदिने भनेर पैसा लिएको, तर काम नगरिदिएको भन्दै उनले सबैको पोल खोलिदिएका छन् । 'पैसा खाने नेता र कर्मचारी, उल्टै हामीलाई थुन्ने' भन्दै भण्डारीले पैसा बुझाएको प्रमाण नै प्रहरीमा बुझाएका छन् । जसकारण यो मुद्दा पेचिलो बनेको छ ।

ठगीका साथै संगठित अपराधसम्बन्धी कसुरमा प्रहरीले अनुसन्धान अघि बढाएको छ । अभियुक्तले नाम लिएका अन्य उच्चपदस्थमाथि पनि प्रहरीले सोधपुछको तयारी गरेको छ । पक्राउ परेकामध्ये सबैको बयान पूरा भइसकेको छ ।

पछिल्लो समय प्रहरी अनुसन्धान गृह मन्त्रालयमाथि केन्द्रित छ । गृह मन्त्रालयले दर्तामा छुट भएका शरणार्थीको नाममा विभिन्न समयमा गरेका निर्णय र पत्राचार झिकाएर अनुसन्धान गरिरहेको छ । ०७६ सालमा पूर्वसहसचिव बालकृष्ण पन्थी अध्यक्षताको कार्यदल गठन भएसँगै यससम्बन्धी चलखेल अघि बढेको थियो । सोही प्रतिवेदन देखाएर तथा त्यसमा नाम थपेर करिब नौ सयजनासँग एक अर्ब उठाइएको थियो । त्यही पैसा उच्चपदस्थलाई बुझाएर बिचौलिया समूहले गैरशरणार्थीलाई शरणार्थी बनाउने प्रयास गरेको थियो । जुन प्रयास असफल भएपछि पीडितहरू प्रहरीमा पुगेका हुन् । कार्यदल सदस्य पनि अहिले प्रहरी छानबिनमा छन् ।

भ्रष्टाचार काण्डमा पूर्वाग्रह र 'हिरोइजम' एमालेलाई सह्य छैन : ओली

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले नक्कली भुटानी शरणार्थी ठगी काण्डमा पूर्वाग्रह र हिरोइजम नदेखाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई चेतावनी दिएका छन् । राष्ट्रिय युवा संघको केन्द्रीय कमिटी बैठकलाई सोमबार सम्बोधन गर्दै ओलीले यस्तो चेतावनी दिएका हुन् ।

यो प्रकरणमा एमाले सचिव टोपबहादुर रायमाझी मुछिएका छन् । अदालतले पक्राउ पुर्जी जारी गरेपछि रायमाझी पाँच दिनदेखि एकाएक 'भूमिगत' बनेका छन् । त्यसयता अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्डलाई पटक-पटक भेटेर चासो राख्दै आएका छन् ।

ओलीले एमाले निष्पक्ष छानबिनसहित दोषीलाई कारबाही गर्ने पक्षमा दृढतापूर्वक उभिए पनि प्रधानमन्त्रीले मुख्य दोषीमाथि छानबिन नगर्न र उम्काउन प्रहरीलाई निर्देशन दिएको दाबीसमेत गरे । 'क-कसलाई फसाउन, उम्काउन निर्देशन छ, अहिले म भनिहाल्दिनँ, त्यसबारे पछि कुरा गर्छु । तर, प्रधानमन्त्री भएर यसप्रकारको खेल चल्दैन प्रचण्डजी,' ओलीले भने, 'प्रधानमन्त्रीले यस्ता भ्रष्टाचार काण्डको दृढताका साथ छानबिन गराउनुपर्छ, दुबोको माला लगाएर हिरोइजमको व्यापार गर्ने होइन, स्टन्टबाजी गर्ने होइन, छानबिन गरेर दोषीमाथि कारबाही गर्ने हो । प्रतिपक्षीविरुद्ध होइन, दोषीविरुद्ध उभिने हिम्मत देखाउनुस्, चुनौती दिएर भन्न चाहन्छु ।'

अघिल्ला गृहमन्त्री बालकृष्ण खाणको आदेशमा नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका दोषी उम्काइएको तथ्य उजागर भएको भन्दै ओलीले निष्पक्ष छानबिन गरेर दोषीलाई न्यायिक कठघरामा उभ्याउनुको सट्टा सरकार प्रहरीलाई दबाब दिएर निश्चित मान्छेलाई मात्र बदनाम गर्ने र फसाउने खेलमा लागेको आरोप पनि लगाए । 'यो प्रकरणमा पहिले गिरफ्तार भएकाहरू किन छाडिए ? अहिले बयान हेरफेर के-के हुँदै छ ? प्रधानमन्त्रीजी र गृहमन्त्रीजीलाई भन्न चाहन्छु, तपाईंहरू प्रहरीलाई दबाब नदिनुस्, दबाब दिएर अनेक क्रियाकलाप गर्न नलगाउनुस् । निष्पक्ष छानबिन गर्न दिनुस्, दोषीलाई न्यायको कठघरामा उभ्याउनैपर्छ, निर्दोष फसाउने कोसिस नगर्नुस्, त्यो तपाईंहरूले सक्नु पनि हुन्न, किनभने भोलि प्रमाणले बोल्दैन,' ओलीले चेतावनीको शैलीमा भने, 'तर, केही मान्छेलाई बदनाम गर्ने उहाँहरूको चेष्टा छ । कहाँ कसलाई अवकाश दिने, नयाँ नियुक्ति दिने षड्यन्त्र हुँदै छ, दुई कान हाम्रा पनि छन्, सुन्दै छौं हामी पनि । त्यसखालका षड्यन्त्र नगर्न म सरकारलाई चेतावनी दिन्छु ।'

पार्टीले जोकोही भ्रष्ट नेता-कार्यकर्ता जोगाउन नलाग्ने, तर एमालेलाई नै लक्षित गरेर नियोजित रूपमा फसाएर सक्कली भ्रष्टाचारीहरूलाई जोगाउने काम भए जस्ताको तस्तै प्रतिवाद गर्ने ओलीले बताए । 'व्यक्तिगत तवरबाट कसैले भ्रष्टाचार गऱ्यो भने एमालेको समर्थन नरहने मात्र होइन, त्यस्तो भ्रष्टाचारीलाई एमालेले कहिले पनि संरक्षण गर्दैन, भ्रष्टाचार सह्य छैन,' ओलीले भने, 'तर भ्रष्टाचार ढाकछोपका लागि एमालेका विरुद्ध तथाकथित यसलाई पनि तान, उसलाई पनि तान भनेर निर्देशन हुन्छ, कसैलाई खेदी-खेदी हतकडी लगाउने, कसैलाई भगाउने, सोधपुछै नगर्ने, संरक्षण गर्ने कुरा लक्षित गरेरै कसैले दुस्साहस गर्छ भने त्यसको उचित जवाफ एमालेले दिन्छ ।'

प्रधानमन्त्रीकै निरन्तर आग्रह र सम्पर्कका कारण नै आफूले भेटवार्ता गरेको दाबी गर्दै ओलीले विषयलाई गलत ढंगले प्रचार गरिएको बताए । उनले ट्रेलरको सट्टा हलमै सिनेमा देखाउन पनि चुनौती दिए ।

'उहाँ (प्रधानमन्त्री)ले निरन्तर सम्पर्क गर्नुभो, आग्रह गरेपछि भेटवार्ता भयो, तर उहाँ मानिलिऊँ पुष्पकमल दाहाललाई नेपाली जनताले चिनेकै छैन जस्तो गरेर सेतो वस्त्र लगाएर दूधले नुहाएको पवित्र अवतारका साथ मिडियाका अगाडि प्रकट हुनुभो,' ओलीले भने, 'मैले भेटेलगत्तै भ्रष्टलाई छोड्दिनँ, दबाबले हुँदैन भनेर के भन्न खोजेको ? के म दबाब दिन गएको थिएँ ? म दाहालजीलाई सोध्न चाहन्छु, अन्त धुमधाम चलिसक्यो, सधैं ट्रेलर मात्र किन ? ताला लागेको तपाईंको सिनेमाहलमा फिल्म कहिलेदेखि चल्छ ?'

भुटानी शरणार्थी प्रकरण निष्कर्षमा पुऱ्याउन सांसदहरूको माग

काठमाडौं/ नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरिएको ठगी धन्दाको छानबिन गरी निष्कर्षमा पुऱ्याउन सांसदहरूले माग गरेका छन् । केही सांसदले पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा न्यायिक छानबिन गर्न माग गरेका छन् भने केहीले अनुसन्धानको जिम्मा सिआइबीलाई दिन माग गरेका छन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले देशको मुख्य समस्या भ्रष्टाचार भएको उल्लेख गर्दै देश र प्रणालीलाई भ्रष्टाचारबाट जोगाउनुपर्ने बताए । नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिनमा प्रधानमन्त्रीले खुट्टा कमाउन नहुने उनको भनाइ छ । 'यो भ्रष्टाचारलाई हामी जबसम्म नियन्त्रण गर्दैनौं, भ्रष्टाचारीलाई जबसम्म कारबाही गर्दैनौं तबसम्म सुशासनको प्रत्याभूति गर्न सकिँदैन,' उनले सोमबार संसद्मा भने, 'प्रधानमन्त्रीजीले खुट्टा नकमाईकन दृढताका साथ अगाडि बढ्नुपर्छ । उहाँको परीक्षाको वेला आएको छ । हाम्रो पूरा साथ-सहयोग रहन्छ । सत्तासहयात्री दलहरूले पनि यो प्रकरणमा कुनै पनि दोषी र भ्रष्ट व्यक्तिहरू नउम्किऊन्, नछुटून् भनेर प्रधानमन्त्रीलाई भनिसकेका छन् । तर, निर्दोषहरूलाई अनावश्यक रूपमा बदनाम गर्ने कामहरू गर्ने, अपमान गर्ने काम नहोस् ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मिलिजुली एक-अर्कालाई जोगाउने काम नगर्न चेतावनी दिए । 'अहिले भएको शरणार्थी भ्रष्टाचार काण्डमा ताप्केको बिँड तात्यो, तात्दै गरेको ताप्के सेलाएको छ । ताप्के नसेलाओस् । सिंगो राष्ट्र र अन्तर्राष्ट्रिय समुदायले हेरेको छ । दोषी कोही नउम्कियोस्, मिलिजुली एक-अर्कालाई जोगाउने काम नहोस् । हामी यसलाई नजिकबाट नियालिरहेका छौं,' उनले भने ।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले राष्ट्रलाई नै लज्जित बनाउने नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका सबै व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गरे । विभिन्न देशमा पूर्वप्रधानमन्त्रीसमेत भ्रष्टाचार काण्डमा जेल परेको उदाहरण दिँदै केसीले भने, 'यो प्रकरणबारे भूतपूर्व प्रधानन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय छानबिन आयोग गठन गरिनुपर्छ । जो, जहाँ, जुनसुकै पदमा भए पनि गम्भीर छानबिन गरी कारबाही गरिनुपर्छ ।'

रास्वपाकै असिम शाहले पनि नक्कली भुटानी शरणार्थी प्रकरणमा गम्भीर छानबिन आवश्यक रहेको बताए । उनले बलियो कथा भएको प्रकरणको झुर फिल्म नबनाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीले राज्यसत्ताका महत्त्वपूर्ण ठाउँमा बसेका नै यो प्रकरणमा मुछिएको भन्दै दूधको दूध पानीको पानी हुने गरी छानबिन गरिनुपर्ने बताए । यो विषय टुंग्याएर मात्र संसद्ले आफ्ना काम अगाडि बढाउनुपर्ने उनको धारणा थियो ।

प्रधानन्यायाधीशमा...

पृष्ठ १ बाट क्रमशः

वरिष्ठता र योग्यताका आधारमा कार्कीलाई प्रधानन्यायाधीश नियुक्त गर्न सर्वसम्मत रूपमा सिफारिस गरेको कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले जानकारी दिए । पदीय मर्यादा र आचारणको प्रश्न उठाउँदै सांसदहरूले महाभियोग प्रस्ताव ल्याएपछि जबरा १ फागुन ०७८ देखि निलम्बनमा परेका थिए । जबरा निलम्बनमा परेपछि सर्वोच्च १४ महिनादेखि कामुको भरमा चलिरहेको थियो ।

संवैधानिक परिषद्को बैठकमा एमाले अध्यक्ष केपी ओलीले निवर्तमान प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई अन्याय भएको गुनासो गरे । बैठकमा सहभागी एक सदस्यका अनुसार ओलीले चोलेन्द्रशमशेरको महाभियोग निष्कर्षमा नपुऱ्याएर अन्याय गरिएको भन्दै न्याय हुनुपर्ने धारणा राखेका थिए ।

'महाभियोगका नाममा उहाँलाई अन्याय भयो । अवकाश भइसक्दा पनि लट्काएर राख्नु न्यायोचित होइन । अवकाशपछि उहाँलाई न्याय हुनुपर्छ । बाटो खोलिदिनुपर्छ,' ओलीको भनाइ उद्धृत गर्दै ती सदस्यले भने ।

संवैधानिक परिषद्बाट प्रधानन्यायाधीश सिफारिस भएसँगै अब संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउनुपर्छ । तर, अझैसम्म संघीय संसद्को संयुक्त समितिका रूपमा रहेको सुनुवाइ समिति गठन हुन सकेको छैन । सुनुवाइ समितिमा प्रतिनिधिसभाबाट १२ र राष्ट्रिय सभाबाट तीनजना सदस्य रहन्छन् । राष्ट्रिय सभाले एमालेका देवेन्द्र दाहाल, कांग्रेसका रमेशजंग रायमाझी र माओवादी केन्द्रका जगप्रसाद शर्माको नाम अनुमोदन गरेको छ । तर, प्रतिनिधिसभातर्फ १२ सदस्यका लागि दलहरूले नाम दिएका छैनन् । सभामुख देवराज घिमिरेले मंगलबारसम्म नाम दिन दलहरूलाई ताकेता गरेका छन् ।

प्रमुख तीन दलका शीर्ष नेताबीच ११ वैशाखमा भएको बैठकमा सुनुवाइ समितिमा प्रतिनिधिसभाको सिटसंख्याका आधारमा कांग्रेसले चार, एमालेले चार, माओवादी, रास्वपा, राप्रपा, जसपाले एक-एक सदस्य पाउने सहमति भएको थियो । यद्यपि, सत्तारूढ दलले एमालेलाई तीन सदस्य दिएर माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई पनि सुनुवाइ समितिमा समावेश गराउने प्रयास गरेका छन् । 'पहिले नै शीर्ष नेताहरू बसेर कुन पार्टीले कति पाउने भन्ने विषय सहमति गरिसकेका छन् । त्यसैको सन्दर्भमा भोलि बिहान शीर्ष तीन नेता बसेर एकप्रकारको टुंग्याउने भन्ने भएको छ,' कानुनमन्त्री गुरुङले भने ।

आफैंले बनाएको...

पृष्ठ १ बाट क्रमशः

पूर्वअध्यक्ष तथा हाल लगानीकर्ता एमालेकी भगवती चौधरी मनोनीत भएका छन् ।

अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, लगानी बोर्ड, राष्ट्रिय योजना आयोग र सम्बद्ध विषय तथा निकायको काम-कारबाहीको निगरानी गर्ने कार्यक्षेत्र भएको समितिमा कांग्रेसले खर्बपति व्यापारी विनोद चौधरीलाई पठाएको छ । उनको खाद्यान्न, पेय, अटो मोबाइल्स, दूरसञ्चार सेवाप्रदायक, होटेललगायत थुप्रै व्यवसायमा लगानी छ । बैंक तथा वित्तीय संस्थामा संलग्न जसपाका वीरेन्द्रप्रसाद महतो पनि सदस्य मनोनीत भएका छन् ।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सदस्य मनोनीत भएका कांग्रेसका उदयशमशेर जबरा ह्यान्डी क्राफ्ट व्यवसायमा संलग्न छन् । उनको यो व्यवसाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा फैलिएको छ ।

परराष्ट्र मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सम्बद्ध विषय तथा निकाय कार्यक्षेत्र भएको यो समितिका अर्का सदस्य एमालेका एकनाथ ढकाल अन्तर्राष्ट्रिय क्रिस्चियन मिसनरीका नेपाल प्रमुख हुन्, उनी विभिन्न एनजिओ र आइएनजिओमा पनि संलग्न छन् । एमालेकै देवीप्रकाश भट्टचन प्रभु ग्रुपका पूर्वअध्यक्ष एवं पर्यटन व्यवसायी हुन् । राप्रपाका धवलशमशेर जबराको होटेल, रिसोर्टलगायत पर्यटन व्यवसायमा लगानी छ । कांग्रेसका मोहन आचार्य निर्माण व्यवसायमा संलग्न छन्, उनले पर्यटन क्षेत्रमा लगानी गरेका छन् ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा सदस्य मनोनीत एकीकृत समाजवादीका किसान श्रेष्ठ ग्यास व्यवसायी हुन्, यसका अलावा होटेल र हार्डवेयर व्यवसायमा पनि लगानी छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उपभोक्ता हित सम्बन्ध र सम्बद्ध विषय तथा निकाय हेर्ने यो समितिका अर्का सदस्य कांग्रेसका मोहनबहादुर बस्नेत बैंक तथा वित्तीय संस्थाको व्यवसायमा संलग्न छन्, क्रसर व्यवसाय पनि छ । यही समितिमा रहेका रास्वपाका गणेश पराजुली ठमेलमा क्याफे, कपडालगायत पर्यटन व्यवसायसँग जोडिएका छन् । रास्वपाकै डोलप्रसाद अर्यालको मेनपावर, कन्सल्टेन्सी, होटेललगायत थुप्रै व्यवसाय छ । एमालेका लालप्रसाद सावाँ लिम्बूको पनि मेनपावर व्यवसाय छ । यद्यपि उनले आफूले आबद्धता छोडिसकेको जिकिर गर्दै आएका छन् । कांग्रेसका दुर्लभ थापा क्षेत्री होटेल व्यवसायी हुन् । एमालेका रघुवीर महासेठको स्वास्थ्य र पर्यटन उद्योगमा लगानी छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सम्बद्ध विषय तथा निकाय क्षेत्राधिकार भएको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा सदस्य मनोनीत स्वतन्त्र सांसद योगेन्द्र मण्डल लद्युवित्तका सञ्चालक हुन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र सम्बद्ध विषय तथा निकाय कार्यक्षेत्र भएको पूर्वाधार विकास समितिमा सदस्य मनोनीत भएका एकीकृत समाजवादीका धनबहादुर बुढा निर्माण व्यवसायी हुन् । एमालेका प्रेमबहादुर महर्जन पनि निर्माण व्यवसायसँग जोडिएका छन् ।

सार्वजनिक लेखा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकाय हेर्ने यो समिति सदस्य रहेका एमालेका तारा लामा तामाङ सहकारीकर्मी हुन् । त्यस्तै, कांग्रेसका तेजुलाल चौधरी विद्यालय सञ्चालक हुन् । एकीकृत समाजवादीका प्रेम आलेको घरजग्गा व्यवसायमा लगानी छ । राप्रपाका विक्रम पाण्डे निर्माण व्यवसायी हुन् । सिक्टा सिँचाइ आयोजनामा उनले भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट सफाइ पाएर सर्वोच्च अदालतमा पुनरावेदन अवस्थामा विचाराधीन छ । रास्वपाका हरि ढकाल सेयर लगानीकर्ता हुन् ।

संसदीय मामिलामा स्वार्थको द्वन्द्वको विषयका अनुसन्धानकर्ता किरण चापागाईंले प्रतिनिधिसभाको अहिलेको नियमावलीबाट स्वार्थको द्वन्द्वको व्यवस्थापन हुन नसक्ने बताए । 'पहिलो त नियमावलीमा स्वार्थको द्वन्द्वको परिभाषा छैन । स्वार्थको द्वन्द्वमा बहुआयामिक विषयवस्तु जोडिएको हुन्छ, त्यो नियमावलीमा समेटिएको छैन,' उनले भने, 'प्रत्यक्ष र सम्भावित स्वार्थको द्वन्द्वका विषयहरू प्रायोजित भ्रमण, गोप्य सूचना, स्वार्थ घोषणाबारे केही छैन, सांसदको सम्पत्ति सार्वजनिक गरिँदैन । सांसदका बाह्य गतिविधि नियन्त्रण भएको छैन । यो नगरीकन स्वार्थको द्वन्द्वको व्यवस्थापन हुन सक्दैन ।'

कतिपय सांसद भइसकेपछि पनि व्यवसायबाट अलग नभएकाले स्वार्थको द्वन्द्व व्यवस्थापन नहुने उनको भनाइ छ । 'हाम्रोमा स्वार्थ घोषणा गर्ने औपचारिक प्रचलन छैन । सांसदले बुझएको सम्पत्ति विवरण सार्वजनिक नहुँदा स्वार्थ कहाँ छ भन्ने थाहा हुँदैन । त्यसैले अहिलेको व्यवस्था विगतको भन्दा खासै केही फरक छैन, स्वार्थको द्वन्द्व व्यवस्थापन हुन सक्दैन ।

बाराको हात्तीआतंक नियन्त्रण गर्न सांसद मैनालीको माग



काठमाडौं/ एमाले सांसद अच्युतकुमार मैनालीले बाराको हात्तीआतंक नियन्त्रण गर्न सरकारसँग माग गरेका छन् । प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद मैनालीले बाराको कोल्बी नगरपालिकामा एक सातादेखि हात्तीले बालीनाली तथा घर नष्ट गरेको जानकारी गराउँदै सम्बन्धित निकायलाई संवेदनशील हुन माग गरेका हुन् ।

हालसम्म मानव क्षति नभएको भन्दै उनले समयमै हात्ती नियन्त्रण र व्यवस्थापनका लागि माग गरे । सांसद मैनालीले धेरै कार्यपालिकामा कार्यकारी अधिकृतको अभावले गर्दा दैनन्दिन कार्यमा बाधा पुगेको भन्दै अविलम्ब व्यवस्थापनका लागि माग पनि गरे । त्यस्तै, लोककल्याणकारी कार्यक्रम, बालपोषण कार्यक्रम, सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न उनको माग थियो ।

पचरौता नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बेनौली बारा

मधेश प्रदेश नेपाल

प्राबिधिक प्रस्तावको मुल्यांकन तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना

मितीः-२०८०/०१/२६ गते

यस पचरौता नगरपालिका बाट मिती २०७९/१२/१९ गतेका दिन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का न. NCB/PMUN/१३/२०७९/०८० कालोपत्रे तथा नाला निर्माण गर्ने कार्य पकडिया चिकनी देखि रामनगर सम्मको सुचना बिधुतिय बोलपत्र आह्वान गरिएकोमा सो सुचनाको म्याद भित्र पेश हुन आएका २ वटा बोलपत्रहरुको प्राबिधिक प्रस्ताव सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६० अनुसार मुल्यांकन गर्दा तपसिलका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव स्वीकृतिको लागि सिफारिस भई आएको हुदा सो बोलपत्रदाताहरुको आर्थिक पक्षको मुल्यांकनको लागि यो सुचना प्रकाशन गरिएको छ ।तथा उल्लेखित बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिती २०८०/०२/०३ गतेका दिन ठिक १:०० बजे नगर कार्यपालिकाको कार्यालय बेनौली बारामा खोलिने व्यवहोरा समेत जानकारीको लागि अनुरोध छ।

तपसिल

क्र.स.	प्राबिधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरुको नाम	कैफियत
१.	राजदेवी-आदर्श जे.भि.सिरहा	
२.	दिपु-सुवेदी जे.भि गरुडा	

महेश कुमार मिश्र

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलौरी, कञ्चनपुरको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रकाशित मिति २०८०/०१/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ १० गते बुधबार**का दिन शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरणः

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर, कञ्चनपुरमा मिति २०७५/०२/२१ मा प्रा.फ.नं. ४७९/४४८४/०७४/०७५ कायम भई दर्ता रहेको कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाण्डेय पशु तथा पंक्षीपालन केन्द्र**का प्रोप्राईटर दशरथ पाण्डेयको नाति, देव बहादुर पाण्डेय/लक्ष्मी देवी पाण्डेयको छोरा, निर्मला संग्रौलाको पति, कञ्चनपुर जिल्ला, रामपुर विलासपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं ०८ बस्ने **विजय पाण्डेय** (ना.प्र.नं. ७०६, जारी मिति २०५९/११/२८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

२. दशरथ पाण्डेयको नाति, देव बहादुर पाण्डे/लक्ष्मी देवी पाण्डेयको छोरा, निर्मला संग्रौलाको पति, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ०८ (साविक रामपुर विलासीपुर गा.वि.स. वडा नं. ७) बस्ने **विजय पाण्डेय** (ना.प्र.नं. ७०६, जारी मिति २०५९/११/२८, जिल्ला प्रशासन कार्यालय कचनपुर) ।

व्यक्तिगत जमानीकर्ताको विवरणः

१. मणी प्रसाद संग्रौला/नर्मदा देवी संग्रौलाको नातिनी, नारायण प्रसाद संग्रौला/दिपा देवी संग्रौलाको छोरी, देव बहादुर पाण्डे/लक्ष्मी देवी पाण्डेयको बुहारी, विजय पाण्डेयको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ०८ बस्ने **निर्मला संग्रौला** (ना.प्र.नं. ७२०२१, जारी मिति २०६३/०६/०८, जिल्ला प्रशासन कार्यालय कैलाली) ।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **विजय पाण्डेय**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, साविक रामपुर विलासीपुर गा.वि.स./न.पा वडा नं. ०२ स्थित कित्ता नं. ४३७ को क्षेत्रफल ८२७० (व.मी.) को जग्गा र ऐ.ऐ. वडा नं. ७ स्थित कित्ता नं. १०४९ को क्षेत्रफल ३७१० (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ ९ गते** भित्र बैंकको शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०८० जेठ १० गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार २६ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

खेलाडीलाई तलब र पुरस्कार रकम नदिएको एन्फाले पदाधिकारीको भने तलब बढायो

एन्फा बैठकले पदाधिकारीमा सन्तुलन बनाउन तीन सहमहासचिवको प्रतिमहिना तलबमा २५ हजार रुपैयाँ वृद्धि गरेको छ

राष्ट्रिय फुटबल टोलीका खेलाडी पाँच महिनादेखि तलबविहीन मात्र बनेनन् च्याम्पियन भएबापत घोषित पुरस्कार रकमसमेत एन्फाबाट पाएका छैनन्



रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले खेलाडीलाई दिने भनिएको घोषित पुरस्कार, पारिश्रमिक र भत्ता दिन सकेको छैन । तर, एन्फाको सोमबार बसेको आपत्कालीन बैठकले पदाधिकारीहरूको तलब वृद्धि गरेको छ । एन्फाले तीन सह-महासचिवको तलब २५ हजार रुपैयाँ बढाएको छ । यसअघि एन्फाले तीन सह-महासचिव बद्री भट्टराई, अरुणमान जोशी र वसन्त अर्याललाई ५० हजार रुपैयाँ प्रतिमहिना प्रदान गरेको थियो । अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षतामा बसेको आपत्कालीन बैठकले उनीहरूको प्रतिमहिनाको तलबमा २५ हजार वृद्धि गरेको हो ।

यद्यपि, एन्फाले बैठकको निर्णय सबै सार्वजनिक गरे पनि तीन सह-महासचिवको तलब वृद्धि उल्लेख गरेको छैन । एन्फाले यसलाई गोप्य रूपमा राखेको छ । जोशी श्री स्टारका अध्यक्ष, अर्याल मोरङ जिल्ला फुटबल संघका प्रतिनिधित्व र भट्टराई निर्वाचन कमिटीका सदस्य हुन् ।

यसैगरी, एन्फा प्रवक्ता सुरेश शाहलाई ६२ हजार र सहकोषाध्यक्ष पूर्णमान चित्रकारलाई ३५ हजार मासिक तलब दिने एन्फाले निर्णय गरेको छ । एन्फाका महासचिव किरण राई धेरै तलब थाप्नेमा पर्छन् । उनको मासिक तलब एक लाख २० हजार रुपैयाँ छ । त्यसपछि प्रशासनिक रूपमा कार्यरत कोषाध्यक्ष रवीन्द्र जोशीले प्रतिमहिना ९५ हजार रुपैयाँ लिने गर्छन् । चार वर्षभित्र महासचिवको तलब ९५ हजारबाट एक लाख २० हजार रुपैयाँ पुऱ्याएको छ । तत्कालीन एन्फा अध्यक्ष नरेन्द्र श्रेष्ठको कार्यकालमा महासचिवले प्रतिमहिना ६५ हजार ५ सय ५० रुपैयाँ लिन्थे । श्रेष्ठपछि अध्यक्ष भएका कर्माछिरिङ शेर्पाले महासचिवको प्रतिमहिना पारिश्रमिक एकैपटक ९५ हजारबाट एक लाख २० हजार पुऱ्याए । शेर्पाकै कार्यकालमा खेलाडी, कार्मचारी, रेफ्री तथा प्राविधिकहरूको मासिक तलब वृद्धि भएको थियो ।

पछिल्लो समय एन्फामा आर्थिक संकट उत्पन्न भएको छ । आर्थिक रूपमा कमजोर भएको एन्फाले गरेको पदाधिकारीको तलब वृद्धिको निर्णय राम्रो मानिएको छैन । एन्फा अध्यक्षले आन्तरिक विवाद मिलाउन यस्तो कार्य गरेको कार्यसमितिका एक सदस्यले बताए । 'आर्थिक संकट परेका कारण नै एन्फाले खेलाडीलाई घोषित पुरस्कार, पारिश्रमिक, अभ्यास भत्ता र म्याच फी दिन सकेको छैन, यस्तो अवस्थामा पदाधिकारीको तलब वृद्धि हुनु भनेको निन्दनीय कार्य हो,' उनले भने, 'यो सबैलाई सन्तुलित राख्न काम भएको देखिन्छ, यस्तो किसिमको निर्णयले एन्फा आर्थिक रूपमै टाट पल्टिन सक्छ ।'

यसैबीच, बैठकले एन्फाको सन् २०२३ को बजेट ६७ करोड ८ लाख १५ हजार दुई सय २९ रुपैयाँ पारित गरेको छ । स्थानीय सरकार तथा सरोकारवालाहरूसँगको सहकार्यमा न्यूनतम ३ महिला एकेडेमी, दुई पुरुष र ६ वटा क्लबले सञ्चालन गरेको एकेडेमीको निरन्तर सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ ।

खेलाडी पाँच महिनादेखि तलबविहीन

पदाधिकारीहरूको तलब वृद्धि भए पनि खेलाडीहरूले पछिल्लो पाँच महिनादेखि पारिश्रमिक पाएका छैनन् । राष्ट्रिय फुटबल टोलीका पुरुष र महिला खेलाडीले पाँच महिनादेखि तलब नपाएका हुन् । उनीहरूको मासिक तलब समान १८ हजार रुपैयाँ छ । श्रेष्ठको कार्यकालमा पुरुष खेलाडीले १५ हजार र महिलाले सात हजार प्रतिमहिना तलबका रूपमा लिन्थे । निवर्तमान अध्यक्ष शेर्पाले महिला पुरुष खेलाडीको प्रतिमहिनाको तलब बराबर पुऱ्याएका थिए । 'हामीले पाँच महिनादेखि एन्फाबाट तलब नै पाएका छैनौं,' राष्ट्रिय पुरुष टोलीका एक खेलाडीले नयाँ पत्रिकासँग भने, 'खेलाडीले तलब नपाइरहेको अवस्थामा पदाधिकारीहरूको तलब वृद्धि हुनु राम्रो पक्ष होइन ।'

यसैगरी, एक खेलाडीले एक वर्षदेखिको अभ्यास भत्ता र म्याच फी नपाएको गुनासो नयाँ पत्रिकासँग गरेका छन् । 'हामीले भत्ता नपाएको लगभग एक वर्षजति भयो,' ती खेलाडीले भने, 'एन्फा नेतृत्वले भत्ता, बाँकी पुरस्कारसँगै पारिश्रमिक भुक्तानी नगरेपछि हामीले बोल्ने छाड्यौं ।' सन् २०१७ को यू-१८ साफ च्याम्पियनसिप उपाधि जित्दा एन्फाले घोषणा गरेको दुई लाखमध्ये एक लाख पुरस्कार मात्र खेलाडीलाई दिएको छ । दक्षिण एसियाली खेकलुद (साग)मा स्वर्ण पदक जित्दा घोषित पुरस्कार, महिला टोलीले साफ उपविजेता हुँदा, श्री नेसन्स कप जित्दाको घोषित पुरस्कार रकम खेलाडीले अहिलेसम्म पाएका छैनन् । खेलाडीले मात्र नभएर रेफ्रीले समेत एन्फाबाट विगत पाँच महिनादेखि पारिश्रमिक नपाएको जनाएका छन् ।

सन्तुलन मिलाउन शाही र खतिवडालाई पद

पछिल्लो समय एन्फाका उपाध्यक्षद्वय विराटजंग शाही र दीपक खतिवडाले अध्यक्ष नेम्वाङको कार्यशैलीप्रति विरोध जनाउँदै आएका थिए । तर, नेम्वाङले यी दुवै पदाधिकारीलाई आफ्नो पक्षमा ल्याउन सफल भए । आपत्कालीन बैठकले शाही र खतिवडालाई ठूलो जिम्मेवारी सुम्पिएको छ । ए डिभिजन लिगको १६औं चरण चलिरहँदा उपाध्यक्ष शाहीले लिग कमिटीको संयोजक जिम्मेवारी पाएका छन् । खतिवडालाई आपत्कालीन समितिको सदस्यमा मनोनयन गरिएको छ ।

नेम्वाङले कार्यसमितिमा सन्तुलन बनाउन आफूनिकट विकासनारायण श्रेष्ठलाई समितिको सदस्यबाट राजीनामा दिलाएका छन् । यसैगरी, खतिवडालाई मिसन फिफा महिला विश्वकप २०२७/०३१ को संयोजक बनाइएको छ । यस कमिटीमा सरिला श्रेष्ठ र पेमाडोल्मा लामा सदस्य हुन् । नेम्वाङले असन्तुष्ट पदाधिकारीलाई आफ् नोतिर ल्याउँदा बहुमत सदस्य पुऱ्याउने योजना सफल पारेका छन् । एएफसीले वैधानिक नमानेको १७ फागुनमा बसेको बैठकमा खतिवडा र शाहीसहित ११ केन्द्रीय सदस्यले अध्यक्ष नेम्वाङले डाकेको बैठक छाडेका थिए ।

पुलिस र मनाङले अंक बाँडे



नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

सहिद स्मारक ए डिभिजन लिगको सोमबार १६औं चरणमा नेपाल पुलिस र मनाङ मर्स्याङ्दीले अंक बाँडेका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मनाङ र पुलिसले २-२ गोलको बराबरी खेलेका हुन् । पहिलो लेगमा मनाङमाथि पुलिसले १-० को जित निकालेको थियो । पुलिस दोस्रो लेगमा मनाङमाथि हावी भएको थियो । पुलिस अग्रता जोगाउन नसक्दा अंक बाँड्न बाध्य भएको हो । मनाङका रोशन रानामगर र साइदजमोलले एक-एक गोल गरे ।

पुलिसका लागि दुवै गोल लेबनानका अहमद हिजाजीले गरेका थिए । 'पहिलो हाफमा लिएको अग्रता जोगाउन नसक्दा अंक बाँड्न बाध्य भयौं,' पुलिसका प्रशिक्षक चेतकुमार घिमिरेले भने । उनले लिगमा ३ वा ४ खेलमा नतिजा ल्याउँदै रेलिगेसनबाट उम्कने योजना रहेको बताए । 'विदेशी खेलाडीको उपस्थितिमा राम्रो भएको छ । आगामी ३-४ खेल जितेपछि हामी मध्यक्रममा रहँदै लिग टुंग्याउनेछौं,' घिमिरेले भने ।

१६औं खेलमा छैठौं बराबरीसँगै मनाङ २० अंक जोडेर सातौं स्थानमा छ । पुलिस समान खेलबाट चार जित र आठ बराबर नतिजा निकाल्दै १६ अंकका साथ पुछारमा छ । मनाङका प्रशिक्षक विष्णु गुरुङले अग्रता जोगाउन नसक्दा जितबाट टाढा रहेको बताए । 'हामी कुनै समय २-१ को अग्रतामा थियौं । यो जोगाउन सकेनौं,' उनले भने ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा पुलिसले सुरुवाती अग्रता लियो । खेलको १६औं मिनेटमा हिजाजीले पुलिसलाई १-० को अग्रता दिलाए । खेलको ३३औं मिनेटमा रोशनले एकल प्रयासमा उत्कृष्ट गोल गर्दै मनाङलाई १-१ को बराबरीमा ल्याए । ४५औं मिनेटमा साइदजमोलले मनाङलाई २-१ को अग्रता दिलाए । ७१औं मिनेटमा रवि पासवानको पासमा हिजाजीले व्यक्तिगत दोस्रो गोल गर्दै पुलिसलाई २-२ को बराबरीमा ल्याएका थिए ।

खुमलटारसँग फ्रेन्ड्सको बदला

फ्रेन्ड्स क्लबले रेलिगेसन क्षेत्रमा रहेको खुमलटारमाथि बदला लिएको छ । पहिलो लेगमा बेहोरेको १-० हारको बदला लिँदै दोस्रो लेगमा फ्रेन्ड्सले खुमलटारलाई ३-१ ले हरायो । च्यासल मैदानमा फ्रेन्ड्सलाई जित दिलाउन राफिक अमिनुल दुई तथा सन्तोष खत्रीले एक गोल गरेका थिए । खुमलटारका लागि मेसुके ओलोमोउले एक गोल फर्काएका हुन् ।

जितसँगै फ्रेन्ड्स १६ खेलबाट १९ अंकसहित नवौं स्थानमा उक्लिएको छ । खुमलटार समान खेलबाट १७ अंक जोड्दै १३औं स्थानमा झरेको छ । खेलको चौथो मिनेटमा अमिनुको गोलमा फ्रेन्ड्सले अग्रता बनाएको थियो । १६औं मिनेटमा अमिनुले फ्रेन्ड्सलाई २-० को स्थितिमा राखे । खेलको ६७औं मिनेटमा मेसुकेले गोल गर्दा खुमलटार खेलमा २-१ को अवस्थामा थियो । ६८औं मिनेटमा सन्तोषले गोल गरेपछि फ्रेन्ड्स सहज जित निकाल्न सफल भयो ।

लेबनानले साफ च्याम्पियनसिप खेल्ने

नयाँ पत्रिका
काठमाडौं, २५ वैशाख

१४औं दक्षिण एसियाली पुरुष फुटबल च्याम्पियनसिप (साफ) मा लेबनानले पनि प्रतिस्पर्धा गर्ने भएको छ । असार ६-१८ सम्म भारतको बेंग्लोरमा हुने १४औं साफ च्याम्पियनसिपमा लेबनानलाई आमन्त्रित टोलीका रूपमा समावेश गरिएको हो । यसअघि कुवेतले पनि प्रतियोगितामा भाग लिने निश्चित गरिसकेको छ । लेबनान फिफा वरीयता ९९औं र कुवेत १ सय ४३ औं स्थानमा छन् ।

यसअघिका संस्करणमा दक्षिण एसियाका ६ टोलीले मात्र प्रतिस्पर्धा गरेका थिए । १४औं संस्करण बंगलादेशमा हुने भनिएको थियो । तर, बंगलादेशले विभिन्न कारण देखाउँदै प्रतियोगिता आयोजना गर्न नसकिने जनायो । त्यसपछि भारतले प्रतियोगिताको आयोजना गर्ने भनियो । पछिल्लो संस्करणको फाइनलमा नेपाल भारतसँग पराजित भएको थियो । साफ च्याम्पियनसिपको इतिहासमा नेपाल पहिलोपटक फाइनलमा पुगेको थियो ।

नेपाललाई तत्कालीन प्रशिक्षक अब्दुल्ला अलमुताइरीले ऐतिहासिक रूपमा फाइनल स्थान पक्का गराएका थिए । माल्दिभ्समा भएको प्रतियोगितामा भुटान र पाकिस्तानले सहभागिता जनाएनन् । यसपटक आयोजक भारत, नेपाल, माल्दिभ्स, पाकिस्तान, भुटान र बंगलादेशले भाग लिनेछन् । फुटबलको सर्वोच्च निकाय फिफाको निलम्बनमा रहेका कारण श्रीलंकाले प्रतिस्पर्धा गर्नेछैन ।

सन्दीपको शल्यक्रिया सम्पन्न

काठमाडौं/ नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका लेग स्पिनर सन्दीप लामिछानेको सोमबार शल्यक्रिया सम्पन्न भएको छ । दुई वर्षदेखि छालाको समस्याबाट ग्रसित लामिछानेले चिकित्सकको सल्लाहअनुसारै शल्यक्रिया गरेका हुन् । पछिल्लो समय नेपाली राष्ट्रिय क्रिकेट टोली अन्तर्राष्ट्रिय खेलमा व्यस्त रहँदा सन्दीपले शल्यक्रिया गर्न समय पाएका थिएनन् ।

तत्कालै नेपाली टोलीले कुनै पनि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता नजनाउने भएपछि 'ब्रेक' समयमा सन्दीपले शल्यक्रिया गराएका हुन् । सन्दीपलाई केही दिन आराम गर्न भनिएको छ । सम्भवतः सन्दीप मंगलबार नै अस्पतालबाट डिस्चार्ज हुन सक्छन् ।

सन्दीप दुई साताभित्र नै प्रशिक्षणमा फर्कन सक्छन् । शल्यक्रियापछि सन्दीपले सोसल मिडियाबाटै धन्यवाद दिएका छन् । 'लामो प्रतिक्षापछि शल्यक्रिया सफल भएको छ, शुभकामनाका लागि सबैलाई धन्यवाद । चाँडै मैदानमा फर्कने आशा,' सन्दीपले भनेका छन् ।

सन्दीपले राष्ट्रिय टोलीमा पुनरागमन गरेसँगै उत्कृष्ट प्रदर्शन गर्दै आइरहेका छन् । नेपाल आइसिसी एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा स्थान बनाउन सन्दीपको योगदान मुख्य मान्न सकिन्छ । यसैगरी, नेपाल २१ वर्षपछि एसिया कपमा स्थान



तस्बिर सौजन्य : सन्दिपको सामाजिक सञ्जालबाट

बनाउन सन्दीप ब्याटिङ र बलिङमा चम्केका थिए ।

गत साता त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा एसिसी प्रिमियर कपको फाइनलमा नेपालले युएईलाई हराउँदै आउने सेप्टेम्बरमा पाकिस्तानमा हुने एसिया कपमा स्थान पक्का गरेको थियो । एसिया कपमा नेपालले समूह 'ए'मा पाकिस्तान र भारतविरुद्ध नेपालले प्रतिस्पर्धा गर्नेछ । एसिसी प्रिमियर कपमा सन्दीप सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए । प्रतियोगिताको समूह 'ए'मा सन्दीपले कतारविरुद्ध पाँच विकेट लिएका थिए ।

खेल संक्षेप

माउन्टेन रेसको उपाधि राजेशलाई

काठमाडौं/ इन्दुरो रत्नाङ्गे माउन्टेन रेस प्रतियोगिताको उपाधि राजेश मगर र निश्मा श्रेष्ठले जितेका छन् । सोलुखुम्बुको रत्नाङ्गेमा आयोजना भएको प्रतियोगितामा पुरुष इलिटमा राजेशले आठवटा स्टेज रेसमा उत्कृष्ट प्रदर्शन गर्दै उपाधि हात पारेका हुन् । यसै विधामा क्रिस्टोफर किलिङ्स दोस्रो भए । पुरुषतर्फ तेन्गी रो तेस्रो भएका छन् । राजेशले ३० हजार, क्रिस्टोफरले २० हजार र तेन्गीले १० हजार रुपैयाँ पाएका छन् । महिलातर्फ निश्माले लक्ष्मी मगरलाई निराश पार्दै ट्रफी चुमेकी हुन् । महिला विधामा उषा खनाल तेस्रो भइन् । निश्माले ३० हजार, लक्ष्मीले २० हजार र उषाले १० हजार रुपैयाँ पाएको आयोजकले जनाएको छ । पुरुषतर्फको मास्टर्स विधामा दिनेश महर्जन पहिलो भएका छन् ।

बास्केटबलमा वडा २ पहिलो

काठमाडौं/ १०औं कीर्तिपुर नगरपालिका अन्तर वडा पुरुष बास्केटबल प्रतियोगिताको उपाधि वडा २ ले जितेको छ । यसैगरी, महिलातर्फको उपाधि वडा ४ ले हात पारेको छ । कीर्तिपुर बास्केटबल एसोसिएसन र कीर्तिपुर नगरपालिकाको संयुक्त आयोजनामा भएको प्रतियोगिताको पुरुष फाइनलमा वडा २ ले वडा ३ लाई ५१-४४ ले पराजित गऱ्यो । वडा २ का प्रवीण गुरागाईंले सर्वाधिक १६ स्कोर गरेका थिए । पुरुष र महिला दुवैमा पहिलो हुनेले २० हजार रुपैयाँ जितेका छन् । उपविजेताले १५ हजार रुपैयाँ पाएको आयोजकले जनाएको छ । पुरुषमा वडा २ का नरेश महर्जन तथा महिलामा वडा ४ की मुना महर्जन 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए ।

सुर्खेतमा रिङ रेस्लिङ हुने

काठमाडौं/ मदन भण्डारी स्पोर्टस् एकेडेमीको रिङ रेस्लिङ विभागको आयोजनामा दोस्रो मदन भण्डारी रिङ रेस्लिङ महाभिडन्त राष्ट्रिय प्रतियोगिता १३ जेठमा सुर्खेतमा हुने भएको छ । मदन स्मृतिको अवसरमा रिङ रेसलिङ आयोजना हुन लागेको एकेडेमीका केन्द्रीय उपाध्यक्ष तेजविक्रम बस्नेतले सोमबार सुर्खेतमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । मदन भण्डारी स्पोर्टस् एकेडेमीले घोषणा गरेको विविध खेलकुदअन्तर्गत रेस्लिङको दोस्रो संस्करण सुर्खेतमा हुन लागेको नेपाल रिङ रेस्लिङ संघकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिइन् ।

भलिबलको ट्रफी सार्वजनिक

काठमाडौं/ एनएससी-काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगिताको ट्रफी सोमबार सार्वजनिक गरिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले ट्रफी सार्वजनिक गरेका हुन् । प्रतियोगिता ८ जेठदेखि त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा हुँदै छ । प्रतियोगितामा दक्षिण र मध्यएसियाबाट ८ राष्ट्रको सहभागिता रहने नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी गराए । नेपाल, बंगलादेश, माल्दिभ्स, भारत, श्रीलंका, किर्गिस्तान, उज्वेकिस्तान र कजाकिस्तानले भाग लिनेछन् । सदस्यसचिव घिसिङले नेपाली टोलीलाई ह्याट्रिक उपाधिका लागि शुभकामना दिए । 'दुईपटक उपाधि जितेर आफूलाई प्रमाणित गरिसक्नुभएको छ । तपाईंहरूले फेरि उपाधि जितेर ह्याट्रिक गर्दै इतिहास रच्नुहुनेछ,' सदस्यसचिव घिसिङले भने ।

प्रशिक्षणमा फर्किए मेसी

पेरिस/ पेरिस सेन्ट जर्मेन (पिएसजी)को कारबाहीमा परेका अर्जेन्टिनी स्ट्राइकर लियोनल मेसी सोमबारदेखि प्रशिक्षणमा फर्किएका छन् । मेसीले पिएसजीका सीमित खेलाडीसँग प्रशिक्षण गरेका छन् । यति वेला मेसी पिएसजीको कारबाहीमा छन् ।

आफूआबद्ध क्लब पिएसजीलाई जानकारी नदिई साउदी अरेबियामा बिदा मनाउन पुगेपछि मेसी कारबाहीमा परेका हुन् । पिएसजीले मेसीलाई दुई साता प्रशिक्षण गर्न नपाउने भनी कारबाही गरेको छ । गत शुक्रबार मेसीले आत्मालोचना गर्दै क्लब र समर्थकसँग माफी मागेका थिए ।

मेसीले आफूबाट गल्ती भएको र आउँदा दिनमा यस्ता गतिविधि नहुने विश्वास दिलाएपछि पिएसजी लचिलो भएको हो । पिएसजीले सोमबार दिउँसोदेखि नै मेसीलाई अन्य खेलाडीसँगै प्रशिक्षण गर्न अनुमति दिएको छ । पिएसजीले आइतबार राति फ्रेन्च लिग वानमा ट्रोयसलाई ३-१ ले हराउँदा मेसीले प्रतिस्पर्धा गरेका थिएनन् । ३५ वर्षीय मेसी छिटै खेलमा फर्किने विश्वास गरिएको छ ।

अहिले पिएसजीले शीर्ष स्थानमा लेन्समाथि ६ अंकको अग्रता लिएको छ । लिग वानमा पिएसजीले चार खेल खेल्न बाँकी छ । साउदी अरेबियाको पर्यटक सद्भाव राजदूत भएबापत मेसीले प्रतिवर्ष २५ लाख मिलियन पाउन्ड पाउँछन् । साउदी अरेबियाले कुनै पनि समयमा पर्यटनसम्बन्धी प्रचार प्रसार गर्न मेसीलाई बोलाउन सक्ने सम्झौता गरेको छ । गत साता मेसीले आफ्नी श्रीमती रोकुजासाथै बच्चाहरू सिरो तथा माटेओसँगै साउदी अरेबिया भ्रमण गरेका थिए ।

मेसीले साउदी अरेबिया पुगेलगत्तै परिवारसँगै राजधानी रियादको फोटो सोसल मिडियामा पोस्ट गरे । त्यसपछि मात्र पिएसजीले मेसी साउदी अरेबिया पुगेको थाहा पाएको थियो । मेसी अनधिकृत रूपमा साउदी अरेबिया पुगेको र क्लबको प्रोटोकल तोडेको ठहर पिएसजीको छ । मेसीले आफ् ना बुबासँग कुराकानी गर्दै क्लबसँग माफी मागेको एजेन्सीले जनाएको छ ।

> पिएसजीको कारबाहीमा परेका लियोनल मेसीले सोमबारदेखि नियमित प्रशिक्षण थालेका छन्



कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

क्याटलग सपिङ्ग विधिबाट ट्रयाक्टर खरिदका लागि आह्वान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०१/२६)

कमलामाई नगरपालिको चालु आ.ब. २०७९/८० मा सरसफाई प्रयोजनका लागि ट्रयाक्टर खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) अनुसार इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको अधिकृत /आधिकारिक विक्रेताले कम्पनी/फर्म दर्ता, भ्याट दर्ता, ऐजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization, कमलामाई नगरपालिका क्षेत्र भित्र व्यावसाय सञ्चालन गरिआएको भए व्यावसाय कर तिरेको प्रमाण र आ.ब. २०७८/७९ को आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपिहरु समावेश गरि सूचना प्रकाशित भएको मितिले ७ (सात) औ दिन कार्यालय समय भित्र यस कार्यालयको मौजुदा सूचीमा सूचीकृत हुन र उल्लेखित साधन उपलब्ध गराउन इच्छुक आपूर्तिकर्ताले आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) सिलबन्दी गरी कार्यालयको खरिद इकाईमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । सूचनाको Technical Specification का लागि नगरपालिकाको Website: kamalamaimun.gov.np मा हेर्न सकिनेछ ।

तपशिल

सि. नं.	ठेक्का नं.	उपकरणको नाम	संक्षिप्त विवरण	संख्याँ	कैफियत
१	KAM/G/ Cat-Shop/ 02/079-80	TRACTOR (35-40) HP	Weight of vechile shall not be less than 1800 kg, 4 stroke, at least 3 cylinders diesel engine, Max. Power Output in range (40±5) HP @ rated rpm, minimum Lifting Capacity 1000 kg, Standard size, minimum warranty valid for one year after the date of acceptance, Heavy Duty Single Dry Plate Type/Dual, Chassis and Frame-Steel Heavy Duty with toe-hooks .	१ थान	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु Technical specification बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com